# पाल्पा जिल्लाको

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

# २०८०

प्रकाशक

जिल्ला विपद व्यवस्थापन समिति

पाल्पा

# पाल्पा जिल्लाको नक्सा



पाल्पा जिल्ला
पर्वत
गुल्मी
स्याङ्जा
तनहुँ
अर्घाखाँची
तानसेन
२ (क)
बगनासकाली
रम्भा
रामपुर
रिब्दीकोट
रैनादेवी छहरा
तिनाउ
२ (ख)
पूर्वखोला
१ (क)
निस्दी
माथागढी
१ (ख)
कपिलवस्तु
रुपन्देही
नवलपरासी
संकेत चिन्ह
निर्वाचन क्षेत्र सिमाना
स्थानीय तह सिमाना
वडा सिमाना
स्थानीय निकाय
नेपाल

मिति २०८०।४।३१ गते जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७९ अध्यावधिक गर्न बसेको

बैठकको फोटोहरु





मिति २०८०।४।३१ गते जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७९ अध्यावधिक गर्न बसेको बैठकको फोटोहरु

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
पाल्पा, तानसेन

☎ ०७५ { ५२०१२३ ५२०१२४ ५२०१२५

Email: daopalpa@gmail.com

Website: www.daopalpa.moha.gov.np

च.नं.
प.सं.:२०८०/८१

## प्रमुख जिल्ला अधिकारीको भनाई

पाल्पा जिल्ला विपद्का घट्ना र जोखिमका दृष्टिले उच्च जोखिम नै रहेको जिल्ला हो । पहिरो, आगलागी (वनडढेलो), सडक दुर्घटना, चट्याङ्, बाढी, हुरी बतास जस्ता विपद्का घट्ना बर्षेनी उल्लेख्य मात्रामा भई जनधनको अपुरणीय क्षति यस जिल्लाले सहदै आइरहेको छ । विपद्का घटना हुन नदिन, न्यूनिकरण गर्न विपद् आइपर्दा तत्काल उद्दार, राहत, पुनस्थापना र पुनर्निर्माणका लागि प्रभावकारी योजना र सो को कार्यान्वयन गर्नका लागि विगतका लामो वर्षहरु देखि तर्जुमा गरिदै आइरहेको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनालाई हरेक बर्ष परिमार्जन र अध्यावधिक गरिदै आइरहेको छ । यसै क्रममा पाल्पा जिल्लाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना -२०८० अद्यावधिक गरिएको छ । नेपालको संविधानको अनुसूचि -७ मा विपद् व्यवस्थापनलाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचिमा राखिएकाले पनि विपद् व्यवस्थापनमा सबैको योगदान अपरिहार्य रहेको छ। जिल्लामा कियाशिल राजनीतिक दल, संघ, प्रदेश र स्थानीयतहका सवै सार्वजनिक कार्यालयहरु, पदाधिकारीहरु, निजी क्षेत्र, सहकारी, राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संस्था, नागरिक समाज,सञ्चार क्षेत्र सबैको सक्रिय भूमिकाले विपद् व्यवस्थापन गर्न सकिने गरी यो योजना अद्यावधिक गरिएको छ ।नेपालको संविधानको अनुसूचि -८ मा स्थानीय तहको एकल अधिकारको सूचिमा विपद् व्यवस्थापन रहेकाले प्रारम्भिक विपद् व्यवस्थापनमा स्थानीय तहको भूमिका उच्च अपेक्षा हुनु स्वभाविक छ । स्थानीय तहवाट आ-आफ्नो विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अध्यावधिक र स्थानीय विपद् जोखिम व्यवस्थापन तथा जलवायु अनुकुलले योजना तर्जुमा र कार्यान्वयनले उच्च प्राथमिकता पाउने अपेक्षा गरिएको छ ।

विगतका बर्षहरुमा जिल्लामा विपद् व्यवस्थापनमा नेपाल सरकार, संघीय व्यवस्थापिकाका माननीयज्यूहरु, प्रदेश सभाका माननीयज्यूहरु, स्थानीय तह, जिल्लाका राजनीतिक दलका नेतृत्व, स्थानीय जनसमुदाय, जिल्लामा रहेका सुरक्षा निकाय लगायत सबै कार्यालयहरु, राष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज, पत्रकार, राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संस्था सबैको योगदान प्रति कृतज्ञता प्रकट गर्दै यो योजना कार्यान्वयनमा पनि सहकार्य र सहयोग प्राप्त हुने विश्वास गरेको छु ।

२०८० श्रावण

बन्धु प्रसाद बास्तोला
प्रमुख जिल्ला अधिकारी

## शव्दसङ्क्षेप

| | | |
|---|---|---|
| अगैसस | : | अन्तर्राष्ट्रिय गैरसरकारी संस्था |
| आरडिटी | : | र्‍यापिड डाइग्नोसिस टेस्ट |
| आकासके | : | आपतकालीन कार्यसञ्चालन केन्द्र |
| किमी | : | किलोमिटर |
| गापा | : | गाउँपालिका |
| नपा | : | नगरपालिका |
| जिप्रका | : | जिल्ला प्रशासन कार्यालय |
| जिविव्यस | : | जिल्ला विपद् व्यवस्थापन समिति |
| जिसस | : | जिल्ला समन्वय समिति |
| नेरेसो | : | नेपाल रेडक्रस सोसाइटी |
| निमावि | : | निम्न माध्यमिक विद्यालय |
| प्रावि | : | प्राथमिक विद्यालय |
| पिसिआर | : | पोलिमराइज चेन रियाक्सन |
| मावि | : | माध्यमिक विद्यालय |
| मिली | : | मिलिलिटर |
| शिविसइ | : | शिक्षा विकास तथा समन्वय इकाइ |
| सप्रबल | : | सशस्त्र प्रहरी बल |
| सावउस | : | सामुदायिक वन उपभोक्ता समूह |
| साविका | : | सामुदायिक विकास कार्यक्रम |
| स्वाका | : | स्वास्थ्य कार्यालय |
| CRRT | : | Community Rapid Response Team |
| GBV | : | Gender Based Violence |
| IRA | : | Initial Rapid Assessement |
| MIRA/मिरा | : | Multi Cluster Initial Rapid Assessement |
| MISP | : | Malware Information Sharing Plateform |
| OCMC | : | One-stop Crisis Management Center |
| RRT | : | Rapid Response Team |
| TLC | : | Temporary Learning Center |

# बिषयसूचि

**परिच्छेद १**

**योजनाको परिचय**

१.१पृष्ठभूमिः ..... १

१.१.१ पाल्पा जिल्लाको सामान्य परिचयः ..... १

१.२ प्रतिकार्य योजनाको उद्देश्य ..... १४

१.३ प्रतिकार्य योजनाको लक्षित समूह ..... १४

१.४ प्रतिकार्य योजना तर्जूमा प्रक्रिया र सहभागिता ..... १४

१.५ प्रतिकार्य योजनाको उपयोग र प्रयोग ..... १४

१.६ प्रतिकार्य योजनाको आवश्यकता तथा महत्व ..... १५

१.७ प्रतिकार्य योजनाका सीमा ..... १५

**परिच्छेद २**

**विपद्को अवस्था तथा पूर्वानुमान**

२.१ विपद्को अवस्था ..... १६

२.२ नगरपालिका तथा गाउँपालिकाको संकटाउन्मुख स्तरीकरणः ..... १६

२.३ निकायगत भूमिका तथा जिम्मेवारी ..... १८

२.४ क्षेत्रगत (Cluster) अगुवाहरुको विवरण ..... २०

२.५ सहयोगी निकायहरूमा अपुग/अभाव (GAP)देखिएका सामाग्री, स्रोत साधन र क्षमता ..... २१

**परिच्छेद :- ३**

**पूर्वतयारी तथा प्रतिकार्य योजना**

३.१ विषयगत क्षेत्रः सूचना, सर्वेक्षण तथा समन्वय ..... २२

३.१.१ विषयगत क्षेत्रको सदस्यहरुको सूचीः ..... २२

३.१.२ विपद्पश्चातको सम्भावित परिदृष्यः ..... २३

३.१.३ क्षेत्रगत उद्देश्यः ..... २३

३.१.४ समष्टिगत उद्देश्यः ..... २३

३.१.५ पूर्व सूचना प्रणाली ..... २३

**परिच्छेद ४**

**पाल्पा जिल्लाको विपद् जोखिम न्यूनिकरण, पूर्व तयारी तथा प्रतिकार्य योजना**

४.१ पूर्वतयारी योजनाः ..... २४

४.२प्रतिकार्य योजनाः ..... २६

४.३जिल्ला विपद् व्यवस्थापन समितिले गर्नु पर्ने कार्य तथा तयारीहरु ..... २६

४.५ कोभिड-१९ पूर्वतयारी र प्रतिकार्य योजना ..... २९

४.६ विषयगत क्षेत्रः खोज तलास तथा उद्धार ..... २९

४.६.२ विपद् पश्चातको सम्भावित परिदृष्यः ..... ३०

४.६.३ समष्टिगत उद्देश्यः ..... ३०

४.६.४ विशिष्ट उद्देश्यः ..... ३०

४.६.५ मानवीय सहयोगका न्यूनतम मापदण्डः ........ ३०
४.६.६ पूर्वतयारी कार्ययोजनाः ........ ३१
४.६.७ विपद् प्रतिकार्य कार्ययोजनाः ........ ३२
४.६.८ पाल्पा जिल्लाको विपद प्रतिकार्यमा सुरक्षा निकायहरुको परिचालन ........ ३३
४.६.९ जिल्लाको मौजुदा उद्दार सामग्रीहरु ........ ३४
६.६.१० विपद् व्यवस्थापनका लागि थप आवश्यक पर्ने सामाग्रीहरु ........ ३६
४.७ विषयगत क्षेत्रः आपतकालीन आवास तथा गैरखाद्य सामाग्री ........ ३७
४.७.१ क्षेत्रगत सदस्यहरूको सूचीः ........ ३७
४.७.२ विपद् पश्चातको सम्भावित परिदृष्यः ........ ३७
४.७.३ समष्टिगत उद्देश्यः ........ ३८
४.७.४ मानवीय सहयोग सम्बन्धी न्यूनतम मापदण्ड ........ ३८
४.७.५ पूर्वतयारी कार्ययोजनाः ........ ४०
४.७.६ विपद् प्रतिकार्य कार्ययोजनाः ........ ४१
४.७.७ निकायगत स्रोत साधनको आंकलनः ........ ४२
४.८ विषयगत क्षेत्रः कृषि तथा खाद्य ........ ४२
४.८.१ क्षेत्रगत सदस्यहरूको सूचीः ........ ४२
४.८.२ विपद पश्चातको सम्भावित् परिदृष्यः ........ ४२
४.८.३ समष्टिगत उद्देश्यः ........ ४३
४.८.४ विशिष्ट उद्देश्यः ........ ४३
४.८.५ मानवीय सहयोगको मापदण्डः ........ ४३
४.८.६ पूर्वतयारी कार्ययोजनाः ........ ४३
४.८.७ विपद् प्रतिकार्य कार्ययोजनाः ........ ४४
४.८.८ निकायगत स्रोत साधनको आंकलनः ........ ४६
४.९विषयगतक्षेत्रःखानेपानीतथासरसफाई ........ ४७
४.९.१ क्षेत्रगत सदस्यहरूको सूचीः ........ ४७
४.९.२ विपद् पश्चातको सम्भावित परिदृष्यः ........ ४७
४.९.३ समष्टिगत उद्देश्यः ........ ४७
४.९.४ विशिष्ट उद्देश्यः ........ ४७
४.९.५ मानवीय सहयोगको न्यूनतम मापदण्ड ........ ४७
४.९.६ पूर्वतयारी कार्ययोजनाः ........ ४८
४.९.७ विपद् प्रतिकार्य कार्ययोजनाः ........ ४९
४.९.८ निकायगत स्रोतको आंकलनः ........ ५१
४.१० विषयगत क्षेत्रः स्वास्थ्य तथा पोषण ........ ५२
४.१०.१ क्षेत्रगत सदस्यहरूको सूचीः ........ ५२
४.१०.२ विपद्पश्चातको सम्भावित परिदृष्यः ........ ५२
४.१०.३ समष्टिगत उद्देश्यः ........ ५२
४.१०.४ विशिष्ट उद्देश्यः ........ ५२
४.१०.५ मानवीय सहयोग सम्बन्धी न्यूनतम मापदण्डः ........ ५३

४.१०.६ पूर्वतयारी कार्ययोजनाः ..... ५३
४.१०.७ विपद् प्रतिकार्य कार्ययोजनाः ..... ५५
४.१०.८ निकायगत स्रोतको आंकलनः ..... ५८
४.११ विषयगत क्षेत्रः शिक्षा ..... ५९
४.११.१ क्षेत्रगत सदस्यहरूको सूचीः ..... ५९
४.११२ विपद् पश्चातको सम्भावित परिदृष्यः ..... ५९
४.११.३ समष्टिगत उद्देश्यः ..... ५९
४.११.४ विशिष्ट उद्देश्यः ..... ५९
४.११.५ पूर्वतयारी कार्ययोजनाः ..... ६०
४.११.६ विपद् प्रतिकार्य कार्ययोजनाः ..... ६१
४.१२ विषयगत क्षेत्रः संरक्षण ..... ६२
४.१२.१ क्षेत्रगत सदस्यहरूको सूचीः ..... ६२
४.१२.२ विपद् पश्चातको सम्भावित परिदृष्यः ..... ६२
४.१२.३ समष्टिगत उद्देश्यः ..... ६३
४.१२.४ विशिष्ट उद्देश्यः ..... ६३
४.१२.५ मानवीय सहयोगको न्यूनतम मापदण्डः ..... ६३
४.१२.६ पूर्वतयारी कार्ययोजनाः ..... ६४
४.१२.७ विपद् प्रतिकार्य कार्ययोजना ..... ६५
४.१२.८ निकायगत स्रोत साधनको आंकलनः ..... ६७
४.१३ विषयगत क्षेत्रः पुनःनिर्माण ..... ६८
४.१३.१ विषयगत क्षेत्रको सदस्यहरुको विवरणः ..... ६८
४.१३.२ विपद्पश्चातको सम्भावित परिदृष्यः ..... ६८
४.१३.३ समष्टिगत उद्देश्यः ..... ६८
४.१३.४ विषयगत उद्देश्य ..... ६८
४.१३.५न्यूनतम मापदण्ड ..... ६८
४.१३.६ पूर्वतयारी कार्ययोजनाः ..... ६८
४.१३.७विपद् प्रतिकार्य योजनाः ..... ६९

**अनुसुचिहरु**

अनुसूचीः१ ..... ७१
अनुसूचीः२ ..... ७५
अनुसूचीः-३ ..... ७६
अनुसूचीः४ ..... ७८
अनुसूची -५ ..... ८०
अनुसूची-६ ..... ८४
अनुसूची-७ ..... ८६
**तस्वीरहरु** ..... ८८

अनुसूचीः८.......................................................................................................................................................९७
**विपद् सम्बन्धी शब्दावली**.......................................................................................................................९७
अनुसूचीः ९.......................................................................................................................................................९९
**सन्दर्भ सामग्रीहरु**.............................................................................................................................................९९

# परिच्छेद १

# योजनाको परिचय

## १.१ पृष्ठभूमिः

नेपालको अधिकांस भूभाग पहाडी क्षेत्र रहेको तथा भिरालो भू-बनोटको कारणले बिपदका घटना तुलनात्मक रुपमा बढी नै रहेको हुन्छ। वातावरणमा भैरहेको बिनास, जनचेतनाको कमी, अव्यवस्थित विकास निर्माण, जलवायू परिवर्तन जस्ता कारण विपद्का घटनाहरु बढ्दै गइरहेको छ। जसबाट जनधनको क्षति पनि वर्षेनी वृद्धि हुदै गइरहेको छ। यस्ता विपद्को सामना गर्न प्रभावित परिवार वा कुनै निकायको मात्र प्रयासले सम्भव हुँदैन। यसका लागि सबै सरोकारवालाको सहकार्य तथा परिचालन गर्नु जरुरी हुन्छ। त्यसैले भविश्यमा आइपर्ने सबै किसिमको विपद्को सामना गर्नका लागि व्यक्ति, परिवार, समुदाय तथा संयन्त्रलाई स्रोत साधन सहित तयारी अवस्थामा राख्नु पर्नु हुन्छ। विपद्का घटनाहरु तथा त्यसबाट हुन सक्ने क्षतिको न्यूनिकरण गर्न तहगत रुपमा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन योजनाहरु निर्माण गरी क्रमिक रुपमा त्यसको कार्यान्वयन गर्दै समुदाय तथा संयन्त्रहरुलाई उत्थानशील बनाउनु पर्दछ। यसका लागि पाल्पा जिल्लाले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जूमा मार्गदर्शन, २०६७ को अधिनमा रही बिगतदेखि नै विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरिरहेको छ। नेपालको संविधान, २०७२ मा विपद् व्यवस्थापनलाई तीनै तहको साझा अधिकारको सूची भित्र समावेश गरी विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ समेत लागू भई मातहतका सबै निकायहरुमा विपद् व्यवस्थापनको क्षेत्रलाई कार्य क्षेत्रभित्र समावेश गरेकोले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले अझ व्यापकता पाएको छ।

पाल्पा जिल्लामा बाढी पहिरोको जोखिम उच्च रहेको छ। जिल्लाको उत्तरतर्फ कालिगण्डकी नदी, मध्य भागमा महाभारत पर्वत र दक्षिण तर्फको चुरे पर्वत श्रृङ्खलामा पर्ने प्रायः सबै भूभाग भिरालो भएको तथा वनविनासको क्रम बढ्दो रहेको कारणले वर्षातमा बाढीपहिरो ब्यापक वढ्न जाने र बर्षेनी ठूलो मात्रामा धनजनको क्षति तथा भूक्षय हुने गरेको छ।अतः सिमित साधन र स्रोतको अत्युत्तम प्रयोग गरी विपद्लाई प्रतिकार्य गर्न तथा मानवीय सहयोगलाई व्यवस्थित बनाउन प्रतिकार्य योजनाको तर्जुमा गरी लागु गर्न अति नै महत्वपूर्ण देखिएकोले जिल्ला विपद् व्यवस्थापन समिति, पाल्पाले यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० अध्यावधिक गरेको छ।

### १.१.१ पाल्पा जिल्लाको सामान्य परिचयः

लुम्बिनी प्रदेशमा रहेका १२ जिल्ला मध्ये पाल्पा जिल्ला एक ऐतिहासिक महत्व बोकेको पहाडी जिल्ला हो। यस जिल्लाको सीमाना पूर्वमा तनहुं र नवलपरासी पूर्व, पश्चिममा अर्घाखांची र गुल्मी, उत्तरमा स्याङ्गजा, दक्षिणमा रुपन्देही र नवलपरासी पश्चिम जिल्लाहरु पर्दछन। विश्व मानचित्रमा यो जिल्ला २७ डिग्री ४० मिनेट उत्तरदेखि २७ डिग्री ५७ मिनेट उत्तरी अक्षांश र ८३ डिग्री १४ मिनेट पूर्वदेखी ८४ डिग्री २ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको छ। यस जिल्लाको क्षेत्रफल १३७३ वर्ग कि.मी. रहेको छ। यो जिल्ला समुन्द्री सतहबाट करिव २०० मि. देखि २००० मि. उचाई सम्म फैलिएको छ। उष्ण जलवायु देखि समशितोष्ण हावापानी पाईने यस भूमिमा प्राकृतिक वनस्पती एवं जैविक विविधता पाईन्छ। यस जिल्लाको सरदर औषत तापक्रम २३ डिग्री सेल्सियस भएपनि गर्मीयाममा ३५ डिग्री सेल्सियस भन्दा बढी र जाडो याममा ३.७ डिग्री भन्दा कम हुंदैन। सेनबंशी र मगराँती पृष्ठभूमी बोकेको पाल्पा जिल्लालाई इतिहास, कला, शिक्षा, संस्कृति, रहनसहन र सभ्यताको धनी मानिन्छ। सत्यवती ताल, सीता कुण्ड र प्रभासताल यस जिल्लाका मुख्य ताल तथा कुण्डहरु हुन्। रामपुर, माडी, अर्गली, कचल, दर्पूक जस्ता फाँट र कालीगण्डकी तट यहाँको कृषि उत्पादनको हिसावले मुख्य अन्न भण्डार हुन्। पाल्पा दरवार संग्राहलय, भैरवस्थान, अमर नारायण स्थान, हृषीकेश मन्दिर, रम्भादेवी, भगवती स्थान, अर्गली दरवार, रानीघाट स्थित रानीमहल, गोखुङ्गा, रिम्घालेक, रिव्दीकोट, हात्तीलेक, बल्ढेङ्गगढी जस्ता ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलको छुट्टै महत्व रहेको छ।

दुई वटा संघीय निर्वाचन क्षेत्र, ४ वटा प्रादेशिक निर्वाचन क्षेत्र र १० वटा स्थानीय तह रहेको पाल्पा जिल्लामा २ नगरपालिका र ८ गाउँपालिका रहेका छन्। प्राकृतिक सुन्दरताको दृष्टिले असाध्यै सुन्दर र रमणीय यस जिल्लाको

सदरमुकाम तानसेनलाई नेपालको दार्जिलिङ्ग पनि भन्ने गरिन्छ। जसले गर्दा यो क्षेत्र पर्यटकीय गन्तव्यको रुपमा पनि अगाडी बढ्दै छ। यसै शहरको मुकुटको रुपमा रहेको श्रीनगरडाँडा यहांको आकर्षण तथा गहना हो। श्रीनगरडाँडा प्राकृतिक छटाले भरिपूर्ण छ। जहाँबाट धौलागिरी, माछापुच्छ्रे, अन्नपूर्ण जस्ता हिमश्रृंखलाहरुको दृश्यावलोकन गर्न सकिन्छ। पाल्पा जिल्ला हातले बुनेको ढाका टोपी र ढाकाको कपडा (जसलाई पाल्पाली ढाका पनि भनिन्छ) र करुवाको लागि प्रख्यात छ। राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार पाल्पा जिल्लाको कुल जनसंख्या २,४२,४२३ रहेको छ, जसमध्ये पुरुष १,११,९४० (४६.०२%) र महिला १,३०,४८३ (५३.९८%) रहेका छन् । सबै भन्दा बढि ५३.३% मगर जातिले बसोबास गर्ने यस जिल्लाका अधिकांश मानिस कृषि पेशामा संलग्न रहेका छन्। बैदेशिक रोजगारको लागि छिमेकी राष्ट्र भारत तथा खाडी राष्ट्रमा गएका मानिसहरुको संख्या पनि उल्लेख्य रहेको पाईन्छ। शैक्षिक केन्द्रको रुपमा अग्रणी भूमिका खेल्दै आएको सदरमुकाम आसपासमा अवस्थित मेडिकल कलेज तथा नर्सिङ्ग कलेजहरुले गर्दा देशका विभिन्न स्थानहरुबाट यहां अध्ययनको लागि विद्यार्थीहरु आउने गरेकोले पश्चिम पहाडमा यो जिल्ला शैक्षिक केन्द्रको रुपमा पनि विकसित हुंदै गईरहेको। यस जिल्लामा बुटवल स्याङ्गजा हुंदै पोखरा जाने सिद्धार्थ राजमार्ग र तानसेन हुंदै गुल्मी जाने दुई मुख्य राजमार्गहरु रहेका छन्। सिद्धार्थ राजमार्गको सुनौली-बर्तुङ्ग खण्ड यस जिल्लाको मुख्य MSR हो।जिल्लाका अधिकांश मानिस कृषि पेशामा संलग्न रहेका छन् भने बैदेशिक रोजगारको लागि छिमेकी राष्ट्र भारत तथा खाडी राष्ट्रमा गएका मानिसहरुको संख्या पनि उल्लेख्य रहेको पाईन्छ। यस जिल्लालाई शैक्षिक क्षेत्रको रुपमा पनि एक महत्वपूर्ण स्थानको

## भौगोलक अवस्था

अक्षांस: २७ डिग्री ४० मिनेट देखि २७ डिग्री ५७ मिनेट उत्तरी अक्षांश

देशान्तर: ८३ डिग्री १४ मिनेट देखि ८४ डिग्री २ मिनेट पूर्वी देशान्तर

सीमाना: पूर्व - तनहुं र नवपरासी पूर्व
पश्चिम – अर्घाखांची र गुल्मी
उत्तर – स्याङ्जा
दक्षिणमा – रुपन्देही र नवलपरासी पश्चिम

क्षेत्रफल: १३७३ वर्ग कि.मी.

उचाइ : समुन्द्री सतहबाट करिब २०० मि. देखि २००० मि. सम्म फैलिएको

## प्रतिनिधि सभा सदस्य, राष्ट्रिय सभा सदस्य, प्रदेश सभा सदस्य तथा प्रदेश सभा समानुपातिक सदस्यहरुको विवरण

### प्रतिनिधि सभा सदस्य: प्रत्यक्ष तर्फ

| सि.नं. | दल | निर्वाचन क्षेत्र नं. | नाम, थर | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | ने.क.पा.एमाले | १ | माननीय नारायण प्रसाद आचार्य | ९८५७०६०५८४ |
| २ | ने.क.पा.एमाले | २ | माननीय ठाकुर प्रसाद गैरे | ९८५७०६०९८८ |

### राष्ट्रिय सभा सदस्य

| सि.नं. | दल | नाम, थर | सम्पर्क नम्वर |
|---|---|---|---|
| १ | ने.क.पा.समाजवादी | माननीय राजेन्द्रलक्ष्मी गैरे | ९८५७०६५२५५ |

## प्रदेश सभा सदस्य : प्रत्यक्ष तर्फ

| सि.नं. | दल | निर्वाचन क्षेत्र नं. | नाम, थर | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | ने.क.पा.एमाले | १ क | माननीय राजु प्रसाद श्रेष्ठ | ९८५७०६०५११ |
| २ | ने.क.पा.एमाले | १ ख | माननीय खेम बहादुर सारु | ९८५७०६०४४४ |
| ३ | नेपाली काँग्रेस | २ क | माननीय बिर बहादुर राना | ९८५७०६०७७५ |
| २ | ने.क.पा. माओवादी | २ ख | माननीय तुलाराम घर्ति मगर | ९८५७०८५४९८ |

## प्रदेश सभा सदस्य : समानुपातिक तर्फ

| सि.नं. | दल | नाम, थर | सम्पर्क नम्वर |
|---|---|---|---|
| १ | ने.क.पा.एमाले | माननीय ईन्द्रा गहतराज | ९८५७०८५४९८ |

## स्थानीय तहहरुको विवरण

| सि.नं. | स्थानीय तह | प्रमुख/उपप्रमुख अध्यक्ष/उपाध्यक्षको नाम | क्षेत्रफल / वर्ग किलोमिटर | जनसंख्या | केन्द्र | वडा संख्या |
|---|---|---|---|---|---|---|
| १ | तानसेन नगरपालिका | मेयर सन्तोषलाल श्रेष्ठ<br>उपमेयर प्रतिक्षा सिंजाली | १०९.८ | ५०७९२ | तानसेन | १४ |
| २ | रामपुर नगरपालिका | मेयर रमण बहादुर थापा<br>उपमेयर बाल कुमारी थापा | १२३.३४ | ४०८८३ | रामपुर | १० |
| ३ | रैनादेवी छहरा गाउँपालिका | अध्यक्ष रुकमांगत भट्टराई<br>उपाध्यक्ष युवराज थापा | १७५.८८ | २३१४९ | छहरा | ८ |
| ४ | रिब्दीकोट गाउँपालिका | अध्यक्ष नारायण बहादुर कार्की<br>उपाध्यक्ष कान्ता अधिकारी | १२४.५५ | १५४७३ | खस्यौली | ८ |
| ५ | तिनाउ गाउँपालिका | अध्यक्ष प्रेम श्रेष्ठ<br>उपाध्यक्ष लाल बहादुर थापा | २०२ | १७७७७ | दोभान | ६ |
| ६ | निस्दी गाउँपालिका | अध्यक्ष मुक्त बहादुर सारु<br>उपाध्यक्ष तिरन कुमारी श्रेष्ठ | १९४.५ | १८१२० | मित्याल | ७ |
| ७ | पूर्वखोला गाउँपालिका | अध्यक्ष नुन बहादुर थापा<br>उपाध्यक्ष भागिरथी शर्मा भट्टराई | १३८.५ | १६०५२ | रिङ्गनेरह | ६ |
| ८ | बगनासकाली गाउँपालिका | अध्यक्ष सरस्वती चिदी<br>उपाध्यक्ष हरि पाठक | ८४.१७ | १८४९७ | चिर्तुङधारा | ९ |
| ९ | माथागढी गाउँपालिका | अध्यक्ष यम बहादुर चिदी<br>उपाध्यक्ष बिष्णुमायाँ लुईचे | २१५.५९ | २४०५३ | झडेवा | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | रम्भा गाउँपालिका | अध्यक्ष बिष्णु भण्डारी<br>उपाध्यक्ष राधा कुमारी श्रेष्ठ | ९४.१२ | १७१५५ | पिपलडाँडा | ५ |

**संस्थागत जनसंख्या - ३०७६**

## धरातलीय बनावट :

यस जिल्लामा अधिकांश पहाडी भुभाग रहेको छ । जिल्लाको दक्षिणमा सामान्यतया पूर्व पश्चिम गरि फैलिएको चुरे पर्वत श्रृंखला १८ प्रतिशत पर्दछ भने उत्तर तर्फ पूर्व पश्चिम फैलिएको महाभारत पर्वत श्रृंखला ८२ प्रतिशत पर्दछ। यी पर्वत श्रृंखलाको बीचमा नदीहरुले बनाएका फांट तथा उपत्यकाहरु रहेका छन्। यस जिल्लामा मिश्रित किसिमको जंगलहरु रहेको छ। पहाडी जिल्ला भएको कारणले गर्दा गाउं बस्तीहरु छरिएर रहेको छन्। अधिकांश भु-भाग पहाडी भएता पनि हरेक गाउँ बस्तीहरुमा सडक तथा बाटो घाटोको पहुंच रहेको छ। यस जिल्लाको उत्तरमा पश्चिमबाट पूर्व तर्फ बग्ने मुख्य नदी कालीगण्डकी रहेको छ भने पहाडबाट उपत्यका खोंच हुंदै बग्ने अन्य स-साना खहरे तथा नदीनालाहरु रहेका छन्।

**(क) पहाड तथा पर्वतहरु:** यस जिल्लामा रहेका प्रमुख उच्च पहाडहरुमा अर्चले पहाड, किटको पहाड, कौडेलेक, जुरे पहाड, नौगी डांडा, वेतनी डांडा, रिब्दीकोट, रिम्घा लेक, हातिलेक र श्रीनगर डांडा रहेका छन्।

**(ख) उपत्यका तथा फांटहरु:** यो पहाडी जिल्ला भएता पनि यहाँ माडी, रामपुर, अर्गली, हुंगी, कचल, दर्पुक, सर्देवा, पूर्वखोला अंगाहाखोला, गेझाबर्दले, भलायटार दैलातुङ्ग जस्ता खेती योग्य उर्वर फांटहरु पनि छन्।

**(ग) नदीनालाहरु:** यस जिल्लामा उत्तरी सीमा भएर बग्ने कालीगण्डकी नदी र माडीबाट दक्षिण तर्फ बग्ने तिनाउ नदी यहांका प्रमुख दुई नदीहरु छन् भने अन्य थुप्रै खहरे तथा नालाहरु रहेको छन्।

**(१)कालीगण्डकी नदी:** मुक्तिनाथ क्षेत्रबाट बग्ने यो नदिलाई पवित्र गंगाको रुपमा लिईन्छ। मुस्ताङ्गदेखि गुल्मी हुंदै बग्ने यस नदी पाल्पाको रिडी, गाडांकोट हुंदै बाँकामलाङ्गबाट नारायणी नदीमा मिल्न पुग्दछ। यसले पाल्पा जिल्लासंग गुल्मी, स्याङजा र तनहुं जिल्लाको सीमानाको काम गरेको छ।

**(२) तिनाउ खोला:** पाल्पा जिल्लाको देवीनगरबाट उद्गम भएको यो नदी माडी फांट हुंदै बुटवल तर्फ गएको छ।

**(३) निस्दी खोला:** पाल्पा जिल्लाको देवीनगर भएर पूर्वखोला हुंदै बग्ने यो खोला कालीगण्डकीसम्म मिल्न पुग्छ।

**(४) अरुण खोला:** पाल्पा जिल्लाको देवीनगर उद्गगम भएको यो खोला बहादुरपुर,ज्यामिरे हुंदै नवलपरासी तर्फ बगेको छ।

**(५) रिडी खोला:** अर्घाखांची र गुल्मीको विभिन्न उच्च भागबाट आएको यो खोला पाल्पाको भुवनपोखरी, सिद्धेश्वर, ख्याहा, अर्गली हुंदै रिडीघाटमा पुगी कालीगण्डकीमा मिसिएको छ।

**(६) अंगाहा खोला:** रम्भाखोला (ताहुं), हुमिन, पिपलडांडा, फोक्सिङ्गकोट बीचबाट सुरु भई राम्दीघाटमा कालीगण्डकीमा गई मिल्दछ।

**(७) सर्देवा खोला:** देउराली र कुसुमखोलाबाट सुरु भई रिडी खोलामा गई मिल्दछ।

**(८) बराङ्गदी खोला:** बराङ्गदी, चापपानीबाट सुरु भई यो खोला कालीगण्डकीमा गई मिल्दछ।

**(९) दोभान खोला:** फेक, ठिमुरे, छहरा, जुठापौवा, कचल आदि गा.वि.स.हरुबाट एकत्रित हुंदै यो खोला दोभान तिनाउमा मिल्दछ।

यस जिल्लाको उत्तर तर्फ काली गण्डकी नदी, जिल्ला बीचबाट तिनाउ खोला रहेको साथै अन्य साना तिना ठाडो खोला तथा खहरेहरु रहेको हुंदा यस्ता खोलामा आउने बाढीको कारण हुने मानविय क्षती, कृषि योग्य उर्वर जमिनको क्षती, नदी कटान तथा जलविद्युत गृहहरु लगायत नदी तिरहरुको गाउँ बस्तीहरु बगाउने हुंदा विपद प्रतिकार्य पूर्व तयारी स्थानीय निकायहरुले सोही अनुसार योजना तर्जुमा गर्नु पर्ने देखिन्छ भने विपद प्रतिकार्यको लागि समेत सोही अनुसार कार्य गर्नु पर्ने देखिन्छ।

**(घ) ताल तथा पोखरीहरु:** पाल्पा जिल्लाका विभिन्न स्थानहरुमा रहेका मुख्य साना ताल तथा पोखरीहरु निम्न अनुसार छन् ।

**(१) सत्यवती ताल:** सिद्धार्थ राजमार्गमा पर्ने चौविस माईलदेखि दक्षिण डेढ घण्टाको पैदल यात्राबाट पुगिने तिनाउ गाउँपालिकाको वडा नं. ४ मा रहेको यो ताल १४०० मि. उचाईमा रहेको छ । सुन्दर जंगलको बीचमा पहाडको टाकुरामा रहेको यो तालको छुट्टै विशेषता रहेको छ । कार्तिक पुर्णिमाको दिन ठुलो मेला लाग्ने यस तालमा भक्तजनहरुले ठुलो स्वरले चिच्याएर तालको वरिपरी घुम्दै बर मागेमा मनोकांक्षा पुरा हुने जनविश्वास रहेको छ ।

**(२) प्रभास ताल:** सिद्धार्थ राजमार्ग संगै जोडिएको यो ताल तानसेन नगरपालिकाको वडा नं. १४ मा पर्दछ । यो ज्यादै पौराणिक ताल हो । कमलका फूलहरु फुल्ने हुँदा यसलाई कमलपोखरी समेत भनिन्छ । यो तालमा सवै प्रमुख तिर्थ स्थलहरुको जल ल्याई राखिएको हुदां यसलाई प्रभास क्षेत्रको रुपमा मान्ने चलन छ ।

**(३) सीताकुण्ड:** रामपुर नगरपालिका वडा नं.३ मा रहेको यो कुण्ड ४००० फिटको उचाईमा रहेको छ । यहांबाट धौलागिरी, माछापुच्छ्रे, अन्नपुर्ण, मनास्लु हिम श्रृंखला, कालीगण्डकी नदी तथा रामपुर फांट प्रष्टसंग देखिन्छ । यहां पुग्न रामपुरबाट १ घण्टाको पैदल यात्रा गर्नु पर्दछ । यस तालको वरिपरी रहेका बोटविरुवाहरु सवै ताल तर्फ झुकेको हुनु नै यसको मुख्य विशेषता हो।

**(४) तालपोखरा :** तालपोखरा रामपुर नगरपालिकाको वडा नं ६ मा अवस्थित धार्मिक तथा पर्यटकीय हिसाबले एक महत्त्वपूर्ण गन्तव्य स्थल हो । यो कालीगण्डकी नदीको तट स्थित तातोपानी घाटबाट दक्षिण तर्फ झण्डै ६०० मि. दुरीमा रहेको छ । लगभग ७० रोपनी क्षेत्रफल जग्गामा रहेको यो तालको बिच भागमा मन्दिर रहेकेले यो ठाउँ निकै रमणीय देखिन्छ ।

**(५) सुकेताल:** तिनाउ गाउँपालिकाको वडा नं. २ सिद्धार्थ राजमार्गको दोभान देखि करीब ४ कि. मी दुरीमा रहेको यो ताल समुन्द्री सतह देखि करीब ९०० मिटर उचाईमा रहेको छ । प्राकृतिक मनोरमता सँगै यहाँको चिसो पानी, थरीथरीका चराचुरुङ्गीको चिरबिर, तालमा रहेका विभिन्न जातजातीका माछाहरुको विचरणको दृश्य असाध्यै आकर्षक र मनमोहक देखिन्छ । तालकै नामबाट यो गाउँको नाम पनि सुकेताल रहेको छ ।

**(ङ) हावापानी:** भु-धरातलीय स्वरुपमा भएको विविधताले गर्दा यस जिल्लाको हावापानीमा पनि विविधता रहेको पाईन्छ । महाभारत तथा चुरेपर्वत श्रृंखला, नदी किनारका निम्न उचाईका भु-भागलाई हेरी यहांको हावापानीलाई वातावरणीय दृष्टिकोणले दुई भागमा विभाजन गर्न सकिन्छ । जिल्लाको अधिकांश भाग पहाडी भएकोले करिब ८०% भु-भागमा समशितोष्ण हावापानी पाईन्छ, भने करिब २०% भु-भाग मैदानी भएकोले उष्ण हावापानी रहेको छ । यहांको औषत अधिकतम तामक्रम ३५० सेल्सियस र औषत न्युनतम तापक्रम ३.७० सेल्सियसको बीचमा रहेको छ । हिमालय पर्वतमालादेखि अलि टाढा दक्षिणतर्फ रहेकोले यस जिल्लामा गण्डकी अञ्चल र धौलागिरी अञ्चलका हिमाल नजिक पर्ने स्थानहरुको दांजोमा केही कम पानी पर्ने र सालाखाला बर्ष भरिमा १९०३ मि.मि.वर्ष हुने गर्दछ । बर्ष भरिनै हुने वर्षाको ८०% वर्षा जेष्ठदेखि भाद्र महिना भित्रमा हुने गर्दछ ।

**(च) वनस्पति तथा वन्यजन्तु:** यस जिल्लाको करिब ८२७७३ हेक्टर (५६.६२ प्रतिशत) भू-भाग वनजंगलले ओगटेको छ । यस जिल्लाका खास वन पैदवारहरुमा साल, सल्लो, उत्तीस, चिलाउने, टुनी, साज, चिउरी, मौवा, खल्लुक आदि पर्दछन् । कचल र दोभान इलाकाहरुमा सालको काठहरु प्रशस्त पाईन्छ । जिल्लामा पाईने बन्यजन्तुहरुमा बाघ, भालु, स्याल , चितुवा, फ्याउरो, वंदेल, घोरल, ढेडु, वांदर, खरायो, मृग, दुम्सी आदि पर्दछन् भने जंगली पंछीहरुमा लुईचे, कालिज, ढुकुर, जुरेली, तित्रा, बट्टाई, कांडे भ्याकुर, कोईली, सुगा, न्याउली, गिद्ध, चिल, बाज, गौंथली आदि पाईन्छ । हाल यस जिल्लाको माडी र रामपुर क्षेत्रमा गिद्ध संरक्षण र अवलोकन समेत सुरु गरिएको छ । यस जिल्लामा

सामुदायीक वन, राष्ट्रिय वन र निजी वन रहेका छन्। यहांको दक्षिणी भेगको होचो ईलाकामा साल, सिसौ, बर,पिपल, दार पाईन्छ। उच्च पहाडी ईलाकामा सल्लो, चिलाउने, उतिस, मौवा, बासं, निगालो, अम्रिसो जस्ता वनस्पती पाईन्छ। सामुदायीक वन जिल्ला वन कार्यालयको निगरानीमा समुदायलाई उपभोग गर्न हस्तान्तरण गरिएको र राष्ट्रिय वनलाई जिल्ला वन कार्यालयले रेखदेख तथा सुरक्षा प्रदान गदै आई रहेको छ। जिल्लामा रहेका वनहरुको संरक्षणको जिल्ला वन कार्यालय अन्तर्गत निम्न अनुसार रेञ्ज पोष्टहरु रहेका छन्। बर्षेनी डढेलोको कारण वनजंगल उच्च जोखिममा रहेको।

(१) बल्ढेङ्गगढी रेञ्जपोष्ट
(२) झुम्सा रेञ्जपोष्ट
(३) झडेवा रेञ्जपोष्ट
(४) तानसेन रेञ्जपोष्ट
(५) देउराली रेञ्जपोष्ट
(६) आर्यभन्ज्याङ्ग रेञ्जपोष्ट
(७) मित्याल रेञ्जपोष्ट
(८) रामपुर रेञ्जपोष्ट

**(छ) जनसंख्याः** राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार यस जिल्लाको कुल जनसंख्या २,४५,०२७ रहेको छ। जसमध्ये पुरुषको संख्या १,१२,७७६(४६.१८%) र महिलाको संख्या १,३२,२६६ (५३.८२%) रहेको छ। सबै भन्दा बढि (५३.०३%) मगर जातिले बसोबास गर्ने यस जिल्लाका अधिकांश मानिस कृषि पेशामा संलग्न रहेका छन् भने बैदेशिक रोजगारको लागि छिमेकी राष्ट्र भारत तथा खाडी राष्ट्रमा गएका छन्।
यस जिल्लामा ५२.८ प्रतिशत भू-भाग सरकारी तथा सामुदायिक वनले ढाकेको र स्थानीयहरुको जिविकोपार्जन समेत वन जंगलमा रहेको हुंदा विशेष गरी मंसिरदेखि चैत्र महिनासम्म वनजंगलमा हुने आगलागी तथा डढेलोले करोडौको प्राकृतिक सम्पदाहरु नष्ट भई जाने र दीर्घकालमा समुदाय र समग्र पर्यावनमा समेत असर गर्ने हुंदा स्थानीय स्तरमै वन डढेलो नियन्त्रण सम्बन्धी सचेतना तथा फायर फाईटिङ्गको लागि श्रोत साधन र जनशक्तिहरु तयारी हालतमा राख्नु पर्ने देखिन्छ। मानिसहरुको संख्या पनि उल्लेख रहेको पाईन्छ।

**(ज) जातजातिः** जनगणनाको नतिजा अनुसार जिल्लाको जनसंख्या २,४५,०२७ रहेको छ। मगर, ब्राह्मण र क्षेत्री मुख्य जातीहरु भएको यस जिल्लाको मुख्य पेशा कृषि भएता पनि वैदेशिक रोजगारी पनि दोश्रो ठुलो आय आर्जनको श्रोत बन्दै गएको बुझिन्छ। राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार पाल्पा जिल्लामा रहेका जातजातीको विवरण निम्नानुसार रहेको छ।

| क्र.सं. | जातजाति | जम्मा | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | मगर | १२९९४० | ५९१५४ | ७०७८६ | ५३.०३ |
| २ | ब्राह्मण-पहाड | ३८२५० | १७९३४ | २०३१६ | १५.६१ |
| ३ | क्षेत्री | १८८६५ | ८८३६ | १००२९ | ७.७० |
| ४ | विश्वकर्मा | १७०९० | ७४५० | ९६४० | ६.९७ |
| ५ | नेवार | ८५८२ | ४०९७ | ४४८५ | ३.५० |
| ६ | मिजार | ८०९५ | ३६०४ | ४४९१ | ३.३० |
| ७ | कुमाल | ७१०४ | ३३०१ | ३८०३ | २.९० |
| ८ | परियार | ४७२१ | २०४८ | २६७३ | १.९३ |
| ९ | ठकुरी | ३७८३ | १७१० | २०७३ | १.५४ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | घर्ती/भुजेल | १४३८ | ६४१ | ७९७ | ०.५९ |
| ११ | मुसलमान | १२९७ | ६९२ | ६०५ | ०.५३ |
| १२ | थारु | ६३० | ४२९ | २०१ | ०.२६ |
| १३ | गुरुङ | ६१८ | २८२ | ३३६ | ०.२५ |
| १४ | बोटे | ५७८ | २६६ | ३१२ | ०.२४ |
| १५ | सुनुवार | ४१६ | १७० | २४६ | ०.१७ |
| १६ | माझी | ३४५ | १५३ | १९२ | ०.१४ |
| १७ | सन्यासी/दशनामी | ३२६ | १६२ | १६४ | ०.१३ |
| १८ | तामाङ | १९७ | १०२ | ९५ | ०.०८ |
| १९ | गाइने | १८७ | ७६ | १११ | ०.०८ |
| २० | राई | १६१ | ८२ | ७९ | ०.०७ |
| २१ | दराई | १५२ | ६७ | ८५ | ०.०६ |
| २२ | सोनार | १३१ | ६९ | ६२ | ०.०५ |
| २३ | यादव | १२५ | ८८ | ३ | ०.०५ |
| २४ | थकाली | ९३ | ४५ | ४८ | ०.०४ |
| २५ | ब्राह्मण-तराई | ८० | ४८ | ३२ | ०.०३ |
| २६ | हजाम/ठाकुर | ७७ | ३६ | ४१ | ०.०३ |
| २७ | कानु | ४१ | २४ | १७ | ०.०२ |
| २८ | खवास | ४१ | १४ | २७ | ०.०२ |
| २९ | कलवार | ३९ | २५ | १४ | ०.०२ |
| ३० | तेली | ३७ | २४ | १३ | ०.०२ |
| ३१ | खात्वे | ३७ | १५ | २२ | ०.०२ |
| ३२ | याक्थुङ/ लिम्बु | ३५ | १८ | १७ | ०.०१ |
| ३३ | बानियाँ | ३० | १७ | १३ | ०.०१ |
| ३४ | कुर्मी | २५ | १४ | ११ | ०.०१ |
| ३५ | दुसाध/पासवान/पासी | २५ | ११ | १४ | ०.०१ |
| ३६ | कथाबानियाँ | २५ | १३ | १२ | ०.०१ |
| ३७ | शेर्पा | २२ | ६ | १६ | ०.०१ |
| ३८ | तात्मा/ तात्वा | २२ | ९ | १३ | ०.०१ |
| ३९ | राजधोव | २१ | १२ | ९ | ०.०१ |
| ४० | राजवंशी | २० | १० | १० | ०.०१ |
| ४१ | धोबी | २० | ९ | ११ | ०.००८ |
| ४२ | केवट | १८ | १५ | ३ | ०.००७ |
| ४३ | धानुक | १४ | १० | ४ | ०.००६ |
| ४४ | राजपुत | १३ | ९ | ४ | ०.००५ |
| ४५ | बंगाली | १३ | ७ | ६ | ०.००५ |
| ४६ | सुन्डी | १२ | ९ | ३ | ०.००५ |
| ४७ | कोइरी/कुशवाहा | ११ | ९ | २ | ०.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४८ | कोरी | ११ | ३ | ८ | ०.०० |
| ४९ | विदेशी | ९७४ | ७९२ | १८२ | ०.४० |
| ५० | अन्य | १९१ | १०७ | ८४ | ०.०८ |
| ५१ | उल्लेख नभएका | ४९ | ३७ | १२ | ०.०२ |
| | जम्मा | २४५०२७ | ११२७६१ | १३२२६६ | १०० |

**(झ) मुख्य आर्थिक श्रोत**: पाल्पा जिल्लामा आर्थिक श्रोतको रुपमा कृषि, ब्यापार, उद्योग, नोकरी र बैदेशिक रोजगार नै मुख्य रहेको छ। जिल्लामा हुने मुख्य आर्थिक कारोबारहरुमा पर्यटन ब्यवसाय, ब्यापार, उद्योग, कृषि उत्पादन नै हो । आर्थिक विकाससंगै जिल्लामा विभिन्न वित्तिय तथा सहकारी संस्थाहरु मार्फत आर्थिक कारोबारहरु संचालन भईरहेको छ। यस जिल्लामा आर्थिक कारोवार गर्ने सरकारी बैंक राष्ट्रिय बाणिज्य बैंक, नेपाल बैंक, कृषि विकास बैंकको साथै प्राईभेट वित्तिय संस्थाहरुमा ग्लोबल आई.एम.ई. बैंक, नेपाल इन्भेष्टमेन्ट मेघा बैंक, एन.आई.सि.एसिया बैंक, कुमारी बैंक, एस.वि.आई.बैंक, एन.एम.बि. बैंक, नबिल बैंक, सिटिजन बैंक,गरिमा विकास बैंक, साइन रेसुङ्गा बैंक,सानिमा बैंक, सिद्धार्थ बैंक, माछापुच्छ्रे बैंक, प्रभु बैंक, हिमालयन बैंक, ज्योति विकास बैंक, प्राइम कर्मशियल बैंक लगायतका रहेका छन।

**(१) कृषि**: जिल्लाको अधिकांश मानिसको आय आर्जनको प्रमुख श्रोत कृषि हो । अधिकांश मानिसहरु जिविकोपार्जनको लागि कृषि पेशामा नै निर्भर रहेका छन्। कृषिमा परम्परागत प्रणाली नै अपनाईने गरिएता पनि हाल आएर आधुनिक र ब्यवसायिक कृषिमा पनि बृद्धि हुंदै गईरहेको छ। यस जिल्लाका मुख्य कृषि उत्पादनहरु निम्न अनुसार रहेको छ।

**अन्नवाली:** यस जिल्लामा उत्पादन हुने अन्न वालीहरु सिंचाईको सुविधा भएको बेसीका फाँटहरुमा मकै, धान, कोदो, फापर, गहुं, तोरी, आलु, वर्ष भरि नै लगाउने गरिन्छ। पहाडी ईलाकामा मकै, कोदो, जौ, फापर, तोरी बर्षमा १ पटक मात्र लगाउने गरिन्छ।

**फलफुल वाली:** यस जिल्लाको बेसी मैदानी भु-भागमा आंप, अम्वा, केरा, लिची, कटर, भुईकटरको उत्पादन हुन्छ। पहाडी ईलाकामा अमिलो जातका फलफुल कागती, ज्यामिर, निबुवा, भोगटे, जुनार,सुन्तलाको खेती गरिन्छ।

**नगदे बाली:** यस जिल्लाका सिंचाई हुने ठाउँहरुमा बर्ष भरि नै नगदे वाली उत्पादन गरिन्छ। पहाडी ईलाकामा वर्षाको समयमा मात्र उत्पादन गरिन्छ।यसरी उत्पादन गर्ने नगदे वालीहरु च्याउ खेती, साग, प्याज, लसुन, आलु, तोरी, अदुवा र कफी रहेका छन्। अदुवा उत्पादनमा पाल्पा जिल्ला अग्रणी रहेको छ। हाल जिल्लामा विभिन्न किसिमका जडिबुटी साथै तेजपत्ता र दालचिनीको ब्यवसायिक खेती पनि सुरु गरिएको छ।

**(२) पशुपालन:** यस जिल्लामा परम्परागत किसिमबाट पशुपालन गर्ने गरिएको छ।केहि समयदेखि उन्नत जातको घांस खेती गरि दुग्ध ब्यवसाय संचालन गर्न गाई तथा भैंसी पालनमा बृद्धि भएको छ। अन्य ब्यवसायमा कुखुरा, हांस, बाख्रा, बंगुर र मौरी पालन पनि भई रहेको छ।

**(३) ब्यापार ब्यवसाय:** यातायातको पहुंच पुगेका स्थानहरुमा ब्यापार ब्यवसाय पेशामा लाग्ने मानिसहरुको संख्या उल्लेख्य रहेको छ । विशेष गरी राजमार्गले छोएका स्थान तथा त्यसका आसपासमा भएको बस्तीहरुको विकाससंगै ब्यापार ब्यवसाय पनि विकास हुंदै गईरहेको छ। पाल्पा जिल्लाको सदरमुकाम तानसेन उत्तर तर्फ रहेको पहाडी जिल्लालाई तराईसंग जोड्ने मुख्य मार्गमा रहेको हुंदा यस स्थान निकै अगाडीदेखि ब्यापारिक केन्द्रको रुपमा रहेको छ । ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक दृष्टिकोणले प्रख्यात रहेको पाल्पा जिल्लामा आन्तरिक तथा बाह्य पर्यटकहरु उल्लेखनिय संख्यामा घुम्न आउने गर्दछन्। पर्यटन विकासको सम्भावना प्रशस्त रहेको यस जिल्लामा पर्यटकहरुलाई सेवा पुऱ्याउने उद्देश्यले खोलिएका होटेल, लज तथा रेष्टुराहरु रहेका छन्।

**(४) उद्योग:** पाल्पा जिल्लामा ठुला उद्योगहरु नभएता पनि साना तथा घरेलु उद्योगहरु प्रशस्त मात्रामा रहेका छन्। यो जिल्ला पाल्पाली ढाका टोपीको नामबाट र काँसको धातुबाट बनेको करुवाको लागि प्रसिद्ध छ। साथै अन्य

साना तथा घरेलु उद्योगहरुमा फर्निचर, कफी प्रशोधन, दुग्ध प्रशोधन, आयुर्वेदिक औषधी, मैनवत्ति, सिलाई बुनाई, पिसानी मिल, गलैंचा, बांस चोयाका हस्तकला आदि उद्योगहरु रहेका छन्।

पाल्पा जिल्ला प्राकृतिक श्रोत साधनले सम्पन्न जिल्ला रहेको र ट्रान्जिट प्वाईन्टको रुपमा रहेकोले बुटवल तथा वरपर औद्योगिक विकाशको कारण यस जिल्लामा रहेको वन पैदावारहरु विशेषत ढुंगा, काठ जस्ता बस्तुमा आधारित उद्योग धन्दाहरु संचालनमा रहेकोले विशेष गरी चुनढुंगाको उत्खनन व्यापक रुपमा भएको कारण बाढी, पहिरो, उर्वर जमिनको नष्ट हुने साथै भविष्यमा वातावरणीय विपदका घटनाहरु समेत हुन सक्ने हुंदा विपद पूर्व तयारी तथा प्रतिकार्य योजनामा समेत यस्ता कुराहरुलाई समावेश गरी सोही अनुसार तयारी रहनु पर्ने देखिन्छ।

**(ञ) यातायात:** यातायातको दृष्टिकोणले यस जिल्लाको सबै स्थानहरुमा सडक सन्जालले छोएको छ। यहांका २ वटा नगरपालिका तथा ८ वटा गाउं पालिकालाई पक्की एवं कच्ची सडकले जोड्नुका साथै यस जिल्लामा गोरेटो बाटोहरु पनि प्रशस्त मात्रामा रहेको पाईन्छ। यस जिल्लामा बर्षेनी सबै भन्दा बढी सडक दुर्घटनाबाट जनधनको क्षती भईरहेको पाईन्छ। यस जिल्लाको प्रमुख सडक मार्गहरु तथा सहायक सडक मार्ग निम्न अनुसार रहेका छन्।

| सि.नं. | विवरण | दुरी (कि.मि.) | कैफियत |
|---|---|---|---|
| १ | सिद्धार्थ राजमार्ग (बुटवल, वर्तुङ्ग, आर्यभञ्याङ्ग हुंदै राम्दी) | ६० कि.मी | Cl 40 |
| २ | आर्यभञ्याङ्ग-रामपुर सडक खण्ड | ४८ कि.मी. | Cl 18 |
| ३ | बर्तुङ्ग-हार्थोक-रिडी सडक खण्ड | ३५.६६ कि.मी. | Cl 40 |
| ४ | हार्थोक-छहरा-तिनगिरे | २५ कि.मी. | Cl 18 |
| ५ | बाँसटारी-झडेवा-खैरेनी | ४८ कि.मी. | Cl 18 |
| ६ | बतासेडाँडा-अबल-रानिघाट | १३ कि.मी. | Cl 18 |
| ७ | चिलाङ्दी-चापपानी-गरनडाँडा-राम्दी | १६ कि.मी. | Cl 18 |
| ८ | हुमिन-रिङ्नेरह-ज्यामिरे | १६ कि.मी. | Cl 18 |
| ९ | बतासेडाँडा-बौघागुम्हा-छेर्लुङ | १५ कि.मी. | Cl 18 |
| १० | दोभान-कचल-बल्ढेङढी | २२ कि.मी. | Cl 18 |
| ११ | अमलाबास-पेलावास-तालपोखरा-अर्घाखांची | १६ कि.मी. | Cl 18 |
| १२ | ताहुं-ओमभञ्याङ-कितेनी-रानीबास-सहदीखोला | २२ कि.मी. | Cl 18 |
| १३ | बेलडाँडा-ढुङ्गानाबेसी-मित्याल-आरुङखोला | २७ कि.मी. | Cl 18 |
| १४ | खस्यौली-देउराली-मनवाग | २३ कि.मी. | Cl 18 |
| १५ | बुल्थाके-खानीगाउँ-दैलातुङ | ८ कि.मी. | Cl 18 |
| १६ | डुम्रे-मस्याम-ढुस्टुङ-बतासे | १४ कि.मी. | Cl 18 |
| १७ | राईका-आनन्दीभञ्याङ-रुक्सेभञ्याङ | २७ कि.मी. | Cl 18 |
| १८ | सुङ्गुरेढुङ्गा-जुठापौवा- सालझण्डी | २०.३ कि.मी. | Cl 18 |
| १९ | हुमिन-देवीनगर-जल्पा-बहादुरपुर | २२.६ कि.मी. | Cl 18 |
| २० | झुम्सा-ज्यामिरे-दमार-जगात | २६ कि.मी. | Cl 18 |
| २१ | सिलुवा-अर्चले-मित्याल | २२.५ कि.मी. | Cl 18 |
| २२ | कालीगण्डको कोरिडोर(दमरा-राम्दी) | ५४ कि.मी. | |
| २३ | कालीगण्डको कोरिडोर(राम्दी -रिडी) | ३४ कि.मी. | |
| २४ | ज्यामिरे —दुम्किबास | ३४ कि.मी. | |
| २५ | तानसेन-दमकडा-झडेवा | ३४ कि.मी. | |
| २६ | झडेवा-खैरेनी | २५ कि.मी. | |

| | | | |
|---|---|---|---|
| २७ | झुम्सा-चरङ्गे-धागो कारखाना सडक (यस आ.ब.मा थप भएको) | ८.४ कि.मी. | |

**(च ) हेलिप्याड :** दि फेमश महिन्द्र दल गण हेड क्वाटर तानसेन र रामपुर पोष्टमा स्थायी हेलिप्याड रहेको छ । साथै जिल्लाको स्थानीय तहसंग समन्वय गरी हरेक तहमा कम्तीमा एउटा Night Landing Capability सहितको हेलिप्याड निर्माण गर्ने कार्यको लागि समन्वय भईरहेको छ । विपद उद्धारको समयमा यिनै हेलिप्याडहरुलाई प्रयोग गरी विपद उद्धार तथा राहत वितरणको कार्य गरिनेछ।यस जिल्लामा रहेका हेलिप्याडहरुको विवरण निम्न अनुसार रहेको छ ।

| सि.नं. | स्थान (GR, Latitude, Longitude) | कै |
|---|---|---|
| १ | तानसेन (जि.आर ५५९८२९) 83°33'00', 27°51°00' | Night landing Capability |
| २ | रामपुर (जि.आर. ८९६८३७) 83°53'30', 27°52°10' | हेलिप्याड रहेको |
| ३ | मुझुङ्ग (जि.आर.४०५८४३) 83°30°20', 27°52°19' | खुल्ला जमिन |
| ४ | प्रभास (जि.आर.५४८८०४) 83°31°7' , 27°51°9' | हेलिप्याड रहेको |
| ५ | दोभान (जि.आर. ४९१७९९) 83 (°27°15', 27°49°13' | हेलिप्याड रहेको |
| ६ | खस्यौली (जि.आर.५१५७६४) 83°30°29', 27°48°4' | खुल्ला जमिन |
| ७ | बर्तुङ्ग (जि.आर.५६२८१९) 83°33°10', 27°50°51' | खुल्ला जमिन |
| ८ | नायरनम्तलेस (जि.आर.६१२८१७) 83°35°11', 27°52°12' | खुल्ला जमिन |
| ९ | दर्लामडांडा (जि.आर.६०५८७६) 83°36°30', 27°54°15' | खुल्ला जमिन |
| १० | ताहुं (जि.आर.७२९५०१) 83°43°14', 27°50°20' | खुल्ला जमिन |
| ११ | मित्याल (जि.आर.९११७१३) 83°55°15', 27°46°6' | खुल्ला जमिन |
| १२ | सोमादी (जि.आर.३९८८८७) 83°21°5', 27°55°3' | खुल्ला जमिन |
| १३ | जुठापौवा (जि.आर.३२२७४१) 83°19°2', 27°49°10' | खुल्ला जमिन |
| १४ | हुंगी (जि.आर.७२३८७८) 83°43°14', 27°55°13' | खुल्ला जमिन |
| १५ | गोठादी (जि.आर.६०८६४३) 83°39°6', 27°42°9' | खुल्ला जमिन |
| १६ | दर्छा (जि.आर.६०८६४३) 83°56°5', 27°50°16' | खुल्ला जमिन |
| १७ | अर्गली (जि.आर.४४५९११) 83°27°11', 27°55°5' | खुल्ला जमिन |
| १८ | खालीवन (जि.आर.८४१८१७) 83°49°7', 27°52°9' | खुल्ला जमिन |
| १९ | छहरा (जि.आर.३८२१८४६९ ) 83°22'13", 27°52'48" | हेलिप्याड रहेको |

पाल्पा जिल्लाका सबै स्थानहरुमा सडक सञ्जालको पहुंच भएको जिल्ला हो । तर विकासको नाममा अव्यवस्थित तरिकाले निर्माण भईरहेको ग्रामिण सडकको कारण बर्षेनी सडक दुर्घटना, पहिरो, बाढीले ठुलो मात्रामा जनधनको क्षती भई रहेको हुंदा यी कुराहरुलाई मनन गरी योजना तर्जुमा गर्नु पर्ने देखिन्छ ।

**(ठ) संचार:** जिल्लाको प्राय सबै जसो स्थानमा मोबाईलको पहुंच रहेको । साथै शहरी क्षेत्रमा Landline फोनको पनि व्यवस्था रहेको छ । यस जिल्लामा सुचना सहज रुपमा साधारण जनतासम्म प्रसारण गर्नको लागि स्थानीय टेलिभिजन स्टेशन, विभिन्न एफ.एम. स्टेशनहरु र स्थानीय पत्रपत्रिकाहरुले निकै महत्वपुर्ण भूमिका निभाउंदै आएका छन् । विपदको समयमा यी संचारका साधनहरुको महत्वपूर्ण भूमिका रहन्छ ।

**(क) जिल्लाको विभिन्न Electronic मिडियाहरुको विवरण निम्नानुसार रहेका छन् ।**

| सि.नं. | मिडिया | सम्पर्क नम्बरहरु | Email/Website | स्टेशन मेनेजर | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्रीनगर टेलिभिजन | ९८५७०६०७६१ | shreenagartv123@gmail.com | विष्णु घिमिरे | |
| २ | सनराइज टेलिभिजन | ०७५-५२०७१३ | suryodaytv@gmail.com<br>santoshpfm.1@gmail.com | सन्तोष बस्याल | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ९८५७०२८१७७ | | | |
| ३ | पृथ्वी टेलिभिजन | ९८६६५७२२०२ | | दुर्गा के.सी./ कृष्ण पौडेल | |
| ४ | सामुदायिक रेडियोमदनपोखरा | ०७५-४११०५५ ०७५-४११०५६ | madanpokharafm@ntc.net.np crmhalchal@gmail.com | विरेन्द्र घिमिरे (निमित्तप्रवन्धक) | |
| ५ | सामुदायिक रेडियो मुक्तिनाथ | ९८५७०६२६७० | bhuwanrayamajhi670@gmail.com | भुवन रायमाझी | |
| ६ | श्रीनगर एफ.एम., तानसेन | ०७५-५२१७३२ ९८५७०६०५०७ | devpalpali@gmail.com | देव बहादुर पचभैया | |
| ७ | रेडियो पश्मिाञ्चल | ०७५-५२१७२५ | | हाल बन्द | |
| ८ | पाल्पा एफ.एम. | ०७५-४००३५६ | radiopalpafm@gmail.com | | |
| ९ | सामुदायिक रेडियो, रामपुर | ०७५-४००१६५ ९८४७५७९९९९ | radiorampur@yahoo.com | छवि खनाल | |
| १० | रेडियो पाल्पा | ९८५७०६८५९३ | radiopalpafm@gmail.com | दुर्गेश मल्ल | |
| ११ | युनिक एफ.एम. | ९८५७०६०३०१ | news.uniquefm@gmail.com | जगदिश भट्टराई | |
| १२ | रेडियो कुटुम्ब | ९८५७०६०६८१ | naran.sfm@gmail.com | नारायण न्यौपाने | |

## (ख) जिल्लामा प्रकाशित हुने पत्र पत्रिका सम्बन्धी बिवरण

| सि.नं. | पत्रपत्रिकाको नाम | सम्पादक | सम्पर्क नम्वर | प्रकार | ईमेल | प्रकाशन हुने स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | नव जनचेतना | जगदिश भट्टराई | ९८५७०६०३०१ | दैनिक | janachetana@gmail.com | तानसेन, पाल्पा | |
| २ | करुवा | कृष्ण कार्की | ९८५७०६०८५८ | अर्ध साप्ताहिक | karuwaall@gmail.com | तानसेन, पाल्पा | |
| ३ | गाउँले देउराली | राम प्रसाद अर्याल | ९८४७०४३४२० | साप्ताहिक | rdp.palpa@gmail.com | तानसेन, पाल्पा | |
| ४ | नवसम्वाद | रेखीराम राना | ९८५७०६०६९८ | साप्ताहिक | nawasambad1@gmail.com | तानसेन, पाल्पा | |
| ५ | पाल्पा टाईम्स | झपेन्द्र गहिरे | ९८५७०६००३३ | साप्ताहिक | palpatimes@gmail.com | तानसेन, पाल्पा | |
| ६ | पाल्पा समाचार पत्र | यज्ञमूर्ती तिमिल्सीना | ९८५७०६५८३९ | साप्ताहिक | repoter.palpa@gmail.com | तानसेन, पाल्पा | |
| ७ | परेवा | भोजराज भट्टराई | ९८४७०५२४३३ | पाक्षिक | palpali.bhoju@gmail.com | तानसेन, पाल्पा | |

## (ग) अनलाइन मिडिया

| सि.नं. | अनलाइन मिडियाको नाम | सम्पादक | सम्पर्क नम्वर | ईमेल | प्रकाशन हुने स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | eranimahal.com | अमृत अधिकारी | ९८५७०६००४७ | अनलाइन | तानसेन, पाल्पा | |
| २ | seroferonews.com | मुक्ति न्यौपाने | ९८५७०६००९० | अनलाइन | तानसेन | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | palpasamachar.com | यज्ञमूर्ती तिमिल्सीना | ९८५७०६५८३९ | अनलाइन | तानसेन | |
| ४ | bolikhabar.com | बन्दना पोखरेल | ९८४७११०४६२ | अनलाइन | तानसेन | |
| ५ | katuwalkhabar.com | दुर्गेश मल्ल | ९८५७०६८५९३ | अनलाइन | रामपुर | |
| ६ | shitalpati.com | जगदिश भट्टराई | ९८५७०६०३०१ | अनलाइन | पूर्वखोला | |
| ७ | nayadhar.com | कृष्ण दर्नाल | ९८५७०६२९१७ | अनलाइन | मदनपोखरा | |
| ८ | flshnepal.com | देव पचभैया | ९८४७१०३४३२ | अनलाइन | तानसेन | |
| ९ | palpapati.com | | ९८५७०६०७६१ | अनलाइन | तानसेन | |
| १० | gorkhalivoice.com | भविन्द्र गौतम | ९८५७०६२८४६ | अनलाइन | तानसेन | |
| ११ | bhairabkhabar.com | | ९८६२५६२७५९ | अनलाइन | तानसेन | |
| १२ | supadeuralikhabar.com | दिपक भट्टराई | ९८५७०६५७३६ | अनलाइन | तानसेन | |
| १३ | rastrasanchar.com | | ९८५७०६८८७० | अनलाइन | तानसेन | |
| १४ | rastriyanews.com | सुमन कार्की | ९८५७०७७३३५ | अनलाइन | तानसेन | |
| १५ | kutumbapost.com | प्रेम पाण्डे | ९८५७०६०६८१ | अनलाइन | तानसेन | |
| १६ | bolikhabar.com | बन्दना पोखरेल | ९८४७११०४६२ | अनलाइन | रामपुर | |
| १७ | kandranews.com | अमृत काम्मु | ९८४४७९४५८३ | अनलाइन | पूर्वखोला | |
| १८ | sabalnews.com | सिता डोटैल | ९८४७१७०२८५ | अनलाइन | रामपुर | |

## (घ) हुलाक सम्बन्धी बिवरण

| सि.नं. | हुलाक कार्यालयहरुको विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | जिल्ला हुलाक कार्यालय | १ | |
| २ | ईलाका हुलाक कार्यालय | १३ | |
| ३ | अतिरिक्त हुलाक कार्यालय | ५२ | |
| ४ | हुलाक सुचना केन्द्र | | हाल संचालनमा नरहेको |
| ५ | कुल जनशक्ति अस्थायी र करार समेत गरी (स्थायी २९ करार १४ अतिरिक्त १४४) | १९७ | |

## (ङ) जिल्लाको समग्र संचारको बिवरण

| सि.नं. | संचार | संख्या | कैफियत |
|---|---|---|---|
| १ | NTC Tower (2G, 3G, 4G) | ५२ | |
| २ | NCELL टावर | | |
| ३ | हुलाक | ६६ | |
| ४ | दैनिक पत्रिका | १ | |
| ५ | साप्ताहिक पत्रिका | ४ | |
| ६ | पाक्षिक पत्रिका | १ | |
| ७ | अर्घ साप्ताहिक पत्रिका | १ | |
| ८ | सामुदायिक एफ.एम. रेडियो | ७ | |
| ९ | टि.भि. च्यानल | ३ | |
| १० | ADSL, Fibre, Worldlink Internet, Broadlink | १८०/८१६/९२० | रामपुर नगर पालिकामा फाइबर नेटवर्कको बिस्तार भई रहेको |

जनतालाई विपद सम्बन्धी योजना, सूचना सम्बन्धी जानकारी दिने प्रमुख माध्यम संचारको साधनहरु रहेका हुन्छन् । यस जिल्लामा पनि विभिन्न संचारका साधनको उपलब्धता भएतापनि सीमान्तकृत समुदायहरुमा सबैमा संचार पहुंच नहुने हुंदा सरकारी, गैर सरकारी तथा स्थानीय निकायहरुले संचार माध्यमको अलवा स्थान विशेषमा नै सुसूचित गर्नु पर्ने हुन्छ ।

### (च) बिद्युत

बिद्युत प्राधिकरण पाल्पाका अनुसार पाल्पाका सबै नगरपालिकाहरु र गाउंपालिकाहरु तथा वडामा बिद्युत पुगेको छ। नेपाल बिद्युत प्राधिकरणले बिद्युतिकरण गर्न नसकेका पालिकाहरु लगायत अन्य स्थानहरुमा बुटवल पावर कम्पनी र सामुदायिक बिद्युतिकरणबाट बिद्युत सेवा उपलब्ध गराईएको छ। हालसम्म यस जिल्लामा ७ वटा लघु जलबिद्युत आयोजना, १८ वटा पेल्ट्रिक सेटका आयोजनाहरु सम्पन्न भई संचालनमा आएका छन्। यी आयोजनाहरुबाट करिब १३० किलोवाट बिद्युत उत्पादन भई करिब १,८०० घरधुरी लाभान्वित भएको देखिन्छ। उत्पादित बिद्युतले विभिन्न प्रकारका ग्रामिण उद्योगहरु संचालन भई स्थानीय स्तरमा रोजगारीको श्रृजना हुनुका साथै स्थानीय बासिन्दाहरुले सेवा सुविधा पाईरहेका छन्। पाल्पा जिल्लामा रहेका लघु जलविद्युत आयोजनाहरु समेत बाढी पहिरोको उच्च जोखिममा रहेको हुंदा विपद उद्धारको समयमा यस गृहहरुको मर्मत संभार पनि प्रमुख कार्यको रुपमा रहन्छ। पाल्पा जिल्लामा संचालनमा रहेका प्रमुख लघु जलबिद्युत आयोजना तथा पेल्ट्रिक सेटका आयोजनाहरुको विवरण निम्न अनुसार रहेको छ।

| सि.नं. | आयोजनाको नाम | क्षमता (किलोवाट) | कैफियत |
|---|---|---|---|
| १ | बोक्सेखोला लघु जलबिद्युत आयोजना | १०५. | |
| २ | छतिवन खोला लघु जलबिद्युत आयोजना | ६०. | |
| ३ | कुरमान खोला लघु जलबिद्युत आयोजना | १००. | |
| ४ | निस्दी खोला लघु जलबिद्युत आयोजना | १४०. | |
| ५ | शिवी खोला लघु जलबिद्युत आयोजना | ६५. | |
| ६ | सुतीखोला लघु जलबिद्युत आयोजना | १६. | |
| ७ | ठाडेखोला लघु जलबिद्युत आयोजना | ८०. | |
| ८ | किहुन खोला पेल्ट्रिक सेट | २५. | |
| ९ | साखर्दी खोला पेल्ट्रिक सेट | ३०. | |
| १० | सुकेताल पेल्ट्रिक सेट | ३०. | |
| ११ | बसेनी क खोला पेल्ट्रिक सेट | ३५. | |
| १२ | खहरेखोला क पेल्ट्रिक सेट | २५. | |
| १३ | ओखलढुङ्गा क पेल्ट्रिक सेट | ३०. | |
| १४ | पाकरीखोला पेल्ट्रिक सेट | ३०. | |
| १५ | चिउरेपानी पेल्ट्रिक सेट | २०. | |
| १६ | ड्याङ खोला पेल्ट्रिक सेट | ३०. | |
| १७ | रितुङखोला पेल्ट्रिक सेट | १०. | |
| १८ | बडहरे खोला पेल्ट्रिक सेट | ३०. | |
| १९ | भमराखोला पेल्ट्रिक सेट | ४०. | |
| २० | बसेनी ख खोला पेल्ट्रिक सेट | १५. | |
| २१ | ढाके दमार खोला पेल्ट्रिक सेट | २५. | |
| २२ | खहरेखोला ख पेल्ट्रिक सेट | ३०. | |
| २३ | नाटखोला पेल्ट्रिक सेट | ३२. | |
| २४ | पंधेरा खोला पेल्ट्रिक सेट | ३०. | |
| २५ | फेदीखोला पेल्ट्रिक सेट | ४२. | |

## १.२ प्रतिकार्य योजनाको उद्देश्य

विपद्बाट प्रभावित भई सम्भावित क्षति हुन सक्ने अवस्थाबाट समुदायलाई जोगाउनु र प्रभावित भएका समुदायलाई स्थानीय स्रोतको अधिकतम उपयोग गर्दै तत्काल राहत तथा उद्धार सेवा प्रदान गर्नु साथै विभिन्न क्षेत्रसँग समन्वय गरी प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी तथा जवाफदेहितायुक्त मानवीय सहयोग उपलब्ध गराउनु यस योजनाको मुख्य उद्देश्य हो।

**प्रतिकार्य योजनाको विशिष्ट उद्देश्यः**

- मानवीय सहयोगका लागि पहिले नै उपयुक्त तथा पर्याप्त पूर्वतयारी तथा सहयोग योजनाको तर्जुमा गर्नु,
- विपद्मा परेका व्यक्ति, परिवार र समुदायलाई तत्काल उद्धार गरी मानवीय सेवा प्रदान गर्नु,
- विपद्बाट प्रभावित समुदायलाई सुरक्षित र सम्मानजनक जीवनयापनका लागि आधारभूत सहयोग उपलब्ध गराउनु,
- उपलब्ध न्यूनतम साधन स्रोतको अधिकतम उपयोग गर्दै आवश्यक पर्ने थप साधनस्रोतको खोजी गरी नेपाल सरकार र जिल्ला विपद् व्यवस्थापन समितिबाट भएका निर्णयको कार्यान्वयन गर्न सरोकारवाला निकाय तथा संघ संस्थासँग समन्वय गरी विपद् प्रभावित समुदायलाई सहयोग उपलब्ध गराउनु,
- मानवीय असरहरूलाई कम गर्नका लागि विपद्बाट प्रभावित मानिसहरूका आवश्यकताहरू परिपूर्ति गर्नका निमित्त समयमा नै समान तथा समन्वयात्मक सहयोग उपलब्ध गराउने कुरा सुनिश्चित गरेर जिल्ला विपद् व्यवस्थापन समिति मार्फत नेपाल सरकारलाई सहयोग उपलब्ध गराउनु हो साथै कुनै पनि मानवीय सहयोग मानवीय सिद्धान्त अर्थात् मानवता, निष्पक्षता तथा तटस्थताको आधारमा उपलब्ध गराउनु।

## १.३ प्रतिकार्य योजनाको लक्षित समूह

यस कार्ययोजनाका लक्षित समूहहरु निम्न अनुसार हुनेछन्ः-

पाल्पा जिल्लाका ६५०४९ घरधुरीमा बसोबास गर्ने २,४१,९५३ जना स्थानीय बासिन्दाहरु नै यस योजनाको मुख्य लक्षित समुदाय हुन्। यससँगै अन्य जिल्लाबाट विभिन्न पेशा व्यवसायमा संलग्न भई यस जिल्लाभित्र बसोबास गर्ने व्यक्तिहरु (संस्थागत संख्या ३०७६) पनि लक्षित समूहभित्र पर्दछन्। योजना कार्यान्वयनको हिसाबले जिल्ला विपद् व्यवस्थापन समिति तथा क्षेत्रगत सदस्यहरु लक्षित समूह भित्र पर्दछन्। साथै जिल्ला विपद् व्यवस्थापन समितिका योजनाहरुलाई कार्यान्वयन गर्न प्रत्यक्ष परोक्ष रुपमा सहयोग गर्ने राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश विपद् व्यवस्थापन समिति, राष्ट्रिय तथा स्थानीय गैरसरकारी संस्था, दातृ निकाय तथा निजी क्षेत्रहरुसमेत लक्षित समूहभित्रै समेटिएको छ।

## १.४ प्रतिकार्य योजना तर्जूमा प्रक्रिया र सहभागिता

जिल्लामा जिल्ला विपद् व्यवस्थापन समितिसँग छलफल गरी पहिलो चरणमा प्रारम्भिक विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको परिमार्जन तथा अध्यावधिक प्रकृया अन्तर्गत सुरुमा जिल्ला विपद् व्यवस्थापन समिति पाल्पाले सबै सरोकारवाला निकायको उपस्थिति र छलफल तथा सूचना संकलनको माध्यमवाट यो प्रतिकार्य योजना तथा स्रोत आंकलनलाई अध्यावधिक गर्ने कार्य सम्पन्न भयो।

## १.५ प्रतिकार्य योजनाको उपयोग र प्रयोग

सकेसम्म विपद्को सामना कसैले गर्नु नपरोस्, धनजनको क्षति नहोस् भन्ने नै हो। तर विपद् कुनै न कुनै कारणले आई नै हाल्दछ। विपद् आइ परेपछि फेरि पनि पुरानै परम्परागत तरिकाले प्रतिकार्य गर्नुको सट्टा व्यवस्थित रुपमा विपद्को व्यवस्थापन गर्नु आवश्यकता हुन्छ। विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना आकस्मिक परिस्थितिका लागि निर्माण गरिएकोले विपद्को घटना हुना साथ यो योजना सक्रिय हुनेछ। जिल्ला भित्र संचालन गरिने विपद् पूर्वतयारीका गतिविधिहरु सञ्चालन गर्न तथा सरोकारवाला पक्षलाई विपद् व्यवस्थापनका कार्यक्रमहरु सञ्चालनको स्वीकृति दिन पनि यो योजना उपयोगी हुनेछ।

## १.६ प्रतिकार्य योजनाको आवश्यकता तथा महत्व

विपद् व्यवस्थापन भित्र गरिने विभिन्न चरणका कार्यमध्ये आपतकालीन योजना विपद् परे लगत्तै स्थिति सामान्य नभएसम्म कार्यान्वयन हुन्छ। विपद्को समय ज्यादै संवेदनशील भएकोले यस समयमा गर्ने मानवीय सहयोगका कार्यले पनि महत्वपूर्ण स्थान ओगटेको हुन्छ। यसकारण यस योजनाको निकै ठूलो महत्व रहेको यथार्थलाई अस्वीकार गर्न सकिंदैन। त्यसैले यस प्रतिकार्य योजनाको आवश्यकता र महत्वलाई अग्रस्थानमा राख्न सकिन्छ। आपतकालिन योजनाका निम्न महत्वले यसको आवश्यकतालाई पुष्टि गर्दछः

- योजनाले विपद्को समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्ने सुनिश्चितता दिन्छ।
- विपद्को जोखिम कम गर्न समुदायलाई हातेमालो गर्ने वातावरण बनाउन प्रेरणा दिन्छ।
- पीडित समुदायलाई आफ्नो अधिकार र दायित्वको बारेमा सचेत गराउँछ।
- उद्धार र राहत जस्ता कार्यमा पीडित समुदायको समान पहुँचको प्रत्याभूति गर्छ।
- आपतकालीन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्न सहयोग गर्छ।
- सामाजिक, सांस्कृतिक मर्यादा तथा सद्भाव अभिवृद्धिको लागि मार्ग प्रशस्त गर्छ।
- खानेपानी, सरसफाइ र स्वास्थ्य प्रवर्द्धनका विषयलाई व्यवस्थित गर्न सहयोग गर्छ।
- स्रोतको सही सदुपयोग गरी पीडित समुदायलाई विपद्को पीडाबाट मुक्ति दिने बाटो तयार गर्छ।
- क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै सेवा प्रदायकमा जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउँछ।

## १.७ प्रतिकार्य योजनाका सीमा

सबै विषयका आफ्नै महत्व र सीमा हुन्छन्। यस कार्ययोजनाका पनि निम्न अनुसार सीमा पनि रहेका छन्ः

- यो कार्ययोजना विकास निर्माणसँग सम्बन्धित नभएर विपद्को समयमा मात्र कार्यान्वयनमा आउने भएकाले विपद् नपरेमा यसका सबै प्रावधान निस्कृय रहन सक्नेछन्।
- कार्य योजना राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता अनुरुप क्षेत्रगत अवधारणा (Cluster Approach) अन्तर्गत तर्जूमा गरिएको छ। साथै तथ्याङ्क संकलन र आवश्यकता पहिचानका लागि बहुक्षेत्रिय द्रुत लेखा जोखा अपनाउने योजनाले निर्धारिण गरे पनि सो अनुरुपको जनशक्ति जिल्लामा अभाव हुन सक्नेछ।
- विपद् परिहालेको अवस्थामा कार्य योजना अनुरुप मानवीय सहयोग उपलब्ध गराउन जिल्ला विपद् व्यवस्थापन समितिसँग स्रोतको अभाव हुने भएकाले कार्य योजना अनुरुप विपद् प्रतिकार्यका कार्यक्रम सञ्चालन गर्न अन्य निकाय र केन्द्रको भर पर्नु पर्ने हुन्छ।
- प्रतिकार्य योजनाको कार्यान्वयनका लागि क्षेत्रगत रुपमा जनशक्ति तयार गर्न समय लाग्नेछ र त्यसको लागि स्रोतको खोजी गर्नु पर्ने अवस्था रहन्छ, जुन उपलब्ध हुन्छ भन्ने अहिले नै निर्क्योल गर्न सकिंदैन।
- जिल्लाको विपद्को सबभन्दा खराब परिस्थितिलाई अनुमान गरी बनाइएको हुँदा यसमा उल्लेखित कृयाकलाप तथा बजेट महत्वकांक्षी रहेको छ।

# परिच्छेद २

# विपद्को अवस्था तथा पूर्वानुमान

## २.१ विपद्को अवस्था

पाल्पा जिल्लाको विपद्को स्तरीकरण गर्नका लागि जिल्लामा घटेका विपद्का घटना, क्षतिको अवस्था तथा त्यसको बारम्बारतालाई अध्ययन तथा विश्लेषण गर्नु जरुरी हुन्छ । समग्रमा यस जिल्लामा विगतदेखि नै बाढी पहिरो पहिलो प्राथमिकतामा रहेको छ । यसबाहेक आगलागी, महामारी, भुकम्प, असिना, हुरी बतास, बन्यजन्तुको आतङ्क आदि पनि बारम्बार दोहोरिने घटनाहरु हुन् ।

विश्वभर कोभिड १९ को महामारी फैलिए संगैं नेपाल पनि यसबाट अछुतो रहन सकेन । कोभिडको पहिलो, दोश्रो र तेश्रो लहरले विश्वका थुप्रै मानिसको ज्यान जानुका साथै यसले मानिसको आर्थिक अवस्थालाई समेत जर्जर बनाएको छ । विकसित देशका अत्याधुनिक स्वास्थ्य सामाग्री तथा प्रणालीले समेत यसको प्रतिकार्य गर्न हम्मे हम्मे परेको स्थिति थियो । जसको कारण सम्पूर्ण गतिविधिहरु ठप्प भएर विश्व नै बन्दाबन्दीको अवस्थामा रहेको थियो । कोभिड विरुद्धको खोप प्राप्त भए पछि विस्तारै मानिसहरुको जनजीवन सहज हुँदै गई रहेको भएता पनि वर्तमान समयमा पनि संक्रमितको संख्या शून्य हुन सकेको छैन । ।पाल्पा जिल्लामा पनि थुप्रै मानिसहरु कोभिडबाट संक्रमित हुनुको साथै मृत्यु समेत भएको थियो । यस जिल्लामा यस बर्ष मात्रै कोभिडबाट संक्रमित हुनेको संख्या ५५६ जना रहेका छन् । जसमध्ये यस आ.ब.मा १ जनाको मृत्यु भएको थियो । यस बर्ष यस जिल्लामा खोप लगाएको मानिसको संख्या कूल जनसंख्या २,४२,४२३ मा पहिलो डोज ८६.६%, दोश्रो डोज ८७.६% र तेश्रो डोज पहिलो बुष्टर लगाउनेको संख्या ५३.६% रहेको छ ।

**आ.व. २०७९ /८० मा पाल्पा जिल्लामा विपदबाट भएका घटनाहरुको विवरण**

| विपद्को प्रकार | विपद्को संख्या | मृतक संख्या | घाईते |
|---|---|---|---|
| पहिरो | २ | २ | २ |
| आगलागी/जलेर | २ | २ | ० |
| बाढी/ खोलाले बगाएको/ डुवान | २३ | २३ | २ |
| चट्याङ्ग | १ | १ | ० |
| सडक दुर्घटना | २९ | ४० | ९१ |
| सर्प दंशा | ० | ० | ० |
| विषाक्त पदार्थ सेवन | ८ | ७ | १ |
| जंगली जनावरको आक्रमण | ० | ० | ० |
| भिरबाट लडेर/लडेर | १० | १० | ० |
| करेन्ट लागेर | ३ | ३ | ० |
| कोभिडबाट मृत्यु | ० | १ | ० |
| अन्य (रुखबाट लडेर) | ६ | ६ | ० |
| जम्मा | ८४ | ९५ | ९६ |

## २.२ नगरपालिका तथा गाउँपालिकाको संकटाउन्मुख स्तरीकरण:

पाल्पा जिल्लामा रहेको २ नगरपालिका तथा ८ गाउँपालिकामा विगतमा आएका विपद् तथा त्यसले निम्त्याएको जनधनको क्षति, तथा जोखिम निम्त्याउन सक्ने अवस्थाहरुको आधारमा विश्लेषण गर्दा पहिरो सबैभन्दा बढी खतराको रुपमा देखिन्छ । कमजोर भौतिक संरचना, काठ तथा माटाका घरहरु, भिरालो जमिनमा रहेका घरहरु भएको तथा जोखिमबाट हुनसक्ने क्षति न्यूनिकरणको पूर्वतयारी तथा सचेतनामा भएको कमीका कारण पहिरोबाट हुन सक्ने असर

जिल्ला भरी नै रहेको छ । त्यसै गरी बस्ति तथा बन क्षेत्रमा हुने आगलागी पनि जिल्लामा हुन सक्ने मुख्य विपदमा पर्दछ । वि.सं. २०७२ सालमा गएको विनासकारी भूकम्पका कारण कमजोर भएको भूसंरचना तथा भिरालो जमिनको कारण पहिरो गई जनधनको क्षति हुन सक्ने आंकलन गर्न सकिन्छ । समग्रमा विगतको क्षतिको तथ्यांकमा आधारित रहेर हेर्दा जिल्लागत अवस्था निम्न रहेको देखिन्छ :-

### समग्र प्रकोपका आधारमा संकटाभिमुख नगरपालिका तथा गाउँपालिका नक्सांकन:

| उच्च जोखिममा रहेका नगरपालिका/गाउँपालिका | मध्यम जोखिममा रहेका नगरपालिका/गाउँपालिका | न्यून जोखिममा रहेका नगरपालिका/गाउँपालिका |
|---|---|---|
| | वगनासकाली गाउँपालिका, पूर्वखोला गाउँपालिका, माथागढी गाउँपालिका, रैनादेवी छहरा गाउँपालिका, रिव्दिकोट गाउँपालिकानिस्दी गाउँपालिका,रम्भा गाउँपालिका, तिनाउँ गाउँपालिका | तानसेन नगरपालिका, रामपुर नगरपालिका |

### पहिरोका आधारमा संकटाभिमुखक्षेत्र नक्सांकन:

| उच्च जोखिममा रहेका नगरपालिका/गाउँपालिका | मध्यम जोखिममा रहेका नगरपालिका/गाउँपालिका | न्यूनजोखिममा रहेका नगरपालिका/गाउँपालिका |
|---|---|---|
| तिनाउँ गाउँपालिका, रम्भा गाउँपालिका,रैनादेवी छहरा गाउँपालिका, रिव्दिकोट गाउँपालिका, रामपुर नगरपालिका | तानसेन नगरपालिका,निस्दी गाउँपालिका, पूर्वखोला गाउँपालिका, माथागढी गाउँपालिका, वगनासकाली गाउँपालिका | |

### बाढीका आधारमा संकटाभिमुखता नगरपालिका तथा गाउँपालिका नक्सांकन:

| उच्च जोखिममा रहेका नगरपालिका/गाउँपालिका | मध्यम जोखिममा रहेका नगरपालिका/गाउँपालिका | न्यून जोखिममा रहेका नगरपालिका/गाउँपालिका |
|---|---|---|
| तिनाउँ गाउँपालिका, माथागढी गाउँपालिका | वगनासकाली गाउँपालिका, रम्भा गाउँपालिका, पूर्वखोला गाउँपालिका, तानसेन नगरपालिका, रामपुर नगरपालिका | रैनादेवी छहरा गाउँपालिका, रिव्दिकोट गाउँपालिका, निस्दी गाउँपालिका |

### आगलागीका आधारमा संकटाभिमुखता नगरपालिका तथा गाउँपालिका नक्सांकन:

| उच्च जोखिममा रहेका नगरपालिका/गाउँपालिका | मध्यम जोखिममा रहेका नगरपालिका/गाउँपालिका | न्यून जोखिममा रहेका नगरपालिका/गाउँपालिका |
|---|---|---|
| तानसेन नगरपालिका,तिनाउँ गाउँपालिका,रैनादेवी छहरा गाउँपालिका,माथागढी गाउँपालिका, रम्भा गाउँपालिका, | पूर्वखोला गाउँपालिका रिव्दिकोट गाउँपालिका, निस्दी गाउँपालिका | वगनासकाली गाउँपालिका, रामपुर नगरपालिका |

**सडक दुर्घटनाका आधारमा संकटाभिमुखक्षेत्र नक्सांकनः-**

| उच्च जोखिममा रहेका नगरपालिका/गाउँपालिका | मध्यम जोखिममा रहेका नगरपालिका/गाउँपालिका | न्यून जोखिममा रहेका नगरपालिका/गाउँपालिका |
|---|---|---|
| तानसेन नगरपालिका, तिनाउँ गाउँपालिका, रिव्दिकोट गाउँपालिका, रम्भा गाउँपालिका | वगनासकाली गाउँपालिका, माथागढी गाउँपालिका, रैनादेवी छहरा गाउँपालिका, रामपुर नगरपालिका, वगनासकाली गाउँपालिका, पूर्वखोला गाउँपालिका, निस्दी गाउँपालिका | |

## २.३ निकायगत भूमिका तथा जिम्मेवारी

विपद् प्रतिकार्य तथा व्यवस्थापन कार्यमा विषयगत क्षेत्रको अवधारणा आई सकेपछि पाल्पा जिल्लाले आफ्नो पूर्वतयारी तथा प्रतिकार्य योजनामा विभिन्न निकायलाई आवद्ध गरी जिम्मेवारी सहित काम गरे पश्चात् हाल यस जिल्लामा विभिन्न क्षेत्रहरु तय गरी उक्त विषयगत क्षेत्रहरुको समन्वयमा पूर्वतयारी तथा प्रतिकार्यका गतिविधिहरु सञ्चालन गरिएको छ। तर संघीय संरचना पश्चात् विगतका वर्षहरुमा तोकिएको विषयगत कार्यालयहरु हाल जिल्लामा केही मात्र रहेको साथै उक्त निकायहरुमा पनि कार्यक्रमगत बजेटहरु विनियोजन नभएको कारणले स्वःस्फूर्त रुपमा जिम्मेवारी लिन सकेको अवस्था छैन। केही विषयगत क्षेत्रको नेतृत्व स्थानीय तहले लिनुपर्ने गरी जिम्मेवारी हस्तान्तरण गरिए पनि प्रभावकारी रुपमा कार्यान्वयन हुन सकिरहेको छैन। हाल विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अन्तर्गतका जिम्मेवार प्राप्त क्षेत्रगत निकायहरुको निकायगत भूमिका र जिम्मेवारी प्रस्तुत गरिएको छ।

| क्र.सं. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | • समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने,<br>• खोज तथा उद्धार कार्यमा सुरक्षा निकाय परिचालन गर्ने,<br>• आवश्यकता अनुसार क्षेत्रीय तथा केन्द्रीय स्तरमा सहयोग माग गर्ने (मानवीय, आर्थिक, भौतिक सहयोग)। |
| २ | जिल्ला समन्वय समिति | प्रमुख | • सूचना संकलन तथा समन्वय कार्य गर्ने,<br>• समन्वयात्मक कार्यमा सहयोग गर्ने,<br>• अनुगमन, सहजीकरण |
| ३ | सबै स्थानीय तहहरु | अध्यक्ष/प्रमुख | • विषयगत समितिमा रही क्षेत्रगत अगुवा भूमिका निर्वाह गर्ने,<br>• सम्बन्धित क्षेत्रहरुको आपतकालीन योजना निर्माण गर्ने,<br>• आवश्यकता अनुसार समन्वयकारी भूमिका निर्वाह गर्ने,<br>• आपतकालीन सामाग्रीहरुको व्यवस्थापन गर्ने,<br>• विपद् प्रतिकार्य, राहत संकलन तथा वितरण कार्य सञ्चालन गर्ने,<br>• आर्थिक तथा मानवीय स्रोतहरुको व्यवस्थापन गर्ने। |

| | | | |
|---|---|---|---|
| | | | • आवास तथा पून:स्थापना कार्य गर्ने,<br>• स्रोत (आर्थिक, भौतिक, मानविय श्रोत) परिचालन तथा समन्वय गर्ने। |
| ४ | जिल्ला स्तरीय सरकारी कार्यालयहरु | प्रमुख | • क्षेत्रगत सदस्यको रुपमा रही भूमिका निर्वाह गर्ने,<br>• माथिल्लो निकाय तथा मातहतका कार्यालयसँग सहयोगको लागि समन्वय गर्ने,<br>• विपद् व्यवस्थापन समितिले दिएको थप जिम्मेबारी पूरा गर्ने। |
| ५ | सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल) | प्रमुख तथा प्रतिनिधि | • मुख्यत: खोज तथा उद्धार कार्यको नेतृत्व साथै उद्धार कार्य गर्ने,<br>• अत्यावश्यक पूर्वाधारहरुको अवरोध हटाउने,<br>• सुरक्षा व्यवस्था मजवुद बनाउने,<br>• क्षेत्रगत समितिमा रही सहयोग गर्ने। |
| ६ | राजनैतिक दलहरू (जिल्ला स्थित सम्पूर्ण राजनैतिक दलहरु) | दलका प्रमुखहरू | • समन्वयात्मक कार्य गर्ने,<br>• स्रोत संकलनमा सहयोग गर्ने,<br>• द्वन्द्व व्यवस्थापनमा सहयोग गर्ने, स्थानीय अवरोध हटाउने,<br>• प्रभावित क्षेत्रमा जनपरिचालन गर्ने। |
| ७ | नेपाल रेडक्रस सोसाइटी | सभापति | • सवै निकायहरुको सहकार्यमा जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न सहयोग गर्ने,<br>• प्रवन्धकारी भूमिका निर्वाह गर्ने,<br>• गैरखाद्य सामाग्री तथा अस्थायी आवासको व्यवस्थापन गर्ने,<br>• सूचना संकलन तथा सम्प्रेषणमा स्वयम्सेवक परिचालन गर्ने,<br>• विपद्को समयमा बन्दोबस्ती व्यवस्थापनमा सहयोग गर्ने। |
| ८ | उद्योग वाणिज्य संघ | अध्यक्ष | • सुख्खा तथा तयारी खाना जस्तै: चिउरा, भुजा, बिस्कुट जस्ता खाद्य सामाग्री संकलन, वितरण र व्यवस्थापनमा सहयो गर्ने। |
| ९ | संचार माध्यम | नेपाल पत्रकार महासंघ, एफ.एम. र सञ्चारकर्मीहरु | • तथ्य परक सूचना संकलन तथा सम्प्रेषण गर्ने। |
| १० | पेशागत व्यवसायी (हेभी उपकरण, निर्माण व्यवसायी, कृषक तथा | अध्यक्ष | • उद्धार, राहत तथा संरक्षण कार्यमा सहयोग गर्ने। |

| | | | |
|---|---|---|---|
| | जल उपभोक्ता, सा.व.उ.स. महासंघ | | |
| १० | गै.स.स. महासंघहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. | प्रमुख तथा प्रतिनिधि | • मानव स्रोत परिचालन गर्ने,<br>• स्रोत संकलन तथा वितरणमा सहयोग गर्ने,<br>• गै.स.स. बीच समन्वयात्मक सहयोग गर्ने,<br>• क्षमता विकास तथा सहजीकरण कार्य गर्ने,<br>• जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयारी गर्न रेडक्रससँग सहकार्य गर्ने,<br>• विषयगत क्षेत्रका योजना तर्जूमा गर्न सहजीकरण गर्ने। |

## २.४ क्षेत्रगत (Cluster) अगुवाहरुको विवरण

| क्र.सं. | क्षेत्र | कार्यालय/संघ/संस्था | सम्पर्क व्यक्ति | मोवाइल | कैफियत |
|---|---|---|---|---|---|
| १ | पूर्व सूचना, समन्वय र सर्वेक्षण | जिल्ला समन्वय समिति | समन्वय प्रमुख | ९८५७०७५४२४ | |
| २ | खोज तलास र उद्धार | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | ९८५७०७५४२४<br>९८५७०५७७७७ | |
| ३ | आपतकालीन आवास तथा गैरखाद्य | नेपाल रेडक्रस सोसाइटी | सभापति | ९८४७०२८०२६ | |
| ४ | खाद्य | सम्बन्धित गाउँ/नगरपालिका | प्रमुख/अध्यक्ष | | |
| ५ | खानेपानी तथा सरसफाई | सम्बन्धित गाउँ/नगरपालिका | प्रमुख/अध्यक्ष | | |
| ६ | स्वास्थ्य तथा पोषण | सम्बन्धित गाउँ/नगरपालिका | प्रमुख/अध्यक्ष | | |
| ७ | शिक्षा | सम्बन्धित गाउँ/नगरपालिका | प्रमुख/अध्यक्ष | | |
| ८ | संरक्षण | जिल्ला प्रशासन कार्यालय | सहायक प्रमुख जिल्ला अधिकारी | ९८५७०६०३३३ | |
| ९ | पुनर्निर्माण | स्थानीय तह | प्रमुख प्रशासकीय अधिकृत / प्रमुख/अध्यक्ष | ९८५७०४३२२२ | |

## २.५ सहयोगी निकायहरूमा अपुग/अभाव (GAP) देखिएका सामाग्री, स्रोत साधन र क्षमता

- जिल्लामा आपतकालीन कार्यसञ्चालनकेन्द्रमा तालिम प्राप्त जिम्मेवार जनशक्ति नभएको।
- पूर्व सूचना प्रणालीको प्रयास भए पनि सीमित क्षेत्रहरु मात्र समेटिएको।
- जिल्ला स्थित सरकारी तथा गैर सरकारी संस्थाहरुको सेवा निरन्तरता योजना नरहेको।
- आकस्मिक तथा बहुक्षेत्रीय द्रुत लेखाजोखाका बारेमा अभिमुखीकरण तथा आवश्यक सामाग्री तयारी अवस्थामा नरहेको।
- प्रभावित परिवारहरुलाई उपलब्ध गराउने खाद्य तथा गैर खाद्य सामाग्रीहरुको मौज्दात अपुग रहेको।
- खुला तथा सुरक्षित स्थानहरुको पहिचानमा अपर्याप्तता।
- बैकल्पिक मार्ग तथा यातायातका साधनहरुको पहिचान तथा नक्सांकन नभएको।
- खोज तथा उद्धार कार्यका लागि तालिम प्राप्त जनशक्ति अपर्याप्त तथा पूनर्ताजगीको अभाव रहेको।
- आपतकालीन शिविर निर्माण सामाग्री तथा खाध्य भण्डारणका लागि गोदाम घर नभएको।
- बन्दोबस्तीका सामाग्री तथा अन्य खाद्य सामाग्रीहरु संकलन गर्न कोष नभएको तथा क्षेत्रगत बजेट नभएको।
- महिला, बालबालिकाको खोजतलास तथा फेला परेकालाई संरक्षणको समस्या।

## परिच्छेद :- ३

## पूर्वतयारी तथा प्रतिकार्य योजना

### ३.१ विषयगत क्षेत्र:सूचना, सर्वेक्षण तथा समन्वय

**नेतृत्व गर्ने निकाय:जिल्ला समन्वय समिति, पाल्पा**

### ३.१.१ विषयगत क्षेत्रको सदस्यहरुको सूची:

| क्र.सं | क्षेत्रगत साझेदारहरूको नाम | पद | टेलिफोन नम्बर | इमेल ठेगाना |
|---|---|---|---|---|
| १ | जिल्ला समन्वय समिति, पाल्पा | प्रमुख | ९८५७०७५४२४ | |
| २ | जिल्ला प्रशासन कार्यालय, पाल्पा | प्रमुख जिल्ला अधिकारी | ९८५७०५७७७७ | |
| ३ | तानसेन नगरपालिका, पाल्पा | प्रमुख | ९८५७०६०३५३ | |
| ४ | रामपुर नगरपालिका, पाल्पा | प्रमुख | ९८५१०३३९२१ | |
| ५ | निस्दी गाउँपालिका, पाल्पा | अध्यक्ष | ९८५७०६८०१२ | |
| ६ | पूर्वखोला गाउँपालिका, पाल्पा | अध्यक्ष | ९८५७०६५५४४ | |
| ७ | बगनासकाली गाउँपालिका, पाल्पा | अध्यक्ष | ९८४७०४२२६६ | |
| ८ | रिब्दिकोट गाउँपालिका, पाल्पा | अध्यक्ष | ९८५७०६०३८३ | |
| ९ | तिनाउँ गाउँपालिका, पाल्पा | अध्यक्ष | ९८५७०६०६५८ | |
| १० | रैनादेवी छहरा गाउँपालिका, पाल्पा | अध्यक्ष | ९८४९०७७०२९ | |
| ११ | माथागढी गाउँपालिका, पाल्पा | अध्यक्ष | ९८५७०६०२३१ | |
| १२ | रम्भा गाउँपालिका, पाल्पा | अध्यक्ष | ९८४७२२५७७९ | |
| १३ | दि फेमश महिन्द्र दल गण, पाल्पा | प्रमुख | ९८५१२०४३३६ | |
| १४ | जिल्ला प्रहरी कार्यालय, पाल्पा | प्रमुख | ९८५७०९५५५५ | |
| १५ | सशस्त्र प्रहरी बल ३५ नं. गुल्म, पाल्पा | प्रमुख | ९८४१५२८८१६ | |
| १६ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाल्पा | प्रमुख | ९८५७०६५०५९ | |
| १७ | शिक्षा विकास तथा समन्वय इकाइ, पाल्पा | प्रमुख | ९८५७०६५९८० | |
| १८ | पाल्पा अस्पताल, पाल्पा | प्रमुख | ९८५७०७७१५४ | |
| १९ | स्वास्थ्य कार्यालय, पाल्पा | प्रमुख | ९८५७०८०७३९ | |
| २० | कृषि ज्ञान केन्द्र, पाल्पा | प्रमुख | ९८५७०६५२९४ | |
| २१ | शहरी विकास तथा भवन कार्यालय, पाल्पा | प्रमुख | ९८५७०६५१५२ | |
| २२ | नेपाल रेडक्रस सोसाइटी, पाल्पा | सभापति | ९८४७०२८०२६ | |
| २३ | नेपाल पत्रकार महासंघ, पाल्पा | अध्यक्ष | ९८५७०६०६९८ | |
| २४ | उद्योग वाणिज्य संघ, पाल्पा | अध्यक्ष | ९८५७०६००८८ | |
| २५ | व्यापार संघ, पाल्पा | अध्यक्ष | ९८५७०६५४०२ | |
| २६ | नेपाल टेलिकम, पाल्पा | प्रमुख | ९८५१००४८४४ | |
| २७ | नेपाल विद्युत प्राधिकरण, पाल्पा वितरण केन्द्र | प्रमुख | ९८५७०७५५११ | |

### ३.१.२ विपद्  पश्चातको सम्भावित परिदृष्य:

- सूचना प्रसारण प्रविधिहरू अवरुद्ध वा नष्ट हुने,
- सडक, पुल, विद्युत आपूर्ति, सञ्चार आदि सार्वजनिक पूर्वाधारहरू क्षतिग्रस्त हुने,
- आवागमन अवरुद्ध भएर प्रभावित क्षेत्रमा पहुँचको कठिनाइ हुने,
- आवास तथा व्यक्तिगत सम्पत्ति अस्थायी रूपमा क्षति र बालबालिका, महिला, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति मुख्य रूपमा प्रभावित हुने,
- ठूलो सङ्ख्यामा मानिस विस्थापित हुने,
- उद्धार, सुरक्षा, राहत वितरण जस्ता मानवीय कार्यका लागि आवश्यक सूचना संकलन गर्न र सबै क्षेत्र तथा सरोकारवालासँग समन्वयकारी भूमिका निर्वाह गर्न कठिन हुने।

### ३.१.३ क्षेत्रगत उद्देश्य:

समन्वय, सूचना संकलन, विश्लेषण र प्रवाहका वैकल्पिक उपायहरू पहिचान गरी सम्वन्धित क्षेत्र र सरोकारवालालाई सही सूचना उपलब्ध गराई विपद् प्रतिकार्यलाई समन्वयात्मक बनाउन सुनिश्चितता प्रदान गर्नु यस क्षेत्रको प्रमुख उद्देश्य हुनेछ।

### ३.१.४ समष्टिगत उद्देश्य:

- विपद्को समयमा सरकार, दातृ तह, सबै क्षेत्र (Cluster), सहयोगी संस्था तथा नागरिक समाजबीच समन्वय कायम गर्नु,
- निर्धारित समयभित्र "बहुक्षेत्र द्रूत लेखाजोखा विश्लेषण (Multy Cluster Initial Rapid Assessement-MIRA)" गर्न आवश्यक समन्वय गर्नु र मिरा कार्य दललाई सहयोगको व्यवस्था मिलाउनु,
- सूचना प्रवाहको वैकल्पिक उपाय पहिचान गरी सूचना प्रवाहलाई सुनिश्चित गर्नु,
- नियमित रूपमा अनुगमन गरी क्षेत्रहरूलाई पृष्ठपोषण दिनु,
- प्रतिकार्यका सन्दर्भमा आवश्यकता अनुसार क्षेत्र र केन्द्रमा सम्पर्क र समन्वय गर्नु।

### ३.१.५ पूर्वसूचना प्रणाली

प्रकोप प्रभावित समुदायलाई समयमै सम्भावित विपद्को बारेमा सचेत गराउन अपनाइने माध्यम विपद् पूर्व सूचना प्रणाली हो। पूर्व सूचना प्रणालीलाई समन्वय र सूचना व्यवस्थापन अन्तर्गत राख्न सकिन्छ। प्रकोप प्रभावित समुदायले समयमै प्रकोपको स्थितिको बारेमा जानकारी प्राप्त भए उनीहरू सोही अनुरुप पूर्व तयारी हुन सक्षम हुन्छन् जसले गर्दा जनधनको क्षति कम हुन गई विपद् प्रभावितहरूको संख्यामा कमी हुन सक्दछ। तसर्थ जिल्लामा बिभिन्न संघ संस्थाहरूको समन्वय र सहकार्यमा विपद् पूर्व सूचनाको प्रणाली स्थापना हुन अत्यावश्यक भई सकेको छ।

#### पूर्वसूचना प्रणालीको भूमिका:

- पूर्व सूचना प्रणाली अन्तर्गत स्थापना भएको संचारको च्यानल मार्फत प्रभावकारी समन्वय र प्रयोग गरेर,
- समयमै सुरक्षा तहहरूलाई प्रकोपको अवस्थितिको बारेमा जानकारी दिइ खोजतलास तथा उद्धार कार्यमा तयारी गर्नका लागि,
- सोही सूचनाका आधारमा सम्वन्धित क्षेत्रमा रहेका खोज तथा उद्धार सामाग्रीहरू प्रयोगमा ल्याउन,
- पूर्व सूचना प्रणाली स्थापना गरिएका समुदायहरू बाहेकका अन्य समुदायहरूमा छिटो र छरितो रुपमा सेवा प्रदान गर्न।

## परिच्छेद ४
## पाल्पा जिल्लाको विपद् जोखिम न्यूनिकरण, पूर्व तयारी तथा प्रतिकार्य योजना

**४.१ पूर्वतयारी योजनाः** जिल्ला विपद व्यवस्थापन समितिले स्थानीय तहहरु, अन्य सरोकारवाला निकायहरु संलग्नता सहित स्थानीय तहहरुको छुट्टा छुट्टै र जिल्लाको समग्र विपद व्यवस्थापन योजना तयार गर्नको लागि देहाय अनुसार कार्य सम्पादन गर्नेछ ।

| क्र.स. | गतिविधि | लक्ष्य | निकायहरु | सहयोगी/ स्थानीय सरकार सबै |
|---|---|---|---|---|
| १ | जिल्ला विपद व्यवस्थापन समितिको बैठक बस्ने | वर्षको कम्तीमा चार पटक | जिल्ला प्रशासन कार्यालय | राजनीतिक दल, समन्वय समिति, विषयगत कार्यालय, स्थानीय तहका प्रमूखहरु, रेडक्रस, गैर सरकारी संस्था, नेपाल पत्रकार महासंघ |
| २ | सुचना प्रविधिको प्रयोग गरी तथ्य मुलक सुचना संकलन, विश्लेषण र सम्प्रेषण | निरन्तर | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला सुरक्षा समिति, स्थानीय तह | निजी क्षेत्र, समूदाय, संचार क्षेत्र, NTC, NCELL |
| ३ | बजेट व्यवस्था गर्ने | निरन्तर | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह | उद्योग वाणिज्य संघ, रेडक्रस |
| ४ | प्रत्येक स्थानीय तहले खूला ठाँउको पहिचान गर्ने । | ३ महिना भित्र | स्थानीय तह | जिल्ला प्रशासन कार्यालय, मालपोत र नापी कार्यालय |
| ५ | सबै स्थानीय तहलाइ समेटने गरी Equipment सहितको QRT/IRT र उद्धारकर्मीको Team खडा गरी दुरुस्त राख्ने । | निरन्तर | जिल्ला सुरक्षा समिति, विषयगत कार्यालयहरु | जिल्ला समन्वय समिति, उद्योग वाणिज्य संघ, रेडक्रस, स्काउट, तालिम प्राप्त विज्ञ समुह |
| ६ | खाद्यान्न, इन्धन र राहत सामग्रीको भण्डारको व्यवस्था गर्ने | निरन्तर | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, उद्योग वाणिज्य संघ, व्यापार संघ, | कृषि ज्ञानकेन्द्र, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, कृषि सामाग्री संस्थान, ग्याँस विक्रेता संघ, पेट्रोलियम डिलर्स एसोशिएसन, व्यवसायिक प्रतिष्ठान |
| ७ | तटबन्ध, बाढी र पहिरोको नियन्त्रण तार जालिको व्यवस्थापन | निरन्तर | स्थानीय तह, भु तथा जलाधार व्यवस्थापन कार्यालय, जलश्रोत तथा सिचाई विकास डिभिजन, सडक डिभिजन | नेपाल सरकार, प्रदेश सरकार, डिभिजन वन कार्यालय, भुगर्भ विद्हरु |

| | | | | |
|---|---|---|---|---|
| ८ | विपद् जोखिम क्षेत्रको नक्शांकन तथा वस्तीहरुको पहिचान | निरन्तर | जिल्ला सुरक्षा समिति, स्थानीय तह, नापी कार्यालय, भु तथा जलाधार व्यवस्थापन कार्यालय | शहरी विकास तथा भवन निर्माण कार्यालय, भुगर्भ विद्हरु |
| ९ | संभावित जोखिम भएका स्थानको जानकारी सर्व साधारणहरुलाई गराउने | निरन्तर | स्थानीय तह, DEOC,सुरक्षा निकायहरु र नेपाल पत्रकार महासंघ | गैर सरकारी संस्था रेडक्रस |
| १० | अस्पतालहरु, स्वास्थ्य चौकीहरुमा औषधीहरु सहितको उपचार गर्न तयारी अवस्थामा राख्ने, कोभिड-१९ रोकथाम तथा व्यवस्थापनका लागि स्थानिय तहसंगको समन्वयमा तयारी अवस्थामा रहने | निरन्तर | स्थानीय तह, स्वास्थ्य कार्यालय, अस्पताल/स्वास्थ्य चौकीहरु | जिल्ला सुरक्षा समिति, औषधी व्यवसायीहरु, उद्योग वाणिज्य संघ, रेडक्रस |
| ११ | मनसुनको समयमा हुन सक्ने संभावित सडक अवरोधलाई हटाउन तत्काल समाधान गर्न हेभी Equipment सहितको आवश्यक जनशक्ति रणनीतिक स्थानमा राख्ने। | आषाढ देखि आश्विन सम्म | सडक डिभिजन कार्यालय, स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, शसस्त्र प्रहरी बल | यातायात व्यवसायीहरु |
| १२ | बाढी, पहिरो, आगलागी, भुकम्प, जस्ता विपद्का घटनाहरु र सो बाट हुने क्षतिका सम्बन्धमा जनचेतना फैलाउनुका साथै संभावित जोखिम न्युनीकरणका लागि सम्बद्ध सबैले समन्वय गर्ने Fire fighting equipment व्यवस्थापन गर्ने। | कम्तिमा वर्षकी | जिल्ला समन्वय समिति, प्रदेश, जिल्ला र स्थानीय विपद् व्यवस्थापन समितिहरु, राजनीतिक दलहरु | सार्वजनिक संस्था, रेडक्रस, स्वास्थ्य कार्यालय, सम्वन्धित कार्यालयहरु<br>स्थानिय सरकारहरु |
| १३ | झाडा पखाला, निमोनिया, ज्वरो लगायतका रोगहरुको महामारी नियन्त्रण गर्ने इक्युपमेन्ट आपूर्ति व्यवस्थापन, बिशेषत कोभिड १९ को महामारी | सुचना प्राप्त पश्चात बर्ष भरी | स्थानीय तह, स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल, आर्युवेद कार्यालय, निजी क्षेत्रका अस्पताल तथा स्वास्थ्य संस्था क्वारेन्टाइन | नेपाल सरकार, प्रदेश सरकार, डिभिजन वन कार्यालय, नेपाल पत्रकार महासंघ, रेडक्रस<br>स्थानीय सरकार |

| | | | | |
|---|---|---|---|---|
| | सचेतना, क्वारेन्टाइन, आईसोलेसन वार्डहरु संक्रमण जोखिम स्थान पहिचान आदि। | | अइसोलेसन कक्ष स्थापना आवश्यक उपकरण सामाग्री व्यवस्थापन | |
| १४ | जिल्ला आपत्कालिन कार्य संचालन केन्द्र (DEOC) लाइ High Alert Phase मा राख्ने | निरन्तर | जिल्ला सुरक्षा समिति | रेडक्रस |
| १५ | स्थानीय स्वमसेवकहरुको गठन गर्ने | निरन्तर | जिल्ला समन्वय समिति, स्थानीय तह, रेडक्रस | राजनीतिक दल |
| १६ | भौतिक संरचनाहरु निर्माण गर्दा भवन संहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने। | निरन्तर | स्थानीय तह | सहरी विकास तथा भवन निर्माण कार्यालय |
| १७ | विपद् प्रतिकार्यका लागि आपतकालिन नमुना अभ्यास गर्ने / गराउने | वर्षको २ पटक | रेडक्रस | स्थानीय तह विपद् व्यवस्थापन समिति, गैर सरकारी संस्था, नागरिक समाज, निजी क्षेत्र, सार्वजनिक संस्था, व्यवसायिक प्रतिष्ठान |
| १८ | विपद्को समयमा मृत्यु हुन सक्ने मानिसको तथा जनावरको शव व्यवस्थापनको लागि खाली स्थानको पहिचान गर्ने | यथासक्य छिट्टै | स्थानीय तह | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति |

## ४.२ प्रतिकार्य योजनाः

यस जिल्लामा विपदका घटनाहरुलाई प्रतिकार्य गर्नको लागि समग्र जिल्लालाई विभिन्न विपदका घटनाहरुलाई श्रेणीकरण गरी चार सेक्टरमा विभाजन गरी कार्य संचालन गर्दा प्रभावकारी हुने देखिन्छ। सेक्टर विभाजन प्राकृतिक तथा मानव सिर्जित प्रकोपका घट्नामा जनधनको क्षती भई हुन सक्ने खतरालाई सहजताका साथ ब्यबस्थित तथा प्रभावकारी रुपमा उद्धार र राहत प्रदान गर्न यस जिल्लाको भौगोलिक वनावट अनुसार निम्न सेक्टरमा बिभाजन गरिएको छ।

(१) नं.१ सेक्टर. तानसेन नगरपालिका र आसपासका गाउँपालिकाहरु ("क" गुल्म गण हे.क्वा.)

(२) नं.२ सेक्टर. तानसेन नगरपालिका र आसपासका गाउँपालिकाहरु ("ख" गुल्म रामपुर)

(३) नं.३ सेक्टर. माडी, सराई र आसपासका गाउँपालिकाहरु ("ग" गुल्म गण हे.क्वा.)

(४) नं.४ सेक्टर. चरचरे, झुम्सा, सिद्धबाबा र आसपासका गाउँपालिकाहरु (मद्दती र बन्दोबस्ती गुल्म संयुक्त रुपमा)।

## ४.३ जिल्ला विपद् व्यवस्थापन समितिले गर्नु पर्ने कार्य तथा तयारीहरु

जिल्ला विपद व्यवस्थापन समितिले गर्नु पर्ने कार्यहरु निम्न अनुसार रहेका छन्।

(क) जिल्ला स्तरीय सरकारी संस्था, सामुदायिक संस्था, विपदबाट प्रभावित वा सम्भाव्य प्रभावित समुदाय, जिल्ला स्थित विज्ञहरु, सामाजिक कार्यकर्ता एवं व्यक्तिहरु समेतलाई संलग्न गरी जिल्ला स्तरीय विपद् व्यवस्थापन योजना बनाउने र यस्ता योजनाहरु कार्यान्वयन सवै पक्षहरुलाई संलग्न गराउन सम्बन्धित सबैलाई तयारी हालतमा राख्ने।

(ख) जिल्लाको विपद् सम्बन्धी पूर्व चेतावनी व्यवस्था जस्ता विपद् जोखिम न्यूनिकरणका विभिन्न पक्षको अवस्थाबारे समितिलाई जानकारी दिने।

(ग) आवश्यकता अनुसार प्रादेशिक विपद् व्यवस्थापन समितिसंग परामर्श लिई जिल्लाको भौतिक अवस्था, संस्थागत क्षमता तथा उपलव्ध श्रोत, साधन समेतलाई मध्यनजर गर्दै उपयुक्त पुर्व तयारी, न्यूनिकरण, उद्धार तथा राहत साथै पुर्नस्थापना तथा पुनर्निर्माण रणनीति तयार गर्ने।

(घ) जिल्ला स्तरीय आपतकालिन योजना निर्देशिका समय समयमा समिक्षा गर्ने।

(ङ) समय समयमा सबै पक्षहरुलाई सहभागी गराई विपद् व्यवस्थापन तालिम संचालन गर्ने।

(च) विपद् व्यवस्थापन सम्बन्धी सवै अवस्थामा संचार माध्यमलाई अधिकतम सहभागी गराई क्रियाशील राख्ने।

(छ) स्थानीय स्तरको विपद् व्यवस्थापन योजना निर्माणगर्न आर्थिक तथा प्राविधिक सहयोग गर्ने।

(ज) विपद् व्यवस्थापनका लागि आवश्यक जनशक्ति र साधनहरुलाई तयारी हालतमा राख्ने।

जिल्ला विपद् व्यवस्थापन समितिको योजना अनुसारको योजना अनुसार जिल्लामा हुने जुनसुकै विपद्हरुको प्रतिकार्यको लागि सरोकारवाला निकायहरुले विपद् व्यवस्थापन पूर्व तयारी योजना अनुसार समन्वय र सहकार्य गर्दै विपद् व्यपस्थापन तालिम प्राप्त टोलीलाई परिचालन गरी देहाय अनुसार कार्य सम्पादन गर्नेछ।

| क्र.सं. | गतिविधि | लक्ष्य | निकायहरु | सहयोगी |
|---|---|---|---|---|
| १ | घटना थाहा पाउना साथ सबै निकायहरुसंग समन्वय गरी सूचना लिने | निरन्तर | सार्वजनिक संस्था, स्थानीय तह र व्यक्तिहरु | सरोकारवाला निकायहरु |
| २ | तालिम प्राप्त खोज तथा उद्धार टोलीलाई तुरुन्त घटनास्थलमा परिचालन गर्ने | घटनाको सूचना प्राप्त हुन साथ | जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय उद्धार कार्यको समुह | रेडक्रस, स्काउट, गैर सरकारी संस्था, स्वयं सेवक, विशेषज्ञ |
| ३ | विपद् प्रभावितको खोज तथा उद्धार संचालन गर्ने | तुरुन्त | गोरखदल गण, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा स्थानीय समुदाय/स्थानीय तह | रेडक्रस, स्काउट, गैर सरकारी संस्था, स्वयं सेवक, विशेषज्ञ, सार्वजनिक संस्था, व्यवसायिक प्रतिष्ठान, नागरिक समाज |
| ४ | स्वास्थ्य शिविरहरु खडा गरी प्राथमिक उपचार गर्ने र अवस्था हेरी नजिकको स्वास्थ्य संस्थामा पु-याउने प्रवन्ध गर्ने | यथासक्य छिटो | स्थानीय तह, | स्वास्थ्य शिविरहरु खडा गरी प्राथमिक उपचार गर्ने र अवस्था हेरी नजिकको स्वास्थ्य संस्थामा पु-याउने प्रवन्ध गर्ने |
| ५ | अस्थायी आश्रय स्थलको व्यवस्था गरी खाद्यान्न र गैर खाद्यान्न सामाग्रीको वन्दोवस्त गर्ने | यथासक्य छिटो | स्थानीय तह, सार्वजनिक संस्था, व्यवसायिक प्रतिष्ठान | जिल्ला विपद् व्यवस्थापन समिति, शहरी विकास डिभिजन कार्यालय, रेडक्रस, गैर सरकारी संस्था |
| ६ | जनधन, पशु, संरचना र उत्पादनको क्षतीको अभिलेख राख्ने | यथासक्य छिटो | स्थानीय तह, सुरक्षा निकाय, स्वास्थ्य कार्यालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कृषि ज्ञान केन्द्र | जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, रेडक्रस, गैरसरकारी र स्थानीय संस्था, नागरिक समाज, व्यवसायिक प्रतिष्ठान, स्वयं सेवक, निजी क्षेत्र |

| | | | | |
|---|---|---|---|---|
| ७ | विपद् बाट प्रभावितहरुको लागि निर्धारित मापदण्ड बमोजिम विभिन्न निकायहरुबाट प्राप्त नगद, त्रिपाल सहित राहतका सामाग्री वितरणमा सहयोग पुर्याउने | पहिचान भए पछि | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, रेडक्रस | नेपाल सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, गैर सरकारी संस्था, व्यवसायिक प्रतिष्ठान |
| ८ | विपद्को जोखिममा रहेका असुरक्षित स्थानहरुबाट प्रभावित व्यक्तिहरुलाई सुरक्षित स्थानमा स्थानान्तरणा गर्ने । | सुचना प्राप्त हुनसाथ | स्थानीय तह र सुरक्षा निकायहरु, स्वास्थ्य कार्यालय, जिल्ला समन्वय समिति | सहरी विकास तथा भवन कार्यालय, डिभिजन वन कार्यालय, सार्वजनिक संस्था, व्यवसायिक प्रतिष्ठान |
| ९ | पिउने पानी र पानी शुद्धीकरण गराउने | यथासक्य छिटो | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, स्थानीय तह | स्वास्थ्य कार्यालय, रेडक्रस, गैर सरकारी संस्था, व्यवसायिक प्रतिष्ठान |
| १० | संभावित खतराको स्थानमा संचार माध्यम मार्फत र स्थलगत रुपमा माईकिङ गरी सुचना जारी गर्ने | यथासक्य छिटो | स्थानीय तह, जिल्ला सुरक्षा समिति | नेपाल पत्रकार महासंघ NTC, NCELL |
| ११ | आगलागी र डढेलो नियन्त्रण गर्न दमकल लगायतका उपलब्ध Equipment हरुलाई घटनास्थलमा परिचालन गर्ने । | सुचना प्राप्त हुना साथ | स्थानीय तह, डिभिजन वन कार्यालय, सुरक्षा निकाय, वन उपभोक्ता समिति | प्रदेश सरकार, स्थानीय समुदायहरु, गैर सरकारी संस्थाहरु |
| १२ | भत्किएका संरचनाहरुको पुनर्निमाणमा सहयोग गर्ने | प्राविधिक प्रतिवेदन प्राप्त भएपछि | स्थानीय तह, पुनर्निर्माण प्राधिकरण आयोजना, सडक डिभिजन कार्यालय, सहरी विकास तथा भवन निर्माण कार्यालय | नेपाल सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, व्यवसायिक प्रतिष्ठान |
| १३ | कोभिड १९ को संक्रमण बर्षेभरी हुन् सक्ने भएकोले व्यवस्थापन गरिएको वा योजना गरे अनुसार क्वारेन्टाइन, आइसोलेसन वार्ड, आवश्यक औजार तथा वस्तुहरु तत्कालै पुर्याउने जनचेतना लगायतका सवै प्रकृयामा संलग्न हुने | विश्वव्यापी डिसेम्वर २०१९ देखि कोभिडको प्रकोपको कारणले मौजुदा व्यवस्थापनलाई निरन्तरता दिने | सम्वन्धित स्थानीय सरकारहरु, अस्पताल र स्वास्थ्य चौकी, स्वास्थ्य कार्यालय, स्वास्थ्य सम्वन्धी गैर सरकारी संघ संस्थाहरु | संघिय, प्रदेश, स्थानीय तह र सुरक्षा निकायका कार्यालय |

## ४.५ कोभिड-१९ पूर्वतयारी र प्रतिकार्य योजना

| सि.नं. | मुख्य क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | शान्ति सुरक्षा कायम गर्ने | जिल्ला प्रशासन कार्यालय, जिल्ला सुरक्षा समिति, सुरक्षा निकाय | स्थानीय तह | |
| २ | क्वारेन्टिन व्यबस्थापन गर्ने | स्वास्थ्य कार्यालय | स्थानीय तह | महामारी भएको अवस्थामा |
| ३ | Isolation व्यवस्थापन गर्ने | DCMC | स्थानीय तह | महामारी भएको अवस्थामा |
| ४ | स्वास्थ्य परिक्षण | स्वास्थ्य कार्यालय | स्थानीय तह | महामारी भएको अवस्थामा |
| ५ | आगमन व्यवस्थापन | जिल्ला प्रहरी कार्यालय<br>सशत्र प्रहरी वल<br>ट्राफिक कार्यालय<br>यातायात व्यबसायी | यातायात व्यवसायी संस्थाहरु | महामारी भएको अवस्थामा |
| ६ | सेवा प्रवाह सम्बन्धमा | सबै सरकारी कार्यालयहरु | | |
| ७ | खाद्य तथा अत्यावश्यक वस्तुको आपूर्ति सम्बन्धमा | उद्योग वाणिज्य संघ<br>व्यापार संघ | स्थानीय तह<br>व्यापारीहरु | |
| ८ | चाडपर्व व्यवस्थापन सम्बन्धमा | मन्दिर / गुठी व्यवस्थापन | | |
| ९ | खानेपानी | खानेपानी तथा सरसफाई डिभीजन | तानसेन खानेपानी उपभोक्ता समिति र स्थानीय तहहरु | |

## ४.६ विषयगत क्षेत्र:खोज तलास तथा उद्धार

### ४.६.१ नेतृत्व प्रदान गर्ने निकाय: जिल्ला प्रशासन कार्यालय, पाल्पा

विषयगत क्षेत्र सदस्यहरूको सूची:

| क्र. सं. | जिल्लाका क्षेत्रगत साझेदारहरूको नाम | सम्पर्क व्यक्ति | टेलिफोन नम्बर, | ईमेल ठेगाना |
|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय, पाल्पा | प्रमुख जिल्ला अधिकारी | ९८५७०५७७७७ | |
| २ | दि फेमस महिन्द्रा दल गण, पाल्पा | गणपति | ९८५१२०४३३६ | |
| ४ | जिल्ला प्रहरी कार्यालय, पाल्पा | प्रहरी उपरीक्षक | ९८५७०९५५५५ | |
| ५ | सशस्त्र प्रहरी बल ३५ नं. गुल्म, पाल्पा | सशस्त्र प्रहरी नायव उपरीक्षक | ९८४१५२८८१६ | |
| ६ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाल्पा | उप अनुसन्धान निर्देशक | ९८५७०६५०५९ | |
| ९ | नेपाल रेडक्रस सोसाइटी, पाल्पा | सभापति | ९८४७०२८०२६ | |
| १० | उद्योग वाणिज्य संघ, पाल्पा | अध्यक्ष | ९८५७०६००८८ | |
| ११ | व्यापार संघ, पाल्पा | अध्यक्ष | ९८५७०६५४०२ | |

### ४.६.२ विपद् पश्चातको सम्भावित परिदृष्य:

- सार्वजनिक पूर्वाधारहरू (सडक, पुल, विद्युत, आपूर्ति, सञ्चार) क्षति,
- आवास तथा व्यक्तिगत सम्पत्ति, अस्थायी रूपमा क्षति तथा बालबालिका, महिला, वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरु मुख्य रूपमा प्रभावित हुने गरी मानिसहरू विस्थापन,
- विद्यालयमा कक्षा कोठा, प्रहरी चौकी र स्वास्थ्य केन्द्र जस्ता उपलब्ध सार्वजनिक संस्थाहरूमाथि अधिक चाप र नियमित सेवामा अवरोध,
- सामुदायिक संस्थागत ठाउँहरूमा अस्थायी आवासमा बसेको समयमा सामुदायिक स्वास्थ्य सम्बन्धी उपचारमा देखिएका समस्या/चुनौती र वातावरणमा नकारात्मक असरका कारण दीर्घकालीन स्वास्थ्य तथा विकासमा समस्या,
- आवास लगायत अत्यावश्यक मानवीय सहयोग तत्काल आवश्यक हुने गरी विस्थापित परिवार र प्रकोपबाट मानवीय क्षति तथा घाइते,
- प्रतिकार्यका लागि खटिएका स्वयम्सेवकहरुका लागि अत्यावश्यक खाना, खानेपानी तथा सरसफाइको अभाव ।

### ४.६.३ समष्टिगत उद्देश्य:

विपद्को बेला तत्काल खोज तथा उद्धारको आवश्यकता परेका ब्यक्ति, परिवार वा समुदायलाई तत्काल खोज तथा उद्धार गरी मानवीय क्षति तथा भविष्यमा हुन सक्ने अन्य जोखिमहरुको न्यूनिकरण गर्ने ।

### ४.६.४ विशिष्ट उद्देश्य:

- तयारी अवस्थाको लागि विषयगत क्षेत्रको बैठक नियमित रुपमा बस्ने,
- खोज तथा उद्धार सम्बन्धी टोलीको गठन र आवश्यक पूर्वाभ्यास सञ्चालन गर्ने,
- खोज तथा उद्धारका लागि चाहिने आवश्यक उपकरण तथा औजारहरुको उचित भण्डारण, व्यवस्थापन र परिचालन विधिबारे सम्बन्धित जनशक्तिको क्षमता अभिवृद्धि तथा शिघ्र पहुँचको व्यवस्था गर्ने,
- सम्भावित खोज तथा उद्धारको आवश्यकता पर्न सक्ने समुदायको नक्साङ्कन तथा त्यस क्षेत्रमा पहुँच सम्बन्धी वैकल्पिक बाटो, साधन वा अन्य उपाय सहितको योजना र त्यसबारे सो क्षेत्रका जिम्मेवार व्यक्ति वा संस्थालाई अभिमुखीकरण गर्ने,
- जिल्लाको समग्र क्षेत्र विपद्बाट प्रभावित हुने हुनाले क्षेत्रगत हिसावले खोज तथा उद्धार र राहत टोलीको जिम्मेवारी, कार्य विभाजन र थप सहयोगका लागि आवश्यक समन्वय गर्ने,
- विपद्को समयमा हुन सक्ने सम्भावित क्षतिहरु न्यूनिकरण गर्ने ।

### ४.६.५ मानवीय सहयोगका न्यूनतम मापदण्ड:

- विपद् लगत्तै उपकरण सहित खोजी तथा उद्धार (Search and Rescue) टोली खटाउने ।
- सुविधाबाट एकदमै वञ्चित समूह/संकटासन्न अवस्थामा रहेका व्यक्ति लगायत सबैलाई गरिएको उद्धार र वितरण गरिएका सहयोग सम्बन्धी गतिविधिको अनुगमन ।
- आवश्यकता अनुसार Multi cluster Initial Rapid Assessment टीम खटाउने ।
- पहिलो हप्तामा परिस्थितिका बारेमा दैनिक र त्यसपछि हरेक दुई हप्तापछि प्रतिवेदन पेस गर्ने ।
- शिविर समन्वय तथा शिविर व्यवस्थापनको अनुगमन तथा प्रतिवेदन गर्ने ।
- पहिलो हप्तामा हरेक दिन र प्रकोप भएको २४ घण्टाभित्र समाचार सञ्चार माध्यममा पठाउने ।
- आवश्यक राहत व्यवस्थापन गर्ने ।
- स्थानीय विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाउने ।

**प्राथमिक उपचारः-**

घाइतेहरूको खोज तथा उद्धार पश्चात् तत्काल घटनास्थलबाट अस्पताल पुऱ्याउनु अघि प्राथमिक उपचार प्रदान गर्न आवश्यक हुन्छ। तसर्थ प्रभावित क्षेत्रहरूमा सुरक्षा निकायसँग निकटतम् समन्वय गरी घाइतेहरूलाई प्राथमिक उपचारका लागि आवश्यकता अनुसार स्थानीय स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी एवं नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि खटाउने व्यवस्था मिलाउने।

### ४.६.६ पूर्वतयारी कार्ययोजनाः

| क्र.सं. | क्रियाकलापहरु | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | खोज तथा उद्धार सम्बन्धी जनशक्ति तयार गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, रेडक्रस, नेपाल प्रहरी, सप्रबल, नेपाली सेना | बैशाख भित्र |
| २ | विपद्मा उद्धारका लागि परिचालन हुने उद्धारकर्मीको चयन गरी कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | नेपाल प्रहरी, सप्रबल, नेपाली सेना | जेष्ठ पहिलो साता |
| ३ | उद्धारको लागि थप जनशक्ति आवश्यक परेमा थप गर्न सकिने गरी वैकल्पिक उद्धारकर्मीको व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | नेपाल प्रहरी, सप्रबल, नेपाली सेना | जेष्ठ १५ गते सम्म |
| ४ | तत्कालीन उद्धारको लागि स्थानीय तहबाट प्राप्त हुने जनशक्ति, उद्धारका लागि आवश्यक पर्ने साधनको पहिचान र नक्सांकन गर्ने। | क्षेत्र प्रमुख | जिसस, रेडक्रस, अ/गैसस, सुरक्षा तह | जेष्ठ पहिलो साताभित्र |
| ५ | उद्धार कार्यदललाई मानवीय सहयोग तथा उद्धार कार्यमा परिचालन हुँदा अपनाउनु पर्ने सतर्कता, उत्तरदायित्व जस्ता विषयमा अनुशिक्षण दिने। | जिविव्यस | जिसस, दातृ तह, रेडक्रस, अ/गैसस | जेष्ठ मसान्तभित्र |
| ६ | खोज तथा उद्धार कार्य दललाई प्रयोगात्मक तालिम दिने | क्षेत्र प्रमुख | जिविव्यस, रेडक्रस, अ/गैसस | जेष्ठ मसान्त भित्र |
| ७ | आपतकालीन आवासको लागि सुरक्षित स्थानको पहिचान (गाउँपालिका भवन, विद्यालय, सामुदायिक आवास) | क्षेत्र प्रमुख | जिविव्यस, स्थानीय तह, सुरक्षा निकाय | जेष्ठ मसान्त |
| ८ | स्वास्थ्य तथा पोषण क्षेत्रसँग समन्वय गरी प्राथमिक उपचार सामाग्रीको व्यवस्था र स्वास्थ्यकर्मीको पहिचान गरी विपद्मा प्राप्त हुने सेवाबारे सम्झौता गर्ने | क्षेत्र प्रमुख | स्वास्थ्य क्षेत्र, स्वास्थ्य कार्यालय | जेष्ठ मसान्तभित्र |
| ९ | खोज तथा उद्धार सम्बन्धी कार्यको लागि अनुगमन टोली गठन गर्ने | क्षेत्र प्रमुख | राजनीतिक दल, नागरिक समाज, रेडक्रस | असार २० सम्म |
| १० | एफ.एम. रेडियो मार्फत पूर्व चेतावनी तथा पूर्व सूचना सम्बन्धी सन्देश प्रसारण गर्ने | क्षेत्र प्रमुख | जिविव्यस,सञ्चार माध्यम | जेष्ठको प्रारम्भदेखि असार मसान्तसम्म |

## ४.६.७ विपद् प्रतिकार्य कार्ययोजना:

| समय अवधि | क्रियाकलापहरु | मुख्य जिम्मेवारी | सहयोगी संस्था | अनुमानित लागत |
|---|---|---|---|---|
| पहिलो दिन | प्राप्त सूचनाको आधारमा समन्वय गरी संयुक्त टोली परिचालन मार्फत खोज तथा उद्दार गरी प्राथमिक उपचार गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, रेडक्रस, नेपाल प्रहरी, सप्रबल, नेपाली सेना | |
| | ठूला विपद्हरूको सामना गर्न घटना आदेश प्रणाली (Incident Command System) को लागू गर्ने | ” | नेपाल प्रहरी, सप्रबल, नेपाली सेना | |
| | Rapid Response Team (RRT) सँग समन्वय गरेर पीडित घाइतेहरुका सम्बन्धमा तत्काल घटना स्थलमै उपचारको व्यवस्था मिलाउने र गम्भीर घाइतेलाई अस्पताल पठाउने | ” | जिसस, गाउँ/नगरपालिका, स्वास्थ्य, यातायात समिति | |
| | एम्बुलेन्स सेवा, आपतकालीन प्राथमिक उपचार र घाइतेको लागि यातायातको व्यवस्था तत्काल मिलाउने | ” | जिविव्यस, रेडक्रस, स्वास्थ्य, यातायात समिति | |
| | न्यूनतम सडक सम्पर्क पुनःस्थापना गर्ने | ” | जिसस, गाउँ/नगरपालिका, नेपाल प्रहरी, सप्रबल, नेपाली सेना | |
| | भीड व्यवस्थापन गरी स्थान खाली गर्ने, प्रभावितहरुलाई नजिकको अस्थाई क्याम्पहरुमा पठाउने | ” | नेपाल प्रहरी, सप्रबल, नेपाली सेना र रेडक्रस | |
| दोस्रो दिन | पहिलो दिनको कार्य मूल्यांकनको आधारमा थपघट गरी टोली परिचालन, आवश्यकताको पहिचान गरी सर्वेक्षण, समन्वय, सूचना तथा पूर्व चेतावनी प्रणाली क्षेत्रसँग समन्वय गरी उद्धार कार्यलाई निरन्तरता दिने | क्षेत्र प्रमुख | जिसस, गाउँ/नगरपालिका, नेपाल प्रहरी, सप्रबल, नेपाली सेना | |
| | बिषयगत क्षेत्रले घटनाको वस्तुगत विवरण तयार गरी जिल्ला विपद् व्यवस्थापन समितिमा प्रस्तुत गर्ने | ” | ” | |
| | खोज तथा उद्धार र राहतका सामाग्रीहरुका ढुवानी सुविधाका लागि यातायातको प्रवन्ध गर्ने | ” | जिसस, गाउँ/नगरपालिका, यातायात समिति | |
| | स्थानीय तहमा रहेका स्वयंसेवकहरुको आवश्यकता अनुसार सहयोग लिइने। | ” | | |

| | | | | |
|---|---|---|---|---|
| पहिलो हप्ता | उद्धार गरिएकाहरुको निरन्तर उपचार तथा पुनःस्थापना स्थलमा पठाउने। | क्षेत्र प्रमुख | जिसस, गाउँ/नगरपालिका, नेपाल प्रहरी, सप्रबल, नेपाली सेना | |
| पहिलो महिना | विपद् घटनाको, खोज तथा उद्धार प्रयासको विश्लेषण सहित जिविव्यसमा प्रतिवेदन पेश गर्ने | क्षेत्र प्रमुख | " | |
| दोस्रो महिना | पहिलो महिनाकै कार्यहरुलाई निरन्तरता दिने | क्षेत्र प्रमुख | " | |

### ४.६.८ पाल्पा जिल्लाको विपद प्रतिकार्यमा सुरक्षा निकायहरुको परिचालन

जिल्लामा उत्पन्न हुन सक्ने विपद्लाई व्यवस्थापन, व्यवस्थित र योजनाबद्ध रुपमा प्रतिकार्य गर्नको लागि सबै स्थानीय तहहरुलाई समेट्ने गरी उपलब्ध सामाग्रीसहितको DEOC को १/२४ नफ्रीको Quick Response Team सहित सुरक्षा निकायहरुको तालिम प्राप्त जनशक्ति परिचालन हुनेछ। उक्त Team हरुले कुनै पनि स्थानमा विपद्का घटनाहरु भएको जानकारी प्राप्त हुनासाथ तत्काल परिचालित भई आपत्कालिन खोज, उद्दार, राहत वितरण तथा सुरक्षा व्यवस्था मिलाउने छ । पाल्पा जिल्लाको सुरक्षा निकायको QRT/IRT परिचालन योजना देहाय अनुसार रहेका छ।

| नेपाली सेना | नेपाल प्रहरी | सशस्त्र प्रहरी बल नेपाल |
|---|---|---|
| रामपुर नगरपालिकामा रहेको नेपाली सेनाको १ सेक्सन। | प्रहरी नायब उपरिक्षकको कमाण्डमा<br>पहिलो मोवाइल ११<br>(रामपुर नगरपालिका) | मोबाइल ड्युटी आवश्यकता अनुसार |
| तानसेन नगरपालिका लगायत अन्य स्थानीय निकायमा सेनाको १ से.मु. | स्थानीय तहमा रहेका मातहतहरुबाट प्रहरी नायब उपरिक्षक/प्रहरी सहायक निरिक्षक को कमाण्डमा १ मोबाईल टिम | IRT ड्युटी- नफ्री १५ जना तानसेन नगरपालिका |
| अन्य स्थानीय निकायहरुमा १xसेक्सन(+) फौजहरु आवश्यकता अनुसार खटिने छ। | आवश्यकता अनुसार अन्य यूनिटबाट स्टेनवाइ रहेका डिउटी (QRT)लाई परिचालन गर्न सकिने। | रामपुर नगरपालिका नफ्री १५ जना (QRT) |
| तानसेन नगरपालिका गण हे.क्वा.मा १/६९ स्ट्याण्डवाई रुपमा रहनेछ। | IRT -१ टोली (तानसेन नगरपालिका / रामपुर नगरपालिका) | ८ वटा स्थानीय तहमा ४ वटा सेक्सन खटिनेछ। (QRT)<br>१ सेक्सनले २ वटा स्थानीय तह हेर्नेछ। |

### टोलीले साथमा लिई जानु पर्ने सामाग्रीहरु

विपदको घटना घटेपश्चात उद्धारमा खट्टिने जनशक्तिले विपदको प्रकृति अनुसार DEOC, सुरक्षा निकाय, स्थानीय निकाय र सरोकार निकायहरुसंग भएका उद्धारका सामाग्रीहरु, संचार सामाग्रीहरु सवारी साधनहरु र औषधी सहित तत्काल घटना

घटेको स्थानमा परिचालन गर्नु पर्ने छ । मुख्यत उद्धार टोलीले साथमा देहाय अनुसार उद्धार सामाग्रीहरु सम्बन्धित निकायसंग समन्वय गरी लिई जानु पर्ने छ ।

(क) आवश्यकता अनुसार पाल, कम्वल, नाईलन डोरी, कम्पोजिट राशन, पिक तथा सावेल, गल, फायर एक्सटिङ्गगुईसर, पानी जर्किन, लालटिन, टर्चलाईट, मेघाफोन, टुचिन, नक्शा तथा मार्किङ्गका लागि आवश्यक सामान ।

(ख) मेडिकल टोलीले आवश्यक मात्रामा जनशक्ति तथा औषधीहरु आवश्यकता अनुसार ।

(ग) विपद अनुसारका आवश्यक सामानहरु ।

(घ) यातायातः ट्रक/बस, जीप, पानीको ट्रेलर, दमकल

**संचारका साधन**

(क) संचार सेट

(ख) पर्शनल मोबाईल फोन (अल्टरनेटिभ संचारको साधन)

### ४.६.९ जिल्लाको मौजुदा उद्दार सामग्रीहरु

जिल्लामा आई पर्ने विपद उद्धार कार्यको लागि आवश्यक सामाग्रीहरु खरिद गरी तयारी अवस्थामा राख्नको लागि स्थानीय निकायहरुलाई बारम्बार आग्रह गरिएको । साथै दि फेमस महिन्द्र दल गणले समेत आवश्यक न्युनतम सामाग्री गणको हे.क्वा.मा तयारी अवस्थामा राखेको छ भने जिल्ला स्थित सुरक्षा निकायहरु र जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र (DEOC) मा रहेको मौजुदा सामाग्रीहरु देहाय अनुसार रहेको छ ।

| क्र.सं. | सामानको विवरण | दि फेमस महिन्द्र दल गण | नेपाल प्रहरी | सशस्त्र प्रहरी बल | DEOC पाल्पा | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | इलेक्ट्रिक कटर | - | १ | - | १ | २ | |
| २ | डेमोलिसन हयामर | - | - | - | १ | १ | |
| ३ | गमबुट | ५ | ५ | ७ | १८ | ३५ | |
| ४ | फिगर ८ क्याराविना | १० | - | - | - | १० | |
| ५ | स्ट्रेचर | १ | ७ | ४ | ३ | १५ | |
| ६ | फस्ट एड किड बक्स | २ | ३ | ३ | ४ | १२ | |
| ७ | वायर कटर (बोल्ड कटर) | १ | - | १ | - | २ | |
| ८ | जि.पी.एस. | - | १ | १ | - | २ | |
| ९ | रेडियो सेट ५ वाट | - | - | - | - | - | |
| १० | ग्लोब्स | २४ | १५ | २२ | १६ | ७७ | |
| ११ | सर्च लाईट | - | - | - | ३ | ३ | |
| १२ | पिक | १० | ५ | ७ | १४ | ३६ | |
| १३ | बन्चरो | १ | १ | १ | १४ | १७ | |
| १४ | स्टील बाल्टिन १० लि. | २ | २ | २ | १ | ७ | |
| १५ | सेफ्टि हेल्मेट | ४५ | २८ | १३ | ३ | ८९ | |
| १६ | जम्प सूट fire fighting protect cloth | १० | - | ९ | १२ | ३१ | |
| १७ | भऱ्याङ स्टील फोल्डिङ | १ | १ | १ | १ | ४ | |
| १८ | फायर स्टिङ्गुयजर | २ | ३ | २ | ५ | १२ | |
| १९ | ड्रोन क्यामेरा | - | - | - | १ | १ | |
| २० | नक्सा सम्बन्धित स्थानको | - | - | १ | - | १ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २१ | घन | १ | १ | १ | - | ३ | |
| २२ | सिट वेल्ट | - | - | - | - | - | |
| २३ | टेन्ट | - | १० | ३ | १० | २३ | |
| २४ | लाईफ ज्याकेट | १० | १० | ४ | २ | २६ | |
| २५ | ट्यूब | २ | ४ | २ | ५ | १३ | |
| २६ | गैंची | - | ५ | ८ | - | १३ | |
| २७ | साबेल | १२ | १० | ७ | ६ | ३५ | |
| २८ | कोदालो फरुवा | ३ | ११ | २ | - | १६ | |
| २९ | आराहेक्सा/ | ३ | - | २ | - | ५ | |
| ३० | सिठी | - | - | - | - | - | |
| ३१ | फुट पम्प | - | - | - | - | - | |
| ३२ | दुरबिन | - | २ | १ | - | ३ | |
| ३३ | गल | २ | २ | ३ | - | ७ | |
| ३४ | मेगा फोन | १ | २ | १० | ३ | १६ | |
| ३५ | रबर गम्बुट | - | ५ | ४ | - | ९ | |
| ३६ | क्रोवार २५ mm | २ | - | - | १४ | १६ | |
| ३७ | फायर न्याक | १५ | - | ४५ | ६ | ६६ | |
| ३८ | फायर सुटर | ५ | - | ४३ | - | ४८ | |
| ३९ | फायर एक्स होल | - | - | ३ | ४ | ७ | |
| ४० | गगल्स | १० | १५ | - | - | २५ | |
| ४१ | फायर बुट | ३ | - | ७ | १२ | २२ | |
| ४२ | करौती | १ | ३ | ४ | - | ८ | |
| ४३ | फायर न्याक होल | - | - | ४ | ६ | १० | |
| ४४ | जेट सुटर | ५ | १० | - | - | १५ | |
| ४५ | २२ मि.मि. कोबार | - | - | ४ | - | ४ | |
| ४६ | थ्रो ब्यग | - | - | - | - | - | |
| ४७ | ईमर्जेन्सी लाईट | - | - | २ | - | २ | |
| ४८ | फायर रोप ल्याडर | १ | - | - | - | १ | |
| ४९ | ब्लू डिभाइस | - | - | - | - | - | |
| ५० | प्लास्टिक पाल | १० | ५ | ८ | ७५ | ९८ | |
| ५१ | मनि ब्याग | - | - | - | १२ | १२ | |
| ५२ | रिफ्लाक्सीङ ज्याकेट | - | १५ | - | - | १५ | |
| ५३ | मण्डी कम्बल | - | - | - | २५ | २५ | |
| ५४ | पि. क्याप | - | - | - | १२ | १२ | |
| ५५ | म्याट्रेस | - | - | ६ | २५ | ३१ | |
| ५६ | फलामको पिकेट | १० | - | - | - | १० | |
| ५७ | रेस्क्यू हेम्मर | १ | - | १ | - | २ | |
| ५८ | बक्स | १ | - | - | - | १ | |
| ५९ | फायर र्याक | - | - | - | ६ | ६ | |
| ६० | फायर स्वाटर | १५ | - | - | १४ | २९ | |
| ६१ | चेन स | - | १ | १ | - | २ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६२ | Elid Fire | - | १ | - | - | १ | |
| ६३ | Iron Cuttre | - | १ | - | - | १ | |
| ६४ | हेड लाईट | - | - | २ | १४ | १६ | |
| ६५ | पानी पम्प | - | - | - | - | - | |
| ६६ | ट्राफिक जकेट | १० | ५ | ५ | १५ | ३५ | |
| ६७ | फायर ब्लान्केट | १ | ५ | १ | १४ | २१ | |
| ६८ | लाईन डोरि कलाम्वि)ङ( | - | - | - | ० | ० | |
| ६९ | ट्युब | - | - | - | ८ | ८ | |
| ७० | कम्बल | - | - | - | २५ | २५ | |
| ७१ | पिक्याप- | - | - | - | १२ | १२ | |
| ७२ | पिक | - | - | - | १४ | १४ | |
| ७३ | भऱ्याङ | - | - | - | १ | १ | |
| ७४ | सन्चार सेट | - | - | - | १ | १ | |
| ७५ | भोल्टा मिटर | - | - | - | १ | १ | |
| ७६ | हेल्मेट (with light) | - | - | - | १० लाइट सबै बिग्रेको | ० | |
| ७७ | हेल्मेट | - | - | - | १२ | १२ | |
| ७८ | भेईकल कटर | - | - | - | १ | १ | |
| ७९ | स्टोन कटर | - | - | - | १ | १ | |
| ८० | Socks (मोजा) | - | - | - | १२ | १२ | |
| ८१ | फेस मास्क | - | - | - | १२ | १२ | |
| ८२ | वाटर बोटल | - | - | - | १२ | १२ | |
| ८३ | Back pack pump 20L | - | - | - | ४ | ४ | |
| ८४ | Axe with rubber grips | - | - | - | १४ | १४ | |
| ८५ | Portable shovel (rounded/spade) | - | - | - | १४ | १४ | |
| ८६ | Blanket | - | - | - | २० | २० | |

### ४.६.१० विपद् व्यवस्थापनका लागि थप आवश्यक पर्ने सामाग्रीहरु

यस जिल्ला विपद प्रकोपको हिसाबले सडक दुर्घटना, बाढी पहिरो र आगलागी धेरै हुने हुंदा उपलब्ध भएका विपद् व्यवस्थापनका सामाग्रीहरु बाहेक नपुग थप निम्न सामाग्रीहरु आवश्यक पर्नेछ ।

| सि.नं | विवरण | ईकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १. | रबर बोटरपाईडल | गोटा | ३ | |
| २. | सिट हार्नेसरफुल बडी हार्नेस | गोटा | २५ | |
| ३. | पुलीसानो /मध्यम/ठूलो | गोटा | ४/४/४ | |
| ४. | गाडी तान्ने टुचिन | गोटा | २ | |
| ५. | फरुवा | गोटा | ७ | |
| ६. | एसेन्डर/डिसेन्डर | गोटा | ६/६ | |
| ७. | भऱ्याङ्ग | गोटा | ३ | |
| ८. | ड्रिल मेसिन | गोटा | ३ | |
| ९. | फायरिङ्ग एक्स्टिङ्गगुईसर | गोटा | १४(ABC) | |

| | | | | |
|---|---|---|---|---|
| १०. | फायर फाईटिङ्ग सेट | सेट | २० | |
| ११ | फायर प्रोक्सिमिटी सट | गोटा | २ | |
| १२ | रेस्क्यु ब्याक बोर्ड | गोटा | ३ | |
| १३ | लाईफ ब्वाई रिङ्ग | गोटा | ३ | |
| १४ | बोलिन रोप | मि. | ३०० | |
| १५ | जुमर (३ दाहिना र १ बाँया) | गोटा | ४ | |
| १६ | मल्टी पर्पोज रोप (UIAA-Union International Des Associations, d' Alpinisme) | क्वायल | २ | |
| १७ | क्याराविन (स्क्रुप टाईप) | गोटा | १५ | |
| १८ | पुल्ली (घिर्नी) | गोटा | ५ | |
| १९ | वियर पप | गोटा | १ | |
| २० | रोप (र्‍याप्लिङ्ग रोप) | क्वायल | २ ( UIAA) | |
| २१ | अक्सिजन | सिलिण्डर | १ | |
| २२ | गोता खोर | सेट | २ अक्सिजन सहित | |

## ४.७ विषयगत क्षेत्र: आपतकालीन आवास तथा गैरखाद्य सामाग्री

## नेतृत्व प्रदान गर्ने निकाय: जिल्ला समन्वय समिति, पाल्पा

### ४.७.१ क्षेत्रगत सदस्यहरूको सूची:

| क्र.सं | क्षेत्रगत साझेदारहरूको नाम | पद | टेलिफोन नम्बर | इमेल |
|---|---|---|---|---|
| १ | जिल्ला समन्वय समिति, पाल्पा | समन्वय अधिकारी | ९८५७०७५४२४ | |
| २ | शिक्षा विकास तथा समन्वय इकाई, पाल्पा | इकाइ प्रमुख | ९८५७०६५९८० | |
| ३ | शहरी विकास तथा भवन कार्यालय, पाल्पा | डिभिजन प्रमुख | ९८५७०६५१५२ | |
| ४ | डिभिजन वन कार्यालय, पाल्पा | प्रमुख | ९८५७०२३३७७ | |
| | नेपाल रेडक्रस सोसाइटी, पाल्पा | सभापति | ९८४७०२८०२६ | |
| ५ | उद्योग वाणिज्य संघ, पाल्पा | अध्यक्ष | ९८५७०६००८८ | |
| ६ | व्यापार संघ पाल्पा | अध्यक्ष | ९८५७०६५४०२ | |
| ७ | नेपाल निर्माण व्यवसायी संघ, पाल्पा | अध्यक्ष | ९८५७०७५०१३ | |
| ८ | नेपाल विद्युत प्राधिकरण, पाल्पा वितरण केन्द्र | प्रमुख | ९८५७०७५५११ | |

### ४.७.२ विपद् पश्चातको सम्भावित परिदृष्य:

सार्वजनिक पूर्वाधारको क्षति (सडक, पुल, विद्युत आपूर्ति, सञ्चार),

- आवासको अस्थायी क्षति तथा मुख्य रूपमा बालबालिका, महिला, वृद्धवृद्धा र फरक क्षमता भएकाहरूको विस्थापन सहित व्यक्तिगत सामानहरूको क्षति,
- मानवीय सहयोगका लागि लक्षित जनसंख्याको पहिचान गर्न कठिन,
- विद्यालयका कक्षा कोठा, पुलिस चौकी तथा स्वास्थ्य केन्द्रहरू जस्ता उपलब्ध सार्वजनिक संस्थाहरू माथि दबाबको सिर्जना,

- सामुदायिक संस्थागत स्थानहरूमा अस्थायी आवासको उपयोग गर्दा सामुदायिक स्वास्थ्य सम्बन्धी व्यवहारमा देखिने चुनौतीहरू,
- तालिम प्राप्त जनशक्तिको उपलब्धतामा कठिनाइ।

### ४.७.३ समष्टिगत उद्देश्यः

#### आवासः

सुरक्षित तथा न्यूनतम मानवीय स्तरको बस्ने ठाउँको प्राप्तिका लागि भौतिक एवं प्राथमिक सामाजिक आवश्यकताहरूमा व्यक्ति तथा परिवारहरूको पहुँच सुनिश्चित गर्ने।

#### शिविर समन्वय तथा शिविर व्यवस्थापन

विपद्का कारणले घरवार विहीन बनेका परिवारका निमित्त स्थायी समाधानको खोजीका लागि प्रयत्न गर्नुका साथै विस्थापित व्यक्तिहरूलाई अल्पकालिन रुपमा सुरक्षित आवासको व्यवस्था मिलाउने।

### ४.७.४ मानवीय सहयोग सम्बन्धी न्यूनतम मापदण्ड

| क्र.सं. | विवरण | मापदण्ड | कैफियत |
|---|---|---|---|
| १ | आपतकालीन आवास | - औसतमा एक व्यक्तिका लागि ३.५–४.५ मिटरको छानो भएको क्षेत्र<br>- औसतमा ५ सदस्यहरुको एक परिवारका लागि कम्तीमा पनि ४x५ मिटरको डोरी सहितको प्लाष्टिक शिट र सहायता सामाग्री | |
| २ | कम्बल | - सबै परिवारलाई पुग्ने गरी | |
| ३ | लुगा कपडा | • न्यूनतम आवश्यकता अनुसार | |

#### गैर खाद्य सामाग्री

**आश्रयः**विपद्बाट प्रभावितहरुलाई उपलब्ध गराइने लुगा फाटा, कम्बल तथा ओछ्याउने सामाग्री जस्ता गैर खाद्य सामाग्रीहरु, विपद्को कारण प्रतिकूल भएको हावापानी तथा परिस्थितिबाट बच्नका लागि व्यक्तिगत मानविय आवश्यकताहरु तथा स्वास्थ्य, गोपनियता र सम्मान कायम गर्न सहयोग गर्दछ। परिवारहरुलाई व्यक्तिगत स्वास्थ्य सम्बन्धी आवश्यकताहरु पूरा गर्न र खान, न्यानो आराम दिन, आश्रय निर्माण तथा मर्मत सम्भार गर्न सघाउनका लागि आधारभूत गैरखाद्य सामाग्री तथा आपूर्तिहरु अत्यावश्यक हुने हुँदा यस सम्बन्धी सञ्चालनको क्षमतामा वृद्धि ल्याउने।

**जिम्मेबारीः**विपद्बाट प्रभावितहरुलाई गैरखाद्य सामाग्रीहरु उपलब्ध गराउने कामको नेतृत्व नेपाल रेडक्रस सोसाइटीले गर्नेछ। यस कार्यको लागि एकल संस्थाको क्षमताले धान्न नसक्ने हुँदा सबै मानवीय नियोगहरुको सहयोग अनिवार्य हुन्छ। कुनै पनि विपद्को कारण १० भन्दा बढी परिवार एकैपटक प्रभावित भएको अवस्थामा गैरखाद्य सामाग्री सहयोगका लागि सक्रिय हुनेछ।

**न्युनतम मापदण्डः**विपद् प्रभावितहरुलाई आफ्नो व्यक्तिगत सम्मान, सुरक्षा तथा भलाइ सुनिश्चित गर्नका लागि आवश्यक संस्कृति र हावापानी तथा मौसम सुहाउँदो उमेर र लिंग अनुसारको आवश्यक लत्ता कपडा तथा ओछ्याउने र घामपानीबाट बच्नका लागि प्रत्येक परिवारलाई त्रिपाल, सामान्य स्वास्थ्य कल्याण हुने कुरा सुनिश्चित गर्न हरेक विपद् प्रभावित क्षेत्रका परिवारलाई शुद्ध पिउने पानी संकलन गर्ने तथा खाना पकाउने भाँडाकुँडा उपलब्ध गराउनु पर्दछ।

#### न्यूनतम कार्यहरुः

- जिल्लामा कम्तीमा ५० परिवारको लागि गैर खाद्य सामाग्रीको भण्डारण गरी राख्ने र कम्तीमा १०० परिवारको लागि पहुँच बनाउने,

- विपद् पीडितहरुलाई विपद्को स्तर कम भएको ७२ घण्टाभित्र गैर खाद्य सामाग्री आवश्यकता पहिचान गरी वितरण प्रकृया सुरु गर्ने,
- नव सुत्केरी तथा नवजात शिशुहरुको आवश्यकता पुरा गर्ने गरी बेग्लै २५ सेट बाल गैरखाद्य सामाग्रीहरुको व्यवस्था गर्ने,
- सहयोग उपलब्ध गराउँदा उनीहरुलाई जीवन निर्वाह गर्न, संस्कृतिलाई कायम राख्न, प्रतिकूल मौसम तथा हावापानीबाट बच्न, व्यक्तिगत स्वाभिमान तथा गोपनीयता बचाई राख्न महिला, बालबालिका, सुत्केरी र शिशुलाई उपयुक्त न्यूनतम आवश्यक सामाग्रीहरु विपद् प्रभावित क्षेत्रमा गई उपलब्ध गराउनु पर्ने ।

### एक घर परिवार (६ जना) का लागि न्यूनतम गैर खाद्य सामग्रीहरु

| क्र.सं. | सामाग्रीको नाम | थान/मिटर | विवरण |
|---|---|---|---|
| १ | कम्बल | २ थान | ५० प्रतिशत उलन |
| २ | त्रिपाल | १ थान | १२X१८ फिट/५ केजी |
| ३ | भाँडाकुडा | १ सेट | १. डेक्ची – १ वटा २. सानो डेक्ची – १ वटा<br>३. कराई – १ वटा ४. थाली – ३ वटा<br>५. कप – २ वटा ६. डाडु – १ वटा<br>७. पन्यू – १ वटा ८. गिलास – २ वटा |
| ४ | प्लाष्टिक बाल्टिन | १ थान | १५ लिटरको ढक्कन सहित |
| ५ | मग | १ थान | १ लिटरको |
| ६ | जिन कपडा | ५ मिटर | |
| ७ | छिट कपडा | ५ मिटर | |
| ८ | पपलिन कपडा | ६ मिटर | |
| १० | धोती/लुंगी | १ थान | |
| ११ | कालो प्लाष्टिक | १ थान | १०X१२ फिट |

### ४.७.५ पूर्वतयारी कार्ययोजनाः

| क्र.सं. | पूर्व तयारी सम्बन्धी क्रियाकलाप | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | क्षेत्रमा संलग्न सदस्य संस्थाहरूको विवरण अद्यावधिक गर्ने | क्षेत्र प्रमुख | जिविव्यस | वैशाख महिना |
| २ | पूर्वतयारी समन्वय बैठक आयोजना गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, क्षेत्रका सबै सदस्य | जेष्ठको पहिलो साता |
| ३ | पूर्व तयारीका लागि कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, रेडक्रस, गाउँ/नगरपालिका, अ/गैसस, | जेष्ठको पहिलो साता |
| ४ | सम्भावित सहयोगी तह तथा संस्थाहरूको पहिचान गरी बाँच्नका लागि आवश्यक आधारभूत सामाग्रीहरुको उपलब्धता सुची तयार गर्ने | कार्यदल | क्षेत्रका सदस्य | जेष्ठको पहिलो साता |
| ५ | अस्थायी बसोबासको लागि गाउँ/नगरपालिकाका सुरक्षित सार्वजनिक जग्गा तथा स्थानको पहिचान गरी उपयोग गर्ने सहमति लिने | कार्यदल | जिविव्यस, गाउँ/नगरपालिका, रेडक्रस | जेष्ठको पहिलो साता |
| ६ | आवास तथा गैर खाद्य सामाग्रीको आपूर्तिको लागि बजार र बिक्रेताका वैकल्पिक सूची बनाउने, आवश्यकता अनुसार सम्झौता गर्ने | कार्यदल | जिविव्यस, गाउँ/नगरपालिकाका, रेडक्रस, अगैसस | जेष्ठ मसान्तभित्र |
| ७ | संकटासन्न गाउँ/नगरपालिका र अन्य सुरक्षित गाउँ/नगरपालिकाकाका सुरक्षित स्थानमा सामुदायिक आश्रयस्थल बनाउने | कार्यदल | जिविव्यस, अगैसस, गाउँ/नगरपालिका | वैशाख महिना |
| ८ | विस्थापित परिवारको लागि आश्रयस्थल बनाउन आवश्यक पर्ने बाँस, डोरी र खाना बनाउने भाँडावर्तन, इन्धन आदि समयमै उपलब्ध हुने व्यवस्था मिलाउने | कार्यदल | जिविव्यस, गाउँ/नगरपालिका, रेडक्रस, अगैसस | जेष्ठ दोस्रो साता |
| ९ | सामाग्री वितरणको लागि यातायात तथा अन्य व्यवस्था मिलाउने | कार्यदल | जिविव्यस, रेडक्रस, अगैसस | जेष्ठ मसान्त |
| १० | शिविर व्यवस्थापन तथा समन्वय समितिको संरचना र जिम्मेवारीहरू निर्धारण तथा परिभाषित गर्ने। | क्षेत्र प्रमुख तथा कार्यदल | क्षेत्रका सदस्य | जेष्ठ मसान्त |
| ११ | आवास तथा गैर खाद्य सामाग्री वितरणको पूरा सूची राख्ने र नियमित रुपमा प्रतिवेदन तयार गरी जिविव्यस तथा अन्य सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | क्षेत्रका अन्य सदस्य, कार्यदल | शिविर सञ्चालन भएमा नियमित |

### ४.७.६ विपद् प्रतिकार्य कार्ययोजनाः

| समय अबधि | क्रियाकलापहरु | मुख्य जिम्मेवारी | सहयोगी संस्था | अनुमानित लागत |
|---|---|---|---|---|
| पहिलो दिन | सूचना संकलन तथा परिस्थितिलाई अध्यावधिक गर्ने, | क्षेत्र प्रमुख | जिविव्यस, स्थाविव्यस | |
| | पहिचान गरिएका विद्यालय, सामुदायिक आवासहरुमा विस्थापितहरुलाई राख्ने | | जिविव्यस, गाउँ/नगरपालिका, रेडक्रस, अ/गैसस | |
| | पहिचान गरिएका सुरक्षित तथा खुल्ला स्थानहरुमा आवश्यक संख्यामा अस्थायी शिविर निर्माण गर्ने | | | |
| | विस्थापित परिवारहरुलाई अस्थायी शिविरमा राख्ने | | | |
| | प्राप्त सूचनाका आधारमा स्रोत साधनहरुको आंकलन र विवरण तयार गर्ने | | | |
| | आवश्यकता अनुसार थप सामाग्रीहरुको संकलनको वातावरण मिलाउने | | | |
| दोश्रो दिन | सूचना संकलन कार्य तथा बैठकलाई निरन्तरता दिने | क्षेत्र प्रमुख | जिविव्यस, गाउँ/नगरपालिका, रेडक्रस, अ/गैसस | |
| | राहत सामाग्रीको ढुवानी र प्राप्तिको कामलाई समन्वय गरी सहज बनाउने | | | |
| | राहत सामाग्रीहरु वितरण गर्ने | | | |
| | विस्थापित परिवारहरुको संख्या यकिन गरी थप अस्थायी शिविर निर्माण गर्ने | | | |
| | क्षेत्रगत समन्वय गरी विस्तृत सर्वेक्षणको पूर्वतयारी गर्ने, | | | |
| पहिलो हप्ता | आधिकारिक विषयगत क्षेत्रबाट आएको विस्तृत सर्भेक्षण प्रतिवेदन अध्ययन गरी अस्थायी शिविरहरुको आवश्यकता अनुसार थप व्यवस्थापन गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, गाउँ/नगरपालिका, रेडक्रस, अ/गैसस | |
| पहिलो महिना | विस्थापितहरुको सम्भावित विस्थापन अवधि विश्लेषण गर्ने र थप अस्थायी शिविरहरुको तयारी गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, गाउँ/नगरपालिका, रेडक्रस, अगैसस | |
| | विपद् घटना तथा पुनर्स्थापनाका प्रयासहरुको समग्र विश्लेषण सहित प्रतिवेदन तयार गर्ने। | | | |
| दोश्रो महिना | नियमित अनुगमन गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, गाउँ/नगरपालिका, रेडक्रस, गैसस | |

### ४.७.७ निकायगत स्रोत साधनको आंकलनः

| सि. नं. | कार्यालय/संघ संस्थाको नाम | आपतकालीन अबस्थामा उपलब्ध हुने | | | | | | कैफियत (उपलब्धता) |
|---|---|---|---|---|---|---|---|---|
| | | सामाग्री/ राहत सामाग्रीको नाम | संख्या (परिमाण) | सामाग्री चालु अवस्था | सामाग्री रहेका स्थान | जनशक्ति (संख्या) | सम्पर्क विवरण (मो. र फोन नं.) | |
| १ | नेपाल रेडक्रस सोसाइटी पाल्पा | गैरखाद्य | ५० परिवार | चालु | पाल्पा | १० जना | ९८४७०२८०२६ ०७५-५२०६०० | तुरुन्त (आवश्यकता अनुसार थप गर्न सकिने) |

### ४.८ विषयगत क्षेत्रः कृषि तथा खाद्य

**नेतृत्व गर्ने निकायः** जिल्लामा नेतृत्व गर्ने निकाय नगरपालिका तथा गाउँपालिका अन्तर्गत रहने भएकोले सम्बन्धित नगरपालिका तथा गाउँपालिका नै यस क्षेत्रको नेतृत्व गर्ने निकाय हुनेछ।

### ४.८.१ क्षेत्रगत सदस्यहरूको सूचीः

| क्र.सं | साझेदारहरूको नाम | सम्पर्क ब्यक्ति | टेलिफोन नम्बर | इमेल ठेगाना |
|---|---|---|---|---|
| १ | कृषि ज्ञान केन्द्र, पाल्पा | प्रतिनिधि | ९८५७०६५२९४ | |
| २ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाल्पा | प्रतिनिधि | ९८५७०६०८३६ | |
| ४ | नेपाल रेडक्रस सोसाइटी, पाल्पा | प्रतिनिधि | ९८४७०२८०२६ | |
| ५ | उद्योग वाणिज्य संघ, पाल्पा | प्रतिनिधि | ९८५७०६००८८ | |
| ६ | व्यापार संघ, पाल्पा | प्रतिनिधि | ९८५७०६५४०२ | |

### ४.८.२ विपद पश्चातको सम्भावित् परिदृष्यः

- प्रभावित परिवारहरुमा तत्काल आवश्यक नियमित खाना तथा पहुँचमा कमी,
- न्यून खानाका कारण विशेष गरी गर्भवती महिला, बृद्धबृद्धा र बालबालिकामा रोगको संक्रमण तथा संक्रमणको सम्भावनामा वृद्धि र शारीरिक कमजोरी हुने,
- बालबालिकाहरुको शारीरिक तथा मानसिक विकासमा गतिरोध,
- स्थानीय बजारमा उपलब्ध खाद्य सामाग्रीहरुको मूल्य वृद्धि,
- यातायातको अभावका कारण खाद्य सामाग्रीहरुको ओसार पसारमा कमी आउने,
- परिवारको सम्पत्ति क्षति, जीविकोपार्जन क्षति, बाली नोक्सान, पशुधन क्षतिको सामना गर्ने रणनीतिमा बाधाका कारणहरूले गर्दा मध्यम अवधिको तीव्र खाद्य असुरक्षा।

### ४.८.३ समष्टिगत उद्देश्यः

विपद्‌बाट प्रभावित खाद्यान्न अभावमा परेका व्यक्तिहरुलाई जीवन जिउनका लागि समयमा नै खाद्यान्नको उपलब्धता तथा खाद्यान्नमा पहुँच सुनिश्चित गराएर संभावित रोगका संक्रमण र शारीरिक तथा मानसिक विकासको अवरोध कम गरी मानवीय जीवन र स्वाभिमानको रक्षा गर्दै जीवनको रक्षा गर्ने।

### ४.८.४ विशिष्ट उद्देश्यः

- जीवन जीउनका निमित्त विपद्‌बाट प्रभावित घरपरिवारलाई प्रति व्यक्ति प्रति दिन आवश्यक न्यूनतम क्यालोरी शक्ति सहितको खाना प्रभावित समुदायको धर्म, संस्कृति र विशेष आवश्यकता/परिस्थितिका आधारमा उपलब्ध गराउने।
- जोखिममा परेका प्रभावित घरपरिवारको पहुँच तथा उपलब्धतामा बृद्धि भई खाद्यान्नको अभावमा सिर्जना हुन सक्ने शारीरिक अस्वस्थताको जोखिम तथा संरक्षणका चुनौतिहरु कम गर्ने।

### ४.८.५ मानवीय सहयोगको मापदण्डः

प्रभावित व्यक्तिहरूको पहुँच निम्न वस्तुमा हुनेछः–

(१) प्रति व्यक्ति प्रति दिन न्यूनतम २,१०० क्यालोरी प्राप्त हुने गरी सामान्य खाद्यान्नको राशन,

(२) प्रभावित मानिसहरूका लागि हाल विद्यमान तथा उपलब्ध भएका र पहुँचयोग्य खाद्य पदार्थमा परिपूरक (Complementary) को रूपमा एक अथवा दुई खाद्य पदार्थ पूरक रासनको रूपमा उपलब्ध गराउने र,

(३) निश्चित समूहका व्यक्तिहरूका (साना केटाकेटी, एच्आईभी भएका व्यक्ति, कुपोषित व्यक्तिहरू आदि) आवश्यकतालाई पुरा गर्नका लागि सामान्य रासनका अतिरिक्त परिपूरक रासनको व्यवस्था।

(४) स्थानीय परिस्थिति बमोजिम खाद्यान्न वितरणको आकार निर्धारित गरिनु पर्दछ। तर पनि शुरुमा घरायसी स्तरमा गरिने वितरण र अन्तिम लेखा जोखाबाट प्राप्त तथ्याङ्कको आधारमा व्यक्तिका आधारमा वितरण गरिनुपर्दछ।

### ४.८.६ पूर्वतयारी कार्ययोजनाः

कृषि तथा खाद्य क्षेत्रले आपतकालीन मानवीय सहयोग उपलब्ध गराउने कार्यका लागि निम्न अनुसारको पूर्वतयारी गर्नु पर्दछ।

| क्र.सं. | पूर्वतयारी क्रियाकलाप | मुख्य जिम्मेवारी | सहयोगी तह | समयावधि |
|---|---|---|---|---|
| १ | व्यवस्थापन तथा समन्वय सम्बन्धी बैठकको आयोजना गर्ने र गत वर्षको कार्य योजनाको पुनरावलोकन गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | जेष्ठ पहिलो साता भित्र |
| २ | खाद्यान्न वितरण कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | ” |
| ३ | तयारी खाद्यान्नको भण्डारण तथा आपतकालीन आपूर्तिको व्यवस्था मिलाउने<br>- २५,०००का लागि १० दिनसम्म आवश्यक पर्ने खाद्यान्न<br>- च्युराः भुजा १,७५,००० केजी<br>- विस्कुट १०० ग्रामको दरलेः २५,००० केजी<br>- नुन १०,००० केजी<br>- प्याज जम्मा १०,००० केजी | क्षेत्र प्रमुख | जिविव्यस, गाउँ/नगरपालिका, रेडक्रस, अ/गैसस | |

| | | | | |
|---|---|---|---|---|
| ४ | तयारी खाद्यान्नको बजार उपलब्धता पहिचान गर्ने र उत्पादक, डिलर, बिक्रेताको सम्पर्क ठेगाना, मौज्दात विवरण संकलन गर्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जिविव्यस, गाउँ/नगरपालिका, रेडक्रस, अ/गैसस | |
| ५ | खाद्यान्नको गुणस्तर नियन्त्रण तथा सुनिश्चितताको लागि गुणस्तर तथा नापतौल विभागसँग समन्वय गरी परीक्षण गर्ने | क्षेत्र प्रमुख | गुणस्तर नियन्त्रण कार्यालय | |
| ६ | स्वास्थ्य तथा पोषण क्षेत्रसँग समन्वय गरी ६ महिनादेखि ५ वर्ष मुनिका बालबालिका, जेष्ठ नागरिक, गर्भवती तथा सुत्केरी महिलालाई पोषणयुक्त खाद्यान्नको आवश्यक परिणाम मौज्दात राख्ने | क्षेत्र प्रमुख | जिविव्यस, स्वास्थ्य तथा पोषण क्षेत्र, अ/गैसस | |
| ७ | खाद्यान्न कार्यक्रममा जनचेतना अभिवृद्धिका लागि प्रचारमूलक तथा ज्ञानबर्द्धक सामाग्रीको बन्दोवस्त गर्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जिसस, गाउँ/नगरपालिका, रेडक्रस, अ/गैसस | |
| ८ | तयारी खाद्यान्नका सहयोगी संस्थाहरू उद्योग वाणिज्य संघलगायत अन्य सम्बद्ध तहहरूसँग समन्वय गर्ने | क्षेत्र प्रमुख | | असार मसान्त सम्म |
| ९ | प्रतिवेदन तयारीका लागि सदस्य तोक्ने | क्षेत्र प्रमुख | तोकिएको व्यक्ति | |

### ४.८.७ विपद् प्रतिकार्य कार्ययोजनाः

| समय अवधि | क्रियाकलापहरु | मुख्य जिम्मेवारी | सहयोगी संस्था | अनुमानित लागत |
|---|---|---|---|---|
| पहिलो दिन | जिल्ला विपद् व्यवस्थापन समिति बैठकमा सहभागी भई सूचना संकलन गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | |
| | आवश्यक खाद्य सामाग्री, स्रोत तथा साधनको आंकलन र विवरण तयार गर्ने | | | |
| | तत्काल सम्बोधन गर्न सक्ने नसक्ने यकिन गर्ने | | | |
| | विपद्बाट प्रभावित घरधुरी जिल्लाको स्रोत तथा सामाग्री क्षमता भन्दा बढी भएमा केन्द्रीय तहमा समन्वय गरी तत्काल सहयोगका लागि वातावरण मिलाउने | | | |
| | सेवा केन्द्रका कर्मचारीहरुलाई घटनाको विवरण सम्प्रेषण गरी स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय संयन्त्रको स्थापना गर्ने | | | |

| | | | | |
|---|---|---|---|---|
| दोस्रो दिन | विषयगत अगुवा संस्था तथा सहयोगी संस्थाहरुको बैठक आवश्यकता अनुरुप निरन्तर बस्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | |
| | राहत सामाग्रीको ढुवानी र प्राप्तिको कामलाई सहज बनाउने र समन्वय गर्ने | | गाउँ/नगरपालिका, रेडक्रस, अ/गैसस | |
| | तयारी खानेकुरा प्रभावित क्षेत्रमा वितरण (चिउरा, चाउचाउ, चिनी, बिस्कुट, आदि) गर्ने | | गाउँ/नगरपालिका, रेडक्रस, अगैसस | |
| | खाद्य वस्तुहरुको न्यूनतम आवश्यकता अनुसार वितरण गर्ने | | गाउँ/नगरपालिका, रेडक्रस, अगैसस | |
| पहिलो हप्ता | सर्भेक्षण, समन्वय, सूचना तथा पूर्व चेतावनी विषयगत क्षेत्रबाट आएको विस्तृत सर्वेक्षण प्रतिवेदन अनुसार प्रभावित शिविर सञ्चालन भएका स्थानहरुबाट राहत सामाग्री वितरण | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, गाउँ/नगरपालिका, रेडक्रस, अ/गैसस | |
| पहिलो महिना | खाद्य सामाग्री वितरण सर्वेक्षण, समन्वय, सूचना तथा पूर्वचेतावनी, विषयगत क्षेत्रसँग समन्वय गरी स्पेयर मापदण्ड अनुसार तत्कालीन पुनस्थापनाको लागि आवश्यक अध्ययन, लेखाजोखा तथा विश्लेषण गरी बसोबास र जीविकोपार्जन जस्ता प्रमुख क्षेत्रको विकासका कार्यलाई अघि बढाउने वातावरण तयार गर्ने, | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, गाउँ/नगरपालिका, रेडक्रस, अगैसस | |
| | अनुगमन समितिले भइरहेको तथा भइसकेका कार्यको अनुगमन गर्ने, | | जिविव्यस, क्षेत्रका सदस्य | |
| | विपद् घटना तथा पुनःस्थापनाका प्रयासहरुको समग्र विश्लेषण सहित प्रतिवेदन तयार गर्ने, | | क्षेत्रका सदस्य | |
| दोस्रो महिना | आवश्यकता अनुरुप जीविकोपार्जनका कार्यक्रमहरु सञ्चालन गर्ने (कृषि र पशुपालन) | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, रेडक्रस, अगैसस | |

### ४.८.८ निकायगत स्रोत साधनको आंकलन:

| सि. नं. | कार्यालय/संघसंस्थाको नाम | आपतकालीन अवस्थामा उपलब्ध हुने | | | | मानव संशाधन | | कैफियत (उपलब्धता) |
|---|---|---|---|---|---|---|---|---|
| | | सामाग्री/राहत सामाग्रीको नाम | संख्या (परिमाण) | अवस्था | सामाग्री रहेका स्थान | संख्या | सम्पर्क विवरण (मो. र फो.) | |
| १ | कृषि ज्ञान केन्द्र, पाल्पा | विउ तथा विरुवा सहयोग | आवश्यकता अनुसार | चालु | पाल्पा | | ९८५७०६५२९४ | जिल्लाभरी |
| | | औजार तथा उपकरण सहयोग | " | | पाल्पा | | | जिल्लाभरी |
| २ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाल्पा | पशुपन्छीलाई उपचारका लागि औषधि | " | | पाल्पा | | ९८५७०६०८३६ | जिल्लाभरी |

## ४.९ विषयगत क्षेत्र:खानेपानी तथा सरसफाई

**नेतृत्व गर्ने निकाय:**जिल्लामा नेतृत्व गर्ने निकाय नगरपालिका तथा गाउँपालिका अन्तर्गत रहने भएकोले सम्बन्धित नगरपालिका तथा गाउँपालिका नै यस क्षेत्रको नेतृत्व गर्ने निकाय हुनेछ।

### ४.९.१ क्षेत्रगत सदस्यहरूको सूची:

| सि.नं. | क्षेत्रगत सदस्यको नाम | पद | सम्पर्क | इमेल ठेगाना |
|---|---|---|---|---|
| १. | जिल्ला समन्वय समिति, पाल्पा | समन्वय अधिकारी | ९८५७०४३२२२ | |
| २. | शिक्षा विकास तथा समन्वय इकाई, पाल्पा | प्रमुख | ९८५७०६५९८० | |
| ३. | स्वास्थ्य कार्यालय, पाल्पा | प्रमुख | ९८५७०८०७३९ | |
| ४. | नेपाल रेडक्रस सोसाइटी, पाल्पा | सभापति | ९८४१३९९११० | |
| ५. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय पाल्पा | प्रमुख | ०७५-५२०००७<br>९८५७०२११४६ | |
| ६. | खानेपानी उपभोक्ता समिति | अध्यक्ष | ९८४७०९९२३३ | |

### ४.९.२ विपद् पश्चातको सम्भावित परिदृष्य:

- खानेपानीका संरचनाहरु (इन्टेक, ट्याङ्की, पाईपलाइन) तथा शौचालयहरु क्षतिग्रस्त भएको हुनेछ।
- खानेपानीका मुहानहरु प्रदुषित भएको हुनेछ।
- शुद्ध खानेपानी, सरसफाई र स्वच्छताको कमीका कारण रोगको प्रकोप फैलिई विपद्को जोखिम बढेको हुनेछ।

### ४.९.३ समष्टिगत उद्देश्य:

प्रकोपबाट प्रभावित घर परिवारहरुलाई सुरक्षित खानेपानी तथा सरसफाईका सुविधाहरु उपलब्ध गराई पानी र सरसफाईजन्य रोगहरु फैलन नदिई तिनको रोकथाम गर्ने।

### ४.९.४ विशिष्ट उद्देश्य:

- विस्थापित समुदायका लागि, खास गरी शिविरमा बस्ने मानिसहरूका लागि सुरक्षित खानेपानी, स्वास्थ्य शिक्षा तथा अस्थायी रूपमा सरसफाइ एवं नुहाउने सुविधाहरूमा पहुँच उपलब्ध छ भन्ने कुरा सुनिश्चित गर्ने।
- विस्थापित मानिसहरूलाई आधारभूत स्वास्थ्य सम्बन्धी सामाग्री उपलब्ध गराइएको छ र खानेपानी, सरसफाइ तथा स्वास्थ्यसँग सम्बन्धित व्यावहारिक प्रचलनहरूका बारेमा उचित रूपमा जानकारी उपलब्ध गराइएको छ भन्ने कुरा सुनिश्चित गर्ने।
- सम्पूर्ण उपकरण तथा सुविधा उपलब्ध गराइएका छन् र विस्थापित मानिसहरू बस्ने शिविरहरूमा सुग्घर–सफा (Cleanliness) कायम गर्न तिनको सशक्तिकरण गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।

### ४.९.५ मानवीय सहयोगको न्यूनतम मापदण्ड

#### सुरक्षित पानी

- पिउने पानी २.५–३ लिटर प्रतिव्यक्ति प्रतिदिन, आधारभूत स्वच्छताका लागि २–६ लिटर प्रतिव्यक्ति प्रति दिन,आधारभुत खाना तयार गर्नका लागि ३–६ लिटर प्रतिव्यक्ति प्रतिदिन गरी जम्मा ७.५ देखि १५ लिटर प्रतिव्यक्ति प्रतिदिन,
- पानी संकलन गर्न जाने स्थान ५०० मिटर भन्दा टाढा हुन नहुने र पानी ल्याउन ३० मिनेटभन्दा बढी समय नलाग्ने, सार्वजनिक धारामा प्रतिधारा ७.५ लिटर प्रतिमिनेट प्रति २५० जनाको लागि पानी उपलब्ध गराउने,

- शिविरमा बस्ने विस्थापित मानिसहरू तथा घर तथा व्यक्तिगत सम्पत्ति नष्ट भएका व्यक्तिहरूका लागि पानी सङ्कलन तथा भण्डारण गर्नका लागि १० देखि २० लिटरसम्मको २ वटा बाल्टीन र पानी शुद्ध गर्नका लागि ३० दिनसम्म खानेपानी शुद्ध गर्ने ट्याब्लेट (Tablets) अथवा वाटर गार्ड (Waterguard) उपलब्ध गराउने ।
- **चर्पी** खानेपानीका श्रोतहरु प्रदुषित नहुने गरी गर्नुपर्ने र महिला, बालबालिका तथा फरक क्षमता भएकाहरुलाई सहज हुने गरी गरिनु पर्नेछ ।

### हाइजिन किट

- १ सेट प्रति परिवार
- प्रत्येक चर्पीमा साबुन, हार्पिक, ब्रस, फिनेल, वाल्टिन र मग राख्ने ।
- प्रति व्यक्ति प्रतिमहिना २५० ग्राम नुहाउने र २०० ग्राम कपडा धुने साबुन उपलब्ध गराउने ।
- ठोस फोहोर व्यवस्थापनको लागि प्रति १० घरको लागि १०० लिटर क्षमताको १ कन्टेनर १०० मिटर ।

## ४.९.६ पूर्वतयारी कार्ययोजनाः

- आवश्यकता अनुसार अस्थायी शौचालय तयार गर्ने,

| यी पूर्वाधार तयार गर्दा | क्रियाकलाप | जिम्मेवारी | सहयोगी | समय |
|---|---|---|---|---|
| १ | खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा काम गर्ने निकाय तथा संस्थाको पहिचान गरी सदस्य तह वा संस्था र तिनका प्रतिनिधिको पुनरावलोकन गर्ने | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, स्वास्थ्य क्षेत्र, | जेष्ठको दोस्रो हप्ता |
| २ | समुदाय स्थानान्तरण भएको वा शिविरमा तथा प्रभावित गाउँ/नगरपालिकामा स्वास्थ्य प्रबर्द्धनसँग सम्बन्धित संरचना निर्माण र खानेपानी सरसफाइको अवस्था अध्ययन गर्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | गाउँ/नगरपालिका, स्वास्थ्य क्षेत्र, अगैसस | आवश्यकतानुसार |
| ३ | विभिन्न संस्थाहरूसँग भएको सरसफाइ सामाग्रीहरूको मौज्दात विवरण संकलन गर्ने | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, स्वास्थ्य क्षेत्र, अगैसस | जेष्ठ मसान्तसम्म |
| ४ | Multi Cluster Rappid Assement को तालिममा सहभागी हुन सदस्य तोक्ने | क्षेत्र प्रमुख | | जिविव्यसले तोके अनुसार |
| ५ | पानी शुद्धिकरण र हाइजिन किट, साबुन पानीले हात धुने सम्वन्धी सरसफाइ अभियान । घरदैलो कार्यक्रम महिला स्वास्थ्य कार्यकर्ता परिचालन | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | गाउँ/नगरपालिका, स्वास्थ्य क्षेत्र, अ/गैसस | जेष्ठ मसान्तभित्र |
| ६ | क्षेत्रगत पुनरावलोकन बैठक आयोजना गरी सरसफाइ सम्बन्धी अनुशिक्षण सञ्चालन गर्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | गाउँ/नगरपालिका, अगैसस | जेष्ठ मसान्त |

| | | | | |
|---|---|---|---|---|
| ७ | जनचेतना अभिवृद्धिका लागि विभिन्न सङ्घ संस्थासँग भएका सूचना तथा संचारका सामानहरू संकलन, पुनरावलोकन र परिमार्जन गरी प्रकाशन गरी वितरण गर्ने र मौज्दात राख्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | गाउँ/नगरपालिका, अगैसस | रेडियोबाट जेष्ठ २० गतेदेखि भदौसम्म |
| ८ | खानेपानी तथा सरसफाइ संरचनाहरूको (चर्पी, स्नान घर आदि) र तालिमका नमूनाहरू स्तरीकरण गरी लागत निकाल्ने र क्षेत्रको बैठकबाट अनुमोदन गराई प्राविधिकहरूलाई अभिमुखीकरण गर्ने। | क्षेत्र प्रमुख र क्षेत्रका सदस्य , | गाउँ/नगरपालिका, स्वास्थ्य क्षेत्र, अगैसस | जेष्ठ मसान्त |
| ९ | खानेपानी, सरससफाइ तथा स्वच्छता प्रबर्द्धन सम्बन्धी तालिम प्राप्त व्यक्तिको सूची तयार गर्ने | क्षेत्र प्रमुख र सदस्य | गाउँ/नगरपालिका, | जेष्ठ मसान्त |
| १० | आपतकालीन स्वास्थ्य प्रबर्द्धन सम्बन्धी स्वास्थ्य क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीलाई तालिम दिने | क्षेत्र प्रमुख र सदस्य | गाउँ/नगरपालिका, अगैसस | चैत मसान्तभित्र |

### ४.९.७ विपद् प्रतिकार्य कार्ययोजनाः

| समय अवधि | क्रियाकलापहरु | मुख्य जिम्मेवारी | सहयोगी संस्था | अनुमानित लागत |
|---|---|---|---|---|
| पहिलो दिन | जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा सहभागी हुने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | |
| | सूचनाहरु संकलन र विश्लेषण गर्ने | " | " | |
| | क्षेत्रगत समूहको वैठक | " | " | |
| दोस्रो दिन | प्राप्त सूचना विश्लेषण। | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | |
| | उपलब्ध श्रोतको आधारमा प्रथम चरणको प्रतिकार्यको थालनी | " | गाउँ/नगरपालिका, रेडक्रस, अगैसस | |
| | स्थानीय श्रोतको परिचालन गरी शुद्ध खानेपानीको वितरण | " | " | |
| | पानी शुद्धिकरण गर्ने औषधीहरु वितरण | " | " | |
| | शुद्ध खानेपानीको वितरण | " | " | |
| | हाइजिन किट बक्स उपलव्ध गराउने | " | " | |
| | अस्थायी चर्पीहरुको निर्माण तथा पानी प्रयोग गर्ने भाँडाहरु वितरण | " | " | |
| पहिलो हप्ता | वास्तविक क्षतिको आधारमा खानेपानी व्यवस्थापनको योजना तयार पार्ने | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, रेडक्रस, अ/गैसस | |
| | पानी शुद्धिकरण गर्ने थप सामाग्री वितरण | " | " | |
| | वैकल्पिक श्रोतबाट खानेपानीको व्यवस्था | " | " | स्थलगत अध्ययन अनुसार |

| | | | | |
|---|---|---|---|---|
| | साधारण मर्मत गर्न सकिने खानेपानीको श्रोतहरुको मर्मत तथा पुन सञ्चालन गर्ने | " | " | स्थलगत अध्ययन अनुसार |
| | क्षतिको वास्तविक तथ्यांक संकलन तथा विश्लेषण | " | " | |
| | अस्थायी शौचालयको विस्तार | " | " | |
| | बाल्टिन, साबुन, जग आदि सामाग्रीहरुको व्यवस्थापन र वितरण | " | " | |
| | स्वास्थ्य सम्बन्धी जानकार व्यक्तिबाट परामर्श दिने | " | " | |
| | ठोस र तरल फोहोरमैला व्यवस्थापन गर्ने | " | " | |
| पहिलो महिना | अनुगमन टोली गठन तथा परिचालन | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | रु.२ लाख |
| | स्वास्थ्य तथा सरसफाई प्रर्वद्धनका लागि स्थानीय स्वयम्सेवक र महिला स्वास्थ्य स्वयम सेवकहरुलाई अभिमुखीकरण | " | गाउँ/नगरपालिका, रेडक्रस, अ/गैसस | |
| | स्वाथ्य शिक्षा सम्बन्धी जनचेतनामूलक कार्यहरु | " | " | |
| दोस्रो महिना | अन्य क्षेत्रसँग समन्वय गरी पूर्वाधारहरुको पुनर्निमाण गर्ने | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, रेडक्रस, अ/गैसस | स्थलगत अध्ययन अनुसार |

### ४.९.८ निकायगत स्रोतको आंकलनः

| सि.नं. | कार्यालय/संघ/संस्थाको नाम | आपतकालीन अवस्थामा उपलब्ध हुने | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | सामाग्रीको र राहत सामाग्रीको नाम | संख्या (परिमाण) | सामाग्री चालु अवस्था | सामाग्री रहेका स्थान | |
| १ | नेपाल रेडक्रस सोसाइटी, पाल्पा | खानेपानी ट्यांकी ५ हजार लि.को | ४ वटा | | | |
| | | हाइजिन किट | २० सेट | | | |
| | | शौचालय सरसफाइ सामाग्री | ३० सेट | | | |
| ४ | सम्वन्धित स्थानीय तह | पाइप फिटिङ | १ लाख | | | |
| | | पोली ट्यांकी ५०० लि | १० वटा | | | |
| | | ब्लिचिङ पाउडर | १०० केजी | | | |
| | | पिउस | १०० थान | | | |
| | | पानी शुद्धिकरण सामाग्री | ५० थान | | | |
| | | आपतकालीन शौचालय | ५० थान | | | |
| | | शौचालय सरसफाइ सामाग्री | ५० थान | | | |
| | | IEC सामाग्री | १०० थान | | | |
| | | हाइजिन किट | ५० वटा | | | |
| | | पानी ट्यांकी | १० वटा | | | |
| | | आपतकालीन शौचालय | ५० वटा | | | |
| ५ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | खानेपानी तथा फिटिङ सामाग्रीहरु | आवश्यकता अनुसार | | | |

### ४.१०विषयगत क्षेत्र:स्वास्थ्य तथा पोषण

**नेतृत्व गर्ने निकाय:**जिल्लामा नेतृत्व गर्ने निकाय नगरपालिका तथा गाउँपालिका अन्तर्गत रहने भएकोले सम्बन्धित नगरपालिका तथा गाउँपालिका नै यस क्षेत्रको नेतृत्व गर्ने निकाय हुनेछ।

### ४.१०.१ क्षेत्रगत सदस्यहरूको सूची:-

| क्र.सं | क्षेत्रगत सदस्यहरूको नाम | सम्पर्क व्यक्ति | टेलिफोन नम्बर | इमेल |
|---|---|---|---|---|
| १ | तानसेन नगरपालिका, पाल्पा | प्रमुख | ९८५७०६०३५३ | ito.tansenmun@gmail.com |
| २ | स्वास्थ्य कार्यालय, पाल्पा | प्रमुख | ९८४८४८२८९८ | dhopalpa1@gmil.com |
| ३ | पाल्पा अस्पताल, पाल्पा | प्रमुख | ९८५७०७७१५४ | palpahospitalnepal@gmail.com |
| ४ | नेपाल रेडक्रस सोसाइटी, पाल्पा | सभापति | ९८४७०२८०२६ | nrcspalpa27@gmail.com |
| ५ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, पाल्पा | अध्यक्ष | ९८५७०२११४६ | wssdo1.palpa@gmail.com |
| ६ | नेपाल परिवार नियोजन संघ | प्रतिनिधि | ०७५-५२०७२३<br>९८५७०६५७२३ | |
| ७ | हेफर इन्टरनेशनल | प्रतिनिधि | | |

### ४.१०.२ विपद्पश्चातको सम्भावित परिदृष्य:

- व्यक्तिको मृत्यु हुने,
- घाइते हुनु चोटपटक लाग्ने,
- भौतिक संरचनाहरु भत्किएर च्यापिने वा पुरिने,
- सडक अबरुद्ध भई आकस्मिक स्वास्थ्य सेवाको अभाव,
- स्वास्थ्य संस्थामा उपलब्ध सेवाको अपर्याप्तता,
- खानेकुराको अभाव तथा असुरक्षा,
- सुत्केरी, बालबालिका तथा बृद्धबृद्धाका स्वास्थ्यमा असर,
- झाडापखाला, हैजा तथा महामारीको खतरा।

### ४.१०.३ समष्टिगत उद्देश्य:

विपद् पछिको अवस्थामा आकस्मिक उद्धार पश्चात् विभिन्न महामारी रोगको प्रकोप हुन सक्ने जोखिमलाई न्युनिकरण गरी बालबालिकाको नियमित खोप सेवालाई निरन्तरता दिने, कुपोषण हुनबाट बचाउन पोषणको प्रबर्द्धन गर्ने तथा आकस्मिक पोषण कार्यक्रम सञ्चालन गर्ने, गर्भवती, प्रसुति तथा सुत्केरी सम्बन्धी सेवाको सुनिश्चितता गर्ने एवम् अन्य स्वास्थ्य सेवालाई नियमित सञ्चालन गर्ने।

### ४.१०.४ विशिष्ट उद्देश्य:

**स्वास्थ्य**

- झाडा पखाला, हैजा, औलो तथा अन्य पानीजन्य एवं कीटजन्य रोगहरूको पर्याप्त रोकथाम तथा उपचार क्षमता सुनिश्चित गर्ने,
- अरू प्रारम्भिक द्रुत लेखाजोखा (Initial Rapid Assessment)सँग एकीकृत गरी स्वास्थ्य तथा पोषण (अवस्था तथा सेवाहरू) को द्रुत सर्वेक्षण क्षमतालाई सुदृढ पार्ने,
- रोग फैलन गएका खण्डमा सहयोग तथा लेखाजोखाका लागि क्षमता अभिवृद्धि गर्ने,

- आधारभूत स्वास्थ्य सेवाहरूमा निरन्तर पहुँच सुनिश्चित गर्न र स्वास्थ्य शिविरको सञ्चालन गर्ने र अर्को निकायमा पठाउने संयन्त्र (Referral Mechanism)को विकास गर्ने,
- पर्याप्त आपतकालीन आपूर्ति र मानव स्रोतलगायतका विषयमा शीघ्र क्षमता अभिवृद्धिका लागि सहयोग गर्ने
- आपतकालीन अवस्थामा आधारभूत स्वास्थ्य सेवाको सहज वितरण गर्ने तथा आकस्मिक यातायात सेवा सूचारु गर्ने

**पोषण**

- विस्थापित मानिसहरूका लागि पूरक खाना खुवाउने कार्यक्रममा पहुँचको माध्यमबाट गर्भवती तथा दूध खुवाउने महिला एवं पाँच वर्षमुनिका केटाकेटीहरूमा गम्भीर कुपोषणको वृद्धिलाई रोकथाम गर्न स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने,
- गम्भीर कुपोषणको उपचार तथा सेवामा निरन्तर पहुँच सुनिश्चित गर्न स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने,
- निरन्तर स्तनपान सुनिश्चित गर्न र अवाञ्छित स्तनपानका विकल्पहरूको वितरणमा रोक लगाउन स्वास्थ्य कार्यालयलाई मद्दत गर्ने,
- भिटामिन ए को वितरण/जुका मार्ने औषधि तथा प्रभावित बालबालिकाहरूका लागि खोप सम्बन्धी गतिविधिहरू सुनिश्चित गर्नका निमित्त स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने।

### ४.१०.५ मानवीय सहयोग सम्बन्धी न्यूनतम मापदण्डः

- प्रारम्भिक लेखाजोखा सञ्चालन गरिएकै समयमा स्वास्थ्य सम्बन्धी निगरानी शुरु हुन्छ।
- समुदायको तहमा रोग तथा चोट पटकको उपचार विद्यमान प्राथमिक स्वास्थ्य केन्द्रको प्रणालीको माध्यमबाट, स्वास्थ्य संस्थाहरूमा केही उपचार एवं थोरै संख्यामा गम्भीर बिरामीहरूलाई सिफारिश गरी अन्य केन्द्रहरू (Referral Centres) मा पठाई आपतकालीन स्वास्थ्य सेवा कार्यक्रमको कार्यान्वयन गरिनेछ।
- सिफारिस गरी पठाइने अन्य केन्द्रहरू (Referral Centres) मा पुग्नका निमित्त बिरामीहरूका लागि उपयुक्त यातायातको प्रबन्ध गरिनेछ।

### ४.१०.६ पूर्वतयारी कार्ययोजनाः

| क्र.स. | पूर्वतयारी सम्बन्धी क्रियाकलाप | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | क्षेत्रको बैठक आयोजना गरी सदस्यबीच कार्य विभाजन गर्ने र आपतकालिन स्वास्थ्य कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, गाउँ/नगरपालिका, रेडक्रस, स्वास्थ्य स्वयंसेवक | वैशाख |
| २ | बहुक्षेत्र प्रारम्भिक द्रुत लेखाजोखा (मिरा–MIRA) को लागि क्षेत्रको सदस्य तोक्ने | क्षेत्र प्रमुख | क्षेत्रको बैठक | वैशाख |
| ३ | जिल्लाका सरकारी, सामुदायिक तथा निजी स्वास्थ्य सेवा प्रदायक र उनीहरूसँग भएको स्रोतको सूची तयार गर्ने | कार्यदल | क्षेत्रका सदस्य, अ/गैसस, | वैशाख महिना |
| ४ | जिल्ला स्थित सरोकारवाला वा सहयोगी तह वा संस्थाको सूची र सहयोगको खाका तयार गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, रेडक्रस, अ/गैसस | जेष्ठ पहिलो साता |
| ५ | आपतकालीन अवस्थामा आवश्यक पर्ने औषधि (ORS, IV fludrs, metronidazole, ciprofloxacin) लगायत अनुसुचीमा उल्लेखित औषधीहरू ७ दिनको लागि पुग्ने गरी भण्डारण गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, गाउँ/नगरपालिका, रेडक्रस, अ/गैसस, | जेष्ठ |

| | | | | |
|---|---|---|---|---|
| ६ | आपतकालीन अवस्थाको लागि संकटासन्न गाउँ/नगरपालिकाको हरेक वडाहरुमा प्राथमिक उपचार बाकस (First Aid Kit) व्यवस्था गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, गाउँ/नगरपालिका, रेडक्रस, अ/गैसस, | जेष्ठ |
| ७ | हरेक संकटासन्न गाउँ/नगरपालिकामा पोषण सम्बन्धी अनुशिक्षण तालिम उपलब्ध गराउने | कार्यदल | जिविव्यस, रेडक्रस, अ/गैसस | वैशाख |
| ८ | बच्चालाई दूध खुवाउने आमा, सुत्केरी र गर्भवती महिला, कुपोषित बालबालिका र जेष्ठनागरिकको लागि एक महिनालाई पुग्ने पोषणयुक्त खाना भण्डारण गर्ने | कार्यदल | जिविव्यस, रेडक्रस, अ/गैसस | जेष्ठ |
| ९ | आवश्यक सबै सामान खरिद गरेर वा माथिल्लो तहबाट निकासा लिएर भण्डारणको लागि बन्दोबस्ती क्षेत्रलाई आग्रह गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, गाउँ/नगरपालिका, रेडक्रस, अ/गैसस, | जेष्ठ |
| १० | स्वास्थ्य शिविर सञ्चालनका लागि स्वास्थ्यकर्मीको सूची तयार गर्ने | कार्यदल | जिविव्यस, रेडक्रस, अ/गैसस, | वैशाख |
| ११ | जनचेतना अभिवृद्धिका लागि सूचना प्रचार प्रसार गर्ने र पाठ्यसामाग्री तयार गरी स्वयम्सेवक परिचालन गर्ने | कार्यदल | जिविव्यस, रेडक्रस, अ/गैसस, | |
| १२ | एम्बुलेन्सको सहज परिचालनको बन्दोवस्त मिलाउने जिल्लाभित्र रहेका एम्बुलेन्सहरूको सम्पर्क नम्बर सहित सुची तयार पार्ने | कार्यदल | गाउँ/नगरपालिका, रेडक्रस, अ/गैसस तथा अन्य सेवा प्रदायक संस्थाहरू | जेष्ठको दोस्रो |
| १३ | अनुगमन र प्रतिवेदनको लागि सदस्य तोक्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | जेष्ठ मसान्त |
| १४ | Contact Tracingको संयन्त्र तयार गर्ने र अध्यावधिक गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | जेष्ठ मसान्त |
| १५ | आपतकालीन अवस्थामा औषधी तथा उपकरणहरु खरिद गर्न स्थानीय तहसँग समन्वय गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | असार मसान्त |
| १६ | प्रत्येक गाउँपालिका/नगरपालिकामा आवश्यकता अनुसार आइसोलेसन बेड तयार गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य तथा स्थानीय तह | जेष्ठ मसान्त |
| १७ | कोभिड १९ को रोकथाम सम्बन्धी सन्देशहरु स्थानीय एफ.एम. रेडियोबाट प्रसारण गर्ने | क्षेत्र प्रमुख | स्थानीय तह, अ/गैसस | निरन्तर |
| १९ | सार्वजनिक स्थलहरुमा साबुन पानीले हात धुने प्रबन्ध मिलाउने | क्षेत्र प्रमुख | स्थानीय तह, अ/गैसस | निरन्तर |
| २० | गुणस्तरीय मास्क, सेनिटाइजर, पञ्जा लगायत व्यक्तिगत सुरक्षाका सामाग्रीहरुको व्यवस्था गर्ने | क्षेत्र प्रमुख | स्थानीय तह, अ/गैसस | निरन्तर |

### ४.१०.७ विपद् प्रतिकार्य कार्ययोजनाः

| समय अवधि | क्रियाकलापहरु | मुख्य जिम्मेवारी | सहयोगी संस्था | अनुमानित लागत |
|---|---|---|---|---|
| पहिलो दिन | जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा सहभागी भई सूचना आदान प्रदान गर्ने, विपद् सम्पर्क व्यक्तिहरुले सर्वेक्षण, समन्वय, सूचना तथा पूर्वचेतावनी विषयगत क्षेत्रसँग निरन्तर सूचना र निर्देशनका लागि समन्वयमा रही रहने र प्रगति विवरणको जानकारी गराउने। | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, स्वास्थ्य संस्था, रेडक्रस तथा संघसंस्थाहरु | |
| | जानकारीको सङ्कलन तथा परिस्थितिलाई अद्यावधिक गर्नका लागि मुख्य प्रकोपको जानकारी प्राप्त भएपछि Rapid Response Team (RRT) को बैठक गर्ने | " | RRTसदस्य | |
| | विषयगत अगुवा संस्था तथा सहयोगी संस्थाहरुको बैठक गरी प्रकोपको जानकारी संकलनको लागि CRRT लाई निर्देशन दिने | " | EDCD | |
| | प्रकोपको रोकथाम, नियन्त्रणका लागि स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको वैठक गर्ने | " | क्षेत्र सदस्य | |
| | जिल्लाको विपद् प्रभावित क्षेत्रमा CRRT/RRT को परिचालन गर्ने | " | गाउँ/नगरपालिका | |
| | घाइतेहरुको आपतकालिन व्यवस्थापन | " | गाउँ/नगरपालिका, स्वास्थ्य संस्था, रेडक्रस | |
| | संचार माध्यम वाट सूचना सन्देश प्रसारण गर्ने | " | गाउँ/नगरपालिका र संचार गृह | |
| | प्रेषण गर्नुपर्ने Case हरुको लागि एम्बुलेन्स तथा अन्य यातायात साधनको व्यवस्था गर्ने | " | गाउँ/नगरपालिका, स्वास्थ्य संस्था, रेडक्रस र यातायात कम्पनीहरु | |
| | गर्भवती, सुत्केरी र वालवालिकाको लागि पोषणयुक्त खानाको व्यवस्था गर्न खाद्य र संरक्षण क्षेत्र लगायत अन्य गैससँग समन्वय गरी उपलब्ध गराउने | " | जिसस, गाउँ/नगरपालिका, स्वास्थ्य संस्था, रेडक्रस र अ/गैसस | |
| दोस्रो दिन | प्रकोप प्रभावित क्षेत्रमा शीघ्र स्वास्थ्य सर्वेक्षण गर्ने | क्षेत्र प्रमुख | क्षेत्र सदस्य, गाउँ/नगरपालिका, रेडक्रस र अ/गैसस | |
| | सम्बन्धित क्षेत्रमा स्वास्थ्य कार्यकर्ता खटाई स्वास्थ्य सेवा उपलब्ध गराउने | | जिसस, गाउँ/नगरपालिका, स्वास्थ्य संस्था, रेडक्रस र अगैसस | |

| | | | | |
|---|---|---|---|---|
| | स्वास्थ्य कार्यकर्ताको टोलीलाई आवश्यक औषधीहरु आपूर्ति गर्ने | | | |
| | Contact Tracing को लागि समूह परिचालन गरी अति आवश्यकीय सूचनाहरु संकलन गर्ने | | | |
| | सुरक्षा निकायसँग समन्वय गरी प्रभावित परिवारलाई सुरक्षा दिने | | | |
| पहिलो हप्ता | अन्य विषयगत क्षेत्रसँग मिली बहुक्षेत्रीय प्रारम्भिक द्रुत लेखाजोखा (MIRA) संचालन गर्ने, | क्षेत्र प्रमुख | क्षेत्र सदस्य | |
| | द्रुत लेखाजोखाको सूचनालाई विश्लेषण गर्र्ने | " | क्षेत्र सदस्य | |
| | प्रतिवेदन तयार गर्ने तथा वितरण गर्ने | " | क्षेत्र सदस्य | |
| | अनुगमनबाट प्राप्त नतिजालाई जिल्ला दैवी प्रकोप उद्धार समिति र अन्य क्षेत्रका सदस्यलाई जानकारी गराउने र आवश्यक परेमा तत्काल कार्य योजना बनाई कार्य गर्ने | " | गाउँ/नगरपालिका, स्वास्थ्य संस्था, रेडक्रस र अगैसस | |
| | नगरपालीका र गा.वि.स स्तरमा मृतक शरिरको पहिचान गरी सम्बन्धित आफन्त मिलि शवको अन्त्येष्टी | " | क्षेत्र सदस्य, गाउँ/नगरपालिका | |
| | प्रभावित क्षेत्रमा गर्भवती/प्रसुती सेवा संचालन गर्ने (Minimum Issential Service Package) | " | " | |
| | प्रभावित परिवारलाई आधारभूत स्वास्थ्य सेवाको प्रवन्ध गर्ने | " | " | |
| पहिलो महिना | प्रभावित क्षेत्रमा अति जोखिमपूर्ण समूहको पहिचान गर्ने र पहिचान गरिएका अति जोखिम पूर्ण समूहलाई बिशेष निगरानी तथा स्वास्थ्य सेवा उपलब्ध गराउने। | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, स्वास्थ्य संस्था, रेडक्रस र अगैसस | |
| | परिवार नियोजन, यौनरोग तथा एच.आई.भि.एड्स का वारेमा जनचेतना कार्यक्रम संचालन तथा अस्थायी साधन वितरण । | " | " | |
| | खोप (Immunization) सेवा कार्यक्रम संचालन गर्ने | " | " | |
| दोस्रो महिना | कुपोषणमा परेका वालवालिकाहरुको पहिचान | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, स्वास्थ्य संस्था, रेडक्रस र अगैसस | |
| | प्रभावित क्षेत्रमा स्वास्थ्य शिक्षा कार्यक्रमहरु संचालन गरी चेतना अभिवृद्धि गर्ने | " | " | |
| | संरक्षण क्षेत्रसँग समन्वय गरी मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने, | " | " | |

| | | | | |
|---|---|---|---|---|
| | प्रभावित क्षेत्रका अस्थायी स्वास्थ्य शिविरमा शुद्ध खानेपानी, शौचालय, सरसफाईको व्यवस्थापन गर्न खानेपानी तथा सरसफाई क्षेत्रसँग समन्वय गरी उपलब्ध गराउने | " | " | |
| | नियमित अनुगमन गर्ने | " | " | |

### ४.१०.८ निकायगत स्रोतको आंकलनः-

| सि. नं. | कार्यालय/संघ/संस्थाको नाम | आपतकालीन अवस्थामा उपलब्ध हुने | | | | मानव संशाधन | | कैफियत (उपलब्धता) |
|---|---|---|---|---|---|---|---|---|
| | | सामाग्रीको र राहत सामाग्रीको नाम | संख्या(परिमाण) | सामाग्रको अवस्था | सामाग्री रहेको स्थान | संख्या | सम्पर्क विवरण (मो. र फो.) | |
| १ | स्वास्थ्य कार्यालय, पाल्पा | | | | | | ९८४८४८२८९८ | |
| २ | नेपाल रेडक्रस सोसाइटी, पाल्पा | स्ट्रेचर तथा एम्बुलेन्स सेवा | आवश्यक तानुसार | चालू | पाल्पा | ३० जना | ९८५७०६२७९७ | जिल्ला भरि |
| ३ | नेपाल परिवार नियोजन संघ | | | | | | ०७५-५२०७२३<br>९८५७०६५७२३ | |
| ४ | हेफर इन्टरनेशनल | | | | | | | |

### ४.११ विषयगतक्षेत्र:शिक्षा

**नेतृत्व गर्ने निकाय:** जिल्लामा नेतृत्व गर्ने निकाय नगरपालिका तथा गाउँपालिकाअन्तर्गत रहने भएकोले सम्बन्धित नगरपालिका तथा गाउँपालिका नै यस क्षेत्रको नेतृत्व गर्ने निकाय हुनेछ।

### ४.११.१ क्षेत्रगत सदस्यहरूको सूची:-

| सि.नं. | क्षेत्रगत सदस्यहरुको नाम | पद | टेलिफोन नम्बर | इमेल |
|---|---|---|---|---|
| १ | शिक्षा विकास तथा समन्वय इकाइ, पाल्पा | इकाइ प्रमुख | ९८५७०६५९८० | |
| २ | सवै स्थानीय तहका शिक्षा शाखा प्रमुख | - | - | |
| ३ | नेपाल रेडक्रस सोसाइटी, पाल्पा | सभापति | ९८५७०६२७९७ | |
| ४ | प्याव्सन | जिल्ला अध्यक्ष | ९८४७०२८९३५ | |
| ५ | एनप्याव्सन | जिल्ला अध्यक्ष | | |
| ६ | नेपाल शिक्षक महासंघ | जिल्ला अध्यक्ष | ९८५७०६०६५१ | |

### ४.११२ विपद् पश्चातको सम्भावित परिदृष्य:

- शिक्षक विद्यार्थीहरु हताहत तथा जनको क्षति,
- विद्यालयमा रहेका शैक्षिक सामाग्री नष्ट हुन सक्ने,
- विद्यालय भवन अस्थायी बास स्थानका रुपमा प्रयोग हुने,
- विद्यालय भवन पहिरोमा पर्न सक्ने,
- अस्थायी शिविरहरुमा बालबालिकाहरु मानसिक, शारीरिक रुपले प्रताडित हुन सक्ने,
- विद्यार्थीको घर पहिरो तथा डुवानमा पर्दा पाठ्यपुस्तक तथा अन्य शैक्षिक सामाग्री नष्ट हुन सक्ने,
- बाढी पश्चात् झाडा पखाला जस्ता महामारी हुन सक्ने।

### ४.११.३ समष्टिगत उद्देश्य:

विपद् प्रभावित बालबालिकाहरु र आश्रय दिएर बसेका समुदायको बालबालिकाहरुको शिक्षा प्राप्त गरी सुरक्षित भविष्य निर्माण गर्ने अधिकार अस्थायी वा स्थायी आवास स्थलहरुमा अल्पकालीन वा दीर्घकालीन रुपमा अथवा औपचारिक वा अनौपचारिक रुपमा कक्षा संचालन गरी शिक्षा सेवालाई निरन्तरता दिने।

### ४.११.४ विशिष्ट उद्देश्य:

- विपद्बाट हुने क्षति न्यूनिकरण गर्न अल्पीकरण तथा पूर्वतयारीमा ध्यान दिने,
- विपद् आउन सक्ने सम्भावित स्थानको पहिचान तथा सुरक्षित स्थानको पहिचान गरी क्षति न्यूनिकरण गर्न सहयोग गर्ने,
- विपद्लाई अल्पिकरण गर्न विभिन्न तरिका अपनाउन सहयोग गर्ने,
- विपद्पश्चात तत्काल तथ्यांङ्क संकलन गरी शिक्षा व्यवस्थापनमा सहयोग गर्ने,
- विपद्का क्रममा सुरक्षित भएर बस्न सिकाउने,
- विपद्मा सहयोग गर्ने समूह पहिचान गर्ने,

- विपद्पश्चातको शिक्षा व्यवस्थापनमा सबै सरोकारवालाको क्षमता संकलन गरी समयमै सबै सहयोगी संस्थाहरुको सहयोग एकद्वार प्रणाली मार्फत अगाडि वढाउने,
- विपद् व्यवस्थापनको क्षेत्रमा आवश्यक सवै क्रियाकलाप नियमानुसार गर्न र समग्र शिक्षा समूहको समन्वयात्मक व्यवस्थापन गर्ने।

### ४.११.५ पूर्वतयारी कार्ययोजना:

| क्र. सं. | पूर्वतयारी सम्बन्धी क्रियाकलाप | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | शिक्षा क्षेत्रको बैठक गरी विभिन्न क्षेत्रको विश्लेषण गरी आपतकालीन शैक्षिक कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | शैक्षिक सत्रको शुरुमा |
| २ | जोखिम पूर्ण क्षेत्रका विद्यालय तथा विद्यार्थी र शिक्षकको तथ्याङ्क संकलन र विश्लेषण गर्ने | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, शिविसइ, क्षेत्रका सदस्य | जेष्ठ मसान्त |
| ३ | मिरा (MIRA) अभिमुखिकरण कार्यमा सहभागी हुने | क्षेत्र प्रमुख | जिविव्यस, क्षेत्रका सदस्य | जिविव्यसले आह्वान गरेपछि |
| ४ | सुरक्षित स्थानको लागि<br>त्रिपालको व्यवस्थापन (आवश्यकता अनुसार)<br>चकटी वा म्याट्रेक्स र कार्पेटको आवश्यकता अनुसार व्यवस्था गर्ने<br>शैक्षिक सामाग्री वितरण (३ देखि ५ वर्ष उमेर समूहका लागि) | क्षेत्र प्रमुख र सदस्य | जिविव्यस, गाउँ/नगरपालिका, शिविसइ, अ/गैसस, आवास तथा गैरखाद्य क्षेत्र | आवश्यकता अनुसार |
| ५ | सिकाई केन्द्र ( Learning Center) का लागि निम्न सामाग्रीको आवश्यकता अनुसार बन्दोबस्त गर्ने (त्रिपाल, शिक्षकको रोष्टर तयार गर्ने, विद्यालय किट, विद्यार्थी किट (पोशाक र स्टेशनरी),पाठ्य पुस्तक १ देखि ५ कक्षा) | शैक्षिक कार्यदल | गाउँ/नगरपालिका, शिविसइ, शिक्षक महासंघ, अ/गैसस, शिक्षा विभाग | जेष्ठ भित्र |
| ६ | कक्षा ६ देखि १० सम्मको लागि पाठ्यपुस्तक तथा विद्यार्थी किट | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, शिविसइ, अ/गैसस | |
| ७ | अनौपचारिक शिक्षा (८ देखि १४ वर्ष उमेर समूहका विद्यालय नगएका वालवालिकाहरूका लागि) | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, शिविसइ, अ/गैसस | आवश्यकता अनुसार |
| ८ | अनुगमनको लागि अनुगमन कार्यदल निर्माण गर्ने | क्षेत्र प्रमुख | क्षेत्र सदस्य तथा गाउँ/नगरपालिका, शिविसइ | आवश्यकता अनुसार |
| ९ | विपद् प्रभावित विद्यालयहरूलाई विद्यालय किटको(School kit)व्यवस्थापन गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, गाउँ/नगरपालिका, शिविसइ, अ/गैसस | आवश्यकता अनुसार |

| | | | | |
|---|---|---|---|---|
| १० | जोखिममा परेका विद्यालयहरूलाई जोखिम अल्पिकरण (Mitigation) कार्यक्रम सञ्चालन गर्न अनुरोध गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, गाउँ/नगरपालिका, शिविसइ, क्षेत्रका सदस्य | अनुगमनको रिपोर्ट प्राप्त भएपछि |
| ११ | विद्यालयका विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, तथा विद्यालय विपद् व्यवस्थापन समितिलाई विपद् सम्बन्धी प्रशिक्षण दिने | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, शिविसइ, अ/गैसस | नियमित कार्यक्रम अन्तर्गत राख्ने |

### ४.११.६ विपद् प्रतिकार्य कार्ययोजनाः

| समय अवधि | क्रियाकलापहरु | मुख्य जिम्मेवारी | सहयोगी संस्था | अनुमानित लागत |
|---|---|---|---|---|
| पहिलो दिन | जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा सहभागि भई जानकारी लिने दिने | क्षेत्र प्रमुख | क्षेत्रगत सदस्य | |
| | क्षेत्र बैठक र सम्पर्क व्यक्तिहरुलाई सूचना संकलनका लागि निर्देशन दिने | " | क्षेत्रगत सदस्य | |
| | शिक्षक, बिद्यार्थी र कर्मचारी, भौतिक अवस्थाहरुको यथार्थ जानकारी/सूचना समयमै जिल्ला शिक्षा कार्यालयमा उपलब्ध गराउने | " | क्षेत्रगत सदस्य | |
| | घाइते भएका विद्यार्थीहरु र शिक्षकहरु (विद्यालय समयमा विपद् भएको अवस्थामा) सम्बन्धमा तत्काल घटनास्थलमै प्राथमिक उपचारको व्यवस्था मिलाउने र सिकिस्त घाइतेलाई अस्पताल पठाउने | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, शिविसइ, विद्यालय, जुरेस, शिअसं | |
| दोस्रो दिन | स्रोत साधनको आंकलन गर्ने (आवश्यकता, लेखाजोखा र खाडल पहिचान गर्ने) बिषयगत क्षेत्रले घटनाको वस्तुगत विवरण तयार पार्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | क्षेत्रगत सदस्य | |
| पहिलो हप्ता | MIRA तथ्यांक विश्लेषण र सम्वन्धित निकायहरुलाई जानकारी गराई सम्भावित श्रोत (सहयोग) आंकलन गर्ने | " | गाउँ/नगरपालिका, शिविसइ, शिक्षक महासंघ, अ/गैसस | |
| | विस्तृत शिक्षा सर्भेक्षण र प्रतिवेदन तयारी गर्ने | " | " | |
| | बिद्यालय सुचारु गर्नका लागि तत्कालका लागि आवश्यक पर्ने सामाग्रीहरु उपलब्ध गराउने | " | गाउँ/नगरपालिका, शिविसइ, शिक्षक महासंघ, अ/गैसस, शिक्षा विभाग | |
| पहिलो महिना | प्राप्त तथ्यांक प्रतिवेदनबाट औल्याएका समस्याहरुको आधारमा सहयोग प्रदान गर्ने जस्तैः मनोविमर्श सहयोग, School Kit Boxतथा Temporary Learning Center (TLC)निर्माण | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, शिविसइ, शिक्षक महासंघ, अ/गैसस, | आवश्यकता अनुसार |

| | | | | |
|---|---|---|---|---|
| | आपतकालीन आवास तथा गैरखाद्य क्षेत्रसँग समन्वय गरी अस्थायी पठनपाठनका लागि सुरक्षित स्थान निर्धारण गर्ने | " | " | |
| | विद्यालय पुनः संचालन गर्ने र सबै विद्यार्थीलाई विद्यालयमा पुनःल्याउने वातावरण तयार गरी उनीहरूको दैनिक जीवनलाई सामान्य बनाउन सहयोग गर्ने | " | " | |
| दोस्रो महिना | पहिलाको जस्तै नियमित अवस्थामा आउनका लागि नियमित रुपमा प्रतिकार्यका कार्यहरु तथा अवस्था विश्लेषण गरी थप कार्यहरु सञ्चालन गर्ने | क्षेत्र प्रमुख | गाउँ/नगरपालिका, शिविसइ, शिक्षक महासंघ, अ/गैसस, | |
| | शिक्षा क्षेत्रमा कार्यरत संघ संस्था र कार्यालयहरुले भई रहेका कार्यहरुको अनुगमन गर्ने | " | " | |
| | विपद् जोखिम न्यूनिकरणको कार्यक्रम कार्यान्वयन गर्न आर्थिक स्रोत व्यवस्थापन गर्ने एकद्वार संयन्त्रको कार्यान्वयन गर्ने | " | " | |

## ४.१२ विषयगत क्षेत्र:संरक्षण

### नेतृत्व गर्ने निकाय:जिल्ला प्रशासन कार्यालय, पाल्पा

### ४.१२.१ क्षेत्रगत सदस्यहरूको सूची:

| सि.नं. | साझेदार संस्थाको नाम | सम्पर्क व्यक्ति | पद | सम्पर्क नम्बर | इमेल |
|---|---|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय, पाल्पा | भक्ति सरा राना | सहायक प्रमुख जिल्ला अधिकारी | ९८५७०६०३३३ | |
| २. | जिल्ला प्रहरी कार्यालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र, पाल्पा | विष्णु न्यौपाने | प्रहरी सहायक निरिक्षक | ९८४७१९२९४४ | |
| ३. | नेपाल रेडक्रस सोसाइटी, पाल्पा | बाबुराम कार्की | सभापति | ९८५७०६२७९७ | |
| ४. | जिल्ला कानूनी सहायता समिति, पाल्पा | जीत बहादुर लामिछाने | अधिवक्ता | ९८४७०२९९३१ | |
| ५. | नेपाल वार एशोसिएशन | विनोद कार्की | अध्यक्ष | ९८५७०६०९४० | |
| ६. | ग्रामिण विकासका लागि सहयोगी हातहरु | | प्रतिनिधि | ९८४७०४३१२७ | |
| ७. | सृजनशिल अपाङ्ग स्वावलम्वन | सन्दिप भट्टराई | प्रतिनिधि | ९८५७०६०८१८ | |
| ८. | सी.वि.आर.पाल्पा | कृष्ण गहतराज | प्रतिनिधि | ९८४७०९८८५० | |

### ४.१२.२ विपद् पश्चातको सम्भावित परिदृष्य:

- प्रभावितहरुमा पारिवारिक बिछोड तथा बालबालिकाहरुमा अभिभावक विहीनता,
- मानसिक तनाव, मनोवैज्ञानिक असर,
- बाल अधिकार तथा श्रम शोषणको अवस्थामा वृद्धि,
- शारीरिक तथा लैंगिक हिंसामा वृद्धि,

- मानव वेचविखन तथा ओसारपसारको जोखिममा वृद्धि,
- घाइते, गर्भवती तथा सुत्केरी महिला, बालबालिका, अपांङ्गता भएका व्यक्ति, दीर्घ रोगीहरु तथा ज्येष्ठ नागरिकहरुको अवस्था झन् जटिल हुने,
- विद्यालय बन्द, शैक्षिक अवसरहरुमा अवरोध,
- बालबालिका तथा महिलाहरुको बढ्दो अनुचित प्रयोग, श्रम तथा यौन शोषण,
- सामना गर्ने संयन्त्रमा अवरोध,
- भेदभाव तथा लान्छनाको अवस्थामा वृद्धि,
- शान्ति सुरक्षाको अभाव तथा असुरक्षित वातावरण,
- सुरक्षित सुत्केरी हुने तथा स्वास्थ्य उपचार गर्ने ठाउँको अभाव,
- किशोरी तथा महिलाको प्रजनन् स्वास्थ्यमा नकारात्मक असर,
- मानवीय सहयोगमा पहुँच नहुनु अथवा पहुँच अपर्याप्त हुनु ।

### ४.१२.३ समष्टिगत उद्देश्य:

संरक्षणको जोखिममा रहेका समूहहरुलाई आपतकालिन परिस्थितिको कारणबाट उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार तथा लान्छनाबाट संरक्षण प्रदान गर्ने ।

### ४.१२.४ विशिष्ट उद्देश्य:

- नेपालका प्राकृतिक विपद् तथा अन्य आपतकालिन परिस्थितिहरुमा उपलब्ध गराइने सहयोग कार्यक्रमहरुमा जोखिममा रहेका समूहहरुका लागि मानव अधिकार सम्बन्धी कानुन, अन्तर्राष्ट्रिय मानवीय कानुन तथा राष्ट्रिय कानुनले प्रत्याभूत गरेका मौलिक अधिकारहरुको संरक्षण गर्दछन् भन्ने कुरा सुनिश्चित हुने,
- जोखिममा रहेका समूहहरुको संरक्षण सुनिश्चित गरी आपतकालिन सहयोगको न्यायोचित वितरण प्रणाली स्थापित गर्ने,
- आपतकालिन परिस्थतिबाट उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार तथा लान्छनाका जोखिमहरुलाई सम्बोधन गरी विपद्बाट प्रभावित व्यक्तिहरुको संरक्षण गर्ने र त्यस्ता दुर्व्यवहारबाट प्रभावित व्यक्तिहरुका लागि सेवा तथा संरक्षण प्रदान गर्ने,
- बालमैत्री, किशोर किशोरी मैत्री, महिला मैत्री, अपाङ्गता मैत्री तथा ज्येष्ठ नागरिक लगायत अन्य संरक्षण आवश्यक व्यक्तिहरुलाई सुरक्षित आवास, सुरक्षित सुत्केरी गृह तथा मनोसामाजिक परामर्श सम्बन्धी सहयोग पुर्याउने,
- विछोड भएका बालबालिका तथा किशोर किशोरीहरुको पहिचान, दर्ता तथा स्वास्थ्य  सम्बन्धी जाँचका बारेमा सहयोग र त्यस्तो सहयोगपछि उपयुक्त सेवा तथा संरक्षणका सुविधासहित परिवारको खोजी तथा पूनर्मिलन गर्ने कार्य सुनिश्चित गर्ने,
- यौन दुर्व्यवहार र तथा हिंसा विरुद्धका घट्नाको अनुगमन, प्रतिवेदन तथा पैरवी गर्ने प्रणालीको स्थापना गरि बालबालिका तथा महिलाहरुको यौन दुर्व्यवहार तथा शोषणको रोकथाम गर्ने ।

### ४.१२.५ मानवीय सहयोगको न्यूनतम मापदण्ड:

- प्रभावित जनसमुदायको अधिकारको उल्लङ्घन, दुर्व्यवहार तथा शोषण अथवा भेदभावको अनुगमन गर्ने र प्रतिवेदन पेश गर्ने संयन्त्रको स्थापना गर्ने र स्थापित संयन्त्रलाई प्रयोगमा ल्याउने,
- बिभिन्न समुदायका सदस्यहरुबाट, विशेषतः अति गरीब तथा पछाडि पारिएका समूहले मानवीय सहयोग तथा आधारभूत सेवा सुविधामा समान पहुँच र सहयोग पाए नपाएको अनुगमन गर्ने,
- साझेदारहरू बीच अभिलेख राख्ने तथा दर्ता गर्ने प्रणालीमा एकरूपता सुनिश्चित गर्ने,
- बालमैत्री तथा महिलामैत्री स्थलको स्थापना गर्ने,

- शिक्षा, स्वास्थ्य तथा संरक्षण सम्बन्धी सहयोग कार्यक्रममा मनोसामाजिक सहयोगलाई एकिकरण गर्ने,
- संरक्षण गर्ने व्यक्तिहरूबाट बालबालिकाहरू बिछोडिने कार्यको रोकथाममा सहयोग गर्ने,
- विछोडिएका तथा परिवार साथ नभएका बालबालिकाहरू, खास गरी पाँच वर्षभन्दा कम उमेरका बालबालिका तथा किशोरीहरूको पहिचान, दर्ता तथा स्वास्थ्य जाँचको सहजीकरण गर्ने र खोजी तथा पुनर्मिलनमा संलग्न साझेदारहरूलाई सहयोग उपलब्ध गराउने,
- परिवारबाट बिछडिएका तथा साथ नभएका बालबालिका, महिला, किशोरकिशोरी र अन्य जोखिममा परेका समूह जस्तैः परिवार नभएका, बृद्ध, अपांगता भएका तथा दीर्घ रोगबाट पीडित समूहका मानिसहरुलाई हेरचाह तथा संरक्षण प्रदान गर्ने,
- मानवीय सहयोग तथा स्थायी समाधानका बारेमा आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूलाई नियमित रूपमा सूचनाको प्रवाह भइरहेको छ भन्ने कुरा सुनिश्चित गर्ने,
- फिर्ता हुने कार्यक्रम तथा स्थायी समाधानको तर्जुमा गर्ने कार्यमा आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूलाई संलग्न बनाउन प्रयास गर्ने,
- लैङ्गिक हिंसामा परेका महिला, बालबालिका तथा लैङ्गिक अल्पसंख्यकहरुलाई सेवा, सुरक्षा, संरक्षण प्रदान गरी सम्बन्धित सेवा केन्द्रसम्म पुरयाउने निकायको क्षमता अभिबृद्धि गरी परिचालन गर्ने।

### ४.१२.६ पूर्वतयारी कार्ययोजनाः

| क्र.सं. | पूर्वतयारी क्रियाकलाप | जिम्मेवारी | सहयोगी | समय |
|---|---|---|---|---|
| १ | समन्वय बैठक गरी सदस्यहरूको विवरण अध्यावधिक गर्ने | क्षेत्रगत प्रमुख | नेपाल रेडक्रस सोसाईटी | वैशाख मसान्त |
| २ | सामुदायिक मनोसामाजिक कार्यकर्ता, मनोविमर्शकर्ता, सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको रेकर्ड तथा सूचना अध्यावधिक गर्ने | क्षेत्रगत प्रमुख | पाल्पा अस्पताल,CBR पाल्पा | वैशाख मसान्त |
| ३ | गर्भवती तथा सुत्केरी आमाको लागि सुरक्षित स्थानको व्यवस्थापन गर्नका लागि स्वास्थ्य क्षेत्रसँग समन्वय | क्षेत्रगत प्रमुख | स्थानीय तह, स्वास्थ्य कार्यालय, विभिन्न साझेदार निकायहरु | नियमित |
| ४ | प्रभावितका लागि सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छताको रेखदेख, मनोसामाजिक सेवाको लागि कार्यदल गठन | क्षेत्रगत प्रमुख | स्थानीय तह, विभिन्न साझेदार निकायहरु | आषाढ पहिलो हप्ता |
| ५ | सञ्चालित कार्यक्रममा बाल संरक्षणको विषय समावेश गर्न समन्वय गर्ने | क्षेत्रगत प्रमुख तथा तोकिएको सदस्य | स्थानीय तह | आषाढ पहिलो हप्ता |
| ६ | विभिन्न सूचना सामाग्रीहरु प्रकाशन/ अध्यावधिक गरी परिमार्जन गर्ने | क्षेत्रगत प्रमुख तथा तोकिएको सदस्य | विभिन्न साझेदार निकायहरु | बैशाखभित्र |
| ७ | सिफारिस संयन्त्र स्थापनामा समन्वयः पुनःस्थापना केन्द्र, कानूनी उपचार सेवा, स्वास्थ्य उपचार सेवाबारे पूर्व तयारी गर्ने | क्षेत्रगत प्रमुख तथा तोकिएको सदस्य | कानूनी सहायता समिति | निरन्तर |
| ८ | ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा जोखिममा पर्नसक्ने समूहलाई सचेतना अभिवृद्धि गर्ने | क्षेत्रगत प्रमुख तथा तोकिएको सदस्य | ज्येष्ठ नागरिक, अपाङ्गता कल्याण सघं, सवै सरोकार वालाहरु | आ.अ |

| | | | | |
|---|---|---|---|---|
| ९ | लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाहरुलाई सेवा प्रदान गर्न सुरक्षित आवास गृहको व्यवस्थापन गर्ने | क्षेत्रगत प्रमुख तथा तोकिएको सदस्य | अस्पताल, स्थानीय तह | निरन्तर |

### ४.१२.७ विपद् प्रतिकार्य कार्ययोजना

| समय अवधि | क्रियाकलापहरु | मुख्य जिम्मेवारी | सहयोगी संस्था | अनुमानित लागत |
|---|---|---|---|---|
| पहिलो दिन | जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा सहभागी भई जानकारी लिने दिने | क्षेत्रगत प्रमुख | क्षेत्रगत सदस्य | |
| | सम्पर्क व्यक्तिहरुलाई सुचना संकलनका लागि निर्देशन दिने | क्षेत्रगत प्रमुख | क्षेत्रगत सदस्य | |
| | बन्दोबस्ती व्यवस्थापन गर्ने | क्षेत्रगत प्रमुख | क्षेत्रगत सदस्य | |
| दोस्रो दिन | अन्य विषयगत क्षेत्रहरुसँग समन्वय गरी बहुक्षेत्रीय लेखाजोखा संचालन गर्ने | क्षेत्रगत प्रमुख | क्षेत्रगत सदस्य तथा साझेदार निकायहरु | |
| | संरक्षणको लेखाजोखा | क्षेत्रगत प्रमुख | क्षेत्रगत सदस्य तथा साझेदार निकायहरु | |
| पहिलो हप्ता | विभिन्न स्रोत तथा निकायबाट प्राप्त जानकारीको विश्लेषण गरी प्रारम्भिक मानवीय सहयोगको योजना सहित अवस्थाको प्रतिवेदन तयार पार्ने | क्षेत्रगत प्रमुखर अनुगमन तथा मुल्यङ्गन समिति | जिविव्यसले तोकेका सदस्यहरु/ अन्य क्षेत्रगत समितिका सदस्यहरु | |
| | तत्काल उपलब्ध गराइएका मानवीय सेवाहरुमा महिला बालबालिका, गर्भवती तथा सुत्केरी महिला, किशोर किशोरी, अपांगता भएका व्यक्तिहरु, वृद्धवृद्धाहरुको पहुँच भए नभएको सुनिश्चित गर्ने | क्षेत्रगत सदस्यहरु | साझेदार निकायहरु | |
| | मानवीय सहयोगको आवश्यकता देखिएका प्रभावित समुदायमा सेवा उपलब्धताको लागि पैरवी गर्ने | क्षेत्रगत प्रमुख | क्षेत्रगत सदस्य/साझेदार निकायहरु | |
| | स्रोतहरुको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजनाको समक्षा गर्ने | क्षेत्रगत प्रमुख | रेडक्रस /साझेदार निकायहरु | |
| | संरक्षणका विभिन्न क्रियाकलापका लागि विभिन्न निकायहरुबाट प्राप्त सहयोगका लागि गरिएका प्रतिवद्धताको कार्यान्वयन गर्न समन्वय गर्ने गराउने | क्षेत्रगत प्रमुख | रेडक्रस/क्षेत्रगत सदस्य | |
| | मानवीय सहयोगको प्रर्याप्तताको समिक्षा, अनुगमन र सुधारका लागि पृष्ठपोषण उपलब्ध गराउने | क्षेत्रगत प्रमुखर अनुगमन तथा मुल्यङ्गन समिति | क्षेत्रगत सदस्य/साझेदार निकायहरु | |
| पहिलो महिना | जोखिममा रहेका समूहहरुलाई पहिलो १५ दिन भित्र तत्कालीन मानवीय सहयोग उपलब्ध गराउने | क्षेत्रगत प्रमुख | क्षेत्रगत सदस्यहरु/रेडक्रस/साझेदार निकायहरु | |
| | सुत्केरी र ६ महिना सम्मका बच्चाका आमाहरुका लागि आवश्यक सामाग्रीहरु वितरण गर्ने | क्षेत्रगत प्रमुख वा तोकिएको सदस्य | स्थानिय तह र साझेदार निकायहरु | |

| | | | | |
|---|---|---|---|---|
